- नगर भित्र सञ्चालनमा रहेका ५०० घरधूरी भन्दा बढी सेवाग्राही भएका ५ वटा खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई खानेपानी सफ्टेवयर र Water Meter Reader Device वितरण गरिएको र ३ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरुलाई सुरक्षित खानेपानी समुदाय घोषणा गरिएको छ ।
- खानेपानी ऐनको दफा १४ बमोजिम खानेपानी तथा सरसफाई संस्था नगरबाट नै दर्ता गरी हालसम्म ३ वटा खानेपानी संस्थालाई प्रमाणपत्र वितरण गरिएको र पालिकामा क्रियाशिल खानेपानी संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै प्रदेश सरकारको एक घर एक धाराको अभियानलाई सफलीभूत

पार्न आवश्यक पूर्वाधार निर्माण, संस्थागत विकास, खानेपानी तथा सरसफाइको क्षेत्रलाई बृहत सामाजिक विकासमा रुपान्तरण गरी WASH प्लान मार्फत अगाडी बढ्न आवश्यक पूर्वाधार खडा भएको छ।

## ६. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

- महिला, बालबालिका तथा सामाजिक समावेशीकरणतर्फ अधिकारमा आधारित विकास (Right Base Approach) अर्न्तगत लक्षित समूहलाई विभिन्न किसिमका सिप विकास तालिम, क्षमता विकासको लागि प्रविधि हस्तान्तरण तथा संस्कार, संस्कृति, परम्परा र रीति-रिवाज संरक्षण जस्ता कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिएको छ। जसबाट सिप विकास तर्फ १३३३ जना र सशक्तिकरण तथा सचेतना तर्फ ५६५२ जना लाभान्वित भएका छन्।

## ७. युवा, खेलकुद तथा नवप्रवर्तन

- युवा, खेलकुद तथा नवप्रवर्तनलाई अनुशासित विकासमा रुपान्तरण गर्दै आवश्यकता, चाहना र रूचीको आधारमा कार्यक्रम सञ्चालन गरिएको छ।
- राष्ट्पति रनिङ्गशील्ड प्रतियोगिता, तिलैराकोट गोल्डकप फुटवल प्रतियेगिता र मेयर कप फुटवल प्रतियोगिता, डोरीतान प्रतियोगिता, वडास्तरीय यूवा क्लब तथा सञ्जालहरुको रुचीको आधारमा खेलकूद कार्यक्रमहरु सम्पन्न भई प्रतिस्पर्धात्मक खेलकूदको विकास तथा यूवा जागरण सिर्जना गरिएको छ। नवप्रवर्तनतर्फ यूवा सशक्तिकरण र खोज अनुसन्धानलाई संस्थागत गर्ने प्रयत्न गरिएको छ।
- नगर युवा परिषद र खेलकुद विकास समितिलाई संस्थागत गर्ने प्रयत्न गरिएको छ।

## ८. सामाजिक सुरक्षा तथा पञ्जिकरण

- लक्षित समूह अर्न्तगत जेष्ठ नागरीक भत्ता सेवाबाट २४७४ पुरुष र २६१४ महिला गरी जम्मा ५०८८ जना, जेष्ठ नागरीक (दलित) तर्फ १९१ पुरुष र १५३ महिला गरी जम्मा ३४४ जना र जेष्ठ नागरीक एकल महिलातर्फ ७७७ जना, विधवा तर्फ १५८४ जना, पूर्ण अपाङ्गतर्फ ८६ पुरुष र ५८ महिला गरी जम्मा १४४ जना, अति अशक्त अपाङ्गता तर्फ २९४ पुरुष र १८९ महिला गरी जम्मा ४८३ जना, क्षेत्र तोकिएका बालबालिका तर्फ ३३०८ पुरुष र २७९८ महिला गरी जम्मा ६१०६ जना, दलित बालबालिका तर्फ २०४ पुरुष र २२५ महिला गरी जम्मा ४२९ जना र लोपोन्मुख जाति तर्फ १५ पुरुष र २१ महिला गरी जम्मा ३६ जना लाभान्वित भएका छन्।
- सामाजिक सुरक्षा भत्ता रकम वितरणका लागि स्वीकृत रु. ३७ करोड मध्ये रु. २८ करोड २१ लाख ६७ हजार ३ सय १४ रकम निकास दिइएकोमा हालसम्म २८ करोड १२ लाख ४९ हजार २ सय ७३ रकम लाभग्राहीले प्राप्त गरीसकेका र बाँकी नपुग हुने रकम निकासाको लागि माग गरिएको र चौथो त्रैमासिकको रकम निकासा पठाउने तयारीको चरणमा रहेको छ।
- व्यक्तिगत घटनादर्ताको जन्म दर्तातर्फ ७९६ पुरुष र ७३८ महिला गरी जम्मा १५३४ जना, मृत्यु दर्तातर्फ ३२६ पुरुष र २२८ महिला गरी जम्मा ५५४ जना, सम्बन्ध विच्छेदतर्फ ७५ जना, विवाह दर्तातर्फ ७३१ जना, बसाई सरी आएको ३६० घरपरिवार बाट १३४७ जना परिवार सदस्य र बसाई

सरी जानेतर्फ १०६ घरधुरीबाट ३३८ जना परिवार सदस्य गरी कूल जम्मा ३३६० घटना दर्ता भएका छन् ।

ग) **आर्थिक विकास: विनियोजित रकम रु. ६ करोड ४ लाख ४३ हजार**

१) कृषि

- मागमा आधारित पचास प्रतिशत अनुदान व्यवसायिक कृषि कार्यक्रम अनुसार २९ वटा कृषक समूह/ सहकारी/ कृषि फर्म मध्ये २७ वटा कृषक समूह/ सहकारी/ कृषि फर्महरु छनौट भई कार्यक्रम सञ्चालन गरिएको छ ।
- पचहत्तर प्रतिशत अनुदानमा च्याउ बीउ बितरण तथा ढुवानी अनुदान कार्यक्रम अनुसार बीउ माग गरेका ५९ बटा कृषक समूह/ सहकारी/ कृषि फर्महरुलाई १५,०५० तथा अन्य कृषकहरुलाई ४५० गरी जम्मा १५,५०० पोका कन्ने च्याउको बीउ वितरण गरिएको छ ।
- पचासी प्रतिशत अनुदानमा साना सिंचाई मर्मत सम्भारका लागि माग गरेका ५१ वटा कृषक समूह/ सहकारी/ कृषि फर्म मध्ये २९ वटा कृषक समूह/ सहकारी/ कृषि फर्महरु छनौट भई कार्यक्रम सञ्चालन भएका छन् ।
- पचास प्रतिशत अनुदानमा बीउ उत्पादन कार्यक्रमको लागि माग गरेका २ वटा कृषक समूह/ सहकारी/ कृषि फर्महरुलाई ६१५० के. जी. गँहु तथा ४०२० के.जी धानको मूल/ श्रोत/ प्रमाणित बीउ बितरण गरिएको छ ।
- पचास प्रतिशत अनुदानमा उन्नत बीउ बितरण (धान/ गँहु/ मकै) कार्यक्रमको लागि बीउ माग गरेका कृषक, कृषक समूह/ सहकारी/ कृषि फर्महरुलाई १७,०२८ के.जी. गँहु तथा १८,०४४ के.जि. धानको उन्नत बीउ बितरण गरिएको छ ।
- पचास प्रतिशत अनुदानमा मौरी गोला तथा घार वितरणका लागि माग गरेका मध्ये ५ बटा कृषक समूह/ सहकारी/ कृषि फर्महरुलाई १०० मौरी गोलाघार तथा १०५ केजी आधार चाका बितरण गरिएको छ ।
- पचास प्रतिशत अनुदान भर्मी कम्पोष्ट मल उत्पादन कार्यक्रम माग गरेका ५ वटा कृषक समूह/ सहकारी/ कृषि फर्म मध्ये ४ वटा कृषक समूह/ सहकारी /कृषि फर्महरु छनौट भई भर्मी कम्पोष्ट मल उत्पादन गर्ने कार्यको थालनी गरिएको छ ।
- माटोको नमुना परिक्षण तथा माटो सुधारको लागि भलवाडमा शिविर सञ्चालन गरी १९४ वटा माटोको नमूना परिक्षण गर्ने कार्य सम्पन्न भएको छ ।
- वडा नं. ९ र १० मा सञ्चालन गरिएको बाली उपचार शिविरबाट क्रमशः २५७ र १७२ जना कृषकहरु लाभान्वित भएका छन् ।
- कृषि मेला प्रदर्शनीमा १७८ जना कृषकबाट १९२ वटा बाली वस्तु प्रदर्शन गरिएकोमा ७ वटा बाली समूहबाट २८ जना कृषकहरुलाई पुरस्कृत गरिएको थियो ।
- संघीय शसर्त अनुदान तर्फ खाद्यान्न बालीको उन्नत बीउ माग गरेका कृषक, कृषक समूह/ सहकारी/ कृषि फर्महरुलाई २८,५७२ के.जी. उन्नत गँहुको बीउ पचास प्रतिशत अनुदानमा बितरण गरिएको छ ।

- प्रदेश शसर्त अनुदान तर्फ बसन्ते मकै प्रवर्द्धन माग गरेका सबै २३ बटा कृषक/ समूह/ सहकारी/ कृषि फर्महरु छनौट गरी माग बमोजिमको १०३७ के जी मकैको बीउ तथा अन्य कृषि सामाग्री उपलब्ध गराईएको र उक्त सामाग्रीहरुको तथ्याङ्कीय उपलब्धी देहाय बमोजिम छः
स्यालो ट्यूबवेल- १३, कूलो निर्माण तथा मर्मतः ५, पावरटिलरः २, मिनिटिलरः २३, पावर स्प्रेयरः ७१, कम्बाईन मिलः ५, रिपरः ५, कर्नसेलरः १४ र अर्थअगरः १ वटा वितरण गरिएको छ।

२) पशुपन्छी

- जिल्लाकै समस्याको विषयलाई सम्बोधन गर्न छाडा चौपया व्यवस्थापन गर्न मधुवन धाममा स्थायी प्रकृतिको गौशाला निर्माण तथा व्यवस्थापनका साथै कोठी खोला, भलवाड, कपिलधाममा अस्थायी प्रकृतिको गौशाला निर्माण गरी करीब १ हजार संख्यामा छाडा गाईको व्यवस्थापन गरिएको छ।
- दुध उत्पादन लागत कम गर्नको लागि १२५ हेक्टर जग्गामा मौसम अनुसार विभिन्न उन्नत जातको घाँसखेतीको बिस्तार गर्न १९४५ कृषक परिवारमा निःशुल्क घाँसको बीउ बितरण गरिएको छ।
- १५४२२ पशुपन्छीहरुमा उपचार तथा परजीवि नियन्त्रण सेवा प्रदान गरी १३७४२ कृषक परिवारहरु लाभान्वित भएका छन्।
- ११२०० गाई/ भैंसीहरुमा भ्यागुते/ चरचरे, १०४०० गाई/ भैंसीहरुमा खोरेत, ८८०० बाख्राहरुमा पि.पि.आर. तथा ८५ वटा कुकुरहरुमा रेबिज खोपहरु समेत गरी जम्मा ३०४८५ पशुहरुमा रोग नियन्त्रणको लागि निशुल्क खोप लगाइएको छ।
- १७ वटा व्यवसायिक पशुपन्छी तथा मत्स्य फर्महरुमा ५० प्रतिशत अनुदान रकम सहयोग गरी फर्महरु सुधार गरिएको, १० वटा व्यवसायिक पशुपन्छी फर्महरुमा ५० प्रतिशत अनुदानमा १० वटा विद्युतीय च्यापकटर बितरण गरिएको छ।
- २२७५ गाई/भैसीहरुमा कृत्रिम गर्भाधान सेवा प्रवाह गरी नश्ल सुधार गरिएको र १८४ जना पशुपालक कृषकहरुलाई व्यवसायिक गाई/ भैसी / बाख्रा तथा स्वच्छ दुध उत्पादन सम्बन्धा ३ दिने तालिम प्रदान गरी क्षमता विकास गरिएको छ।
- अनलाईन सफ्टवेयर मार्फत नगरपालिका भित्रका पशुपन्छीहरुको तथ्याङ्क अध्यावधिक गरिएको छ।
- JOA, ADRA Nepal र इन्द्रेणी ग्रामीण विकास केन्द्र, नेपाल (तराई परियोजना) सँग नगरपालिकाले साझेदारी सम्झौता गरी ४१६ साना दुग्ध उत्पादक कृषकहरुको गाई/ भैसीहरुको नश्ल सुधार तथा दुध उत्पादन बृद्धि गर्ने कार्य सम्पन्न भएको छ।
- २ वटा सहकारी संस्थाहरु मार्फत २९७ जना दुग्ध उत्पादक कृषकहरुलाई ५ लाख ६७ हजार ४ सय ९९ लिटर दुधको रु.१।४० को दरले जम्मा रु.७ लाख ९४ हजार ४ सय ९९ प्रोत्साहन स्वरुप अनुदान सहयोग उपलब्ध गराइएको छ।
- २ वटा सहकारी संस्थाहरुमा ८५ प्रतिशत अनुदानमा दाना उद्योग तथा दुग्ध संकलन केन्द्रहरुको पूर्वाधार सुधार गरिएको र पशु सेवालाई विस्तार गरी क्रमश यान्त्रिकरण, प्रविधिकरण तथा सरलीकरण गर्दै आवश्यकताको आधारमा सुधार गरिदैं लगिएको छ।

### ३) उद्योग, व्यापार तथा व्यवसाय

- लघु उद्यम विकास कार्यक्रमतर्फ संघबाट विनियोजित रकम रु. १२ लाख, नगरस्तरीय कार्यक्रमको लागि विनियोजित रु. ७ लाख ५० हजार र वडास्तरीय कार्यक्रमको लागि रु. ४ लाख २३ हजार गरी कूल बजेट रु. २३ लाख ७३ हजार मध्यबाट रु. २३ लाख ३४ हजार ८ सय खर्च भई ९८.३९ प्रतिशत प्रगति हासिल भएको छ।
- चालु आ.व. ०८०।८१ मा ७२७ जना महिला र १० जना पुरुष गरी जम्मा ७३७ जना लघु उद्यमीहरु लाभान्वित भएका छन् ।
- उद्योग तथा व्यवसाय प्रवर्द्धन अर्न्तगत मागमा आधारित क्षमता विकास तालिम अभियानको रुपमा सञ्चालन गरिएको छ।
- चालु आर्थिक वर्षमा ११० वटा नयाँ फर्म दर्ता, २१० व्यवसाय दर्ता भएका छन् भने ४५ वटा व्यवसाय खारेज भएका छन् र हालसम्म नगरपालिका भित्र ८२९ वटा फर्म र २८८५ व्यवसायमा दर्ता भएका छन्।

### ४) भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा

#### क) सहकारी तर्फ

- नगर भित्र कार्यक्षेत्र भई सञ्चालनमा रहेका ३६ वटा कृषि सहकारी संस्थामा आबद्ध १८ हजार ३ सय ५३ जना शेयर सदस्यहरुको शेयर पुँजी रकम रु.१६ करोड ४६ लाख ९२ हजार ४ सय ७५ रुपयाँ, बचत रकम रु.७२ करोड ३४ लाख ३५ हजार ८ सय ३१ रुपैयाँ र रु. ८७ करोड ३३ लाख ७८ हजार ७ सय ६३ रुपैयाँ ऋण लगानीमा रहेको छ।
- ८ वटा बचत तथा ऋण सहकारी संस्थाहरुमा आबद्ध १० हजार ४ सय ०४ जना शेयर सदस्यहरुको शेयर पुँजी रकम रु.११ करोड ३६ लाख १८ हजार ३ सय २६ रुपैयाँ, बचत रकम रु.५१ करोड ८८ लाख ७५ हजार ८ सय ०४ रुपैयाँ र ५८ करोड ५२ लाख १८ हजार ९ सय ४० रुपैयाँ ऋण लगानी रहेको छ।
- ४ वटा बहुउद्देश्यीय सहकारी संस्थाहरुमा आबद्ध २ हजार ६ सय ३५ जना शेयर सदस्यहरुको शेयर पुँजी रकम रु. ३५ कारोड १७ लाख १ हजार ६ सय ३६ रुपैयाँ, बचत रकम रु.४७ करोड ९५ लाख ९ हजार ३ सय ९६ रुपैयाँ र ५ करोड ४३ लाख १८ हजार २ रुपैयाँ ऋण लगानी रहेको छ।
- त्यस्तै गरी २ वटा उपभोक्ता सहकारी संस्थाहरुमा आबद्ध ५ सय १८ जना शेयर सदस्यहरुको शेयर पुँजी रकम रु.२८ लाख २३ हजार ९०० रुपैयाँ, बचत रकम रु. ७ लाख २७ हजार ९ सय १२ रुपैयाँ र रु.२ लाख १४ हजार १० रुपैयाँ ऋण लगानी रहेको छ।
- नगरमा क्रियाशिल ११ वटा प्रदेश स्तरीय सहकारी संस्थामा आबद्ध २४ हजार ९ सय ४८ जना शेयर सदस्यहरुको शेयर रकम रु. ४५ करोड २० लाख ४७ हजार ९०० रुपैयाँ, बचत रकम रु.१ अर्ब ९२ करोड २३ लाख ८८ हजार ६ सय ५८ रुपैयाँ र रु. २ अर्ब ३६ करोड ४१ लाख १६ हजार ३३ रुपैयाँ ऋण लगानीमा रहेको छ।
- यसरी नगरभित्र सञ्चालनमा रहेका ६१ वटा सहकारी संस्थाहरुमा आबद्ध ५६ हजार ८ सय ५८ जना शेयर सदस्यहरुको शेयर पुँजी रकम रु. ७६ करोड ४३ लाख ५४ हजार २ सय ३७

रुपैयाँ, बचत रकम रु.३ अर्ब २१ करोड ३३ लाख ८७ हजार ६ सय १ रुपैयाँ र ऋण लगानी रकम रु. ३ अर्ब ८७ करोड ७२ लाख ४५ हजार ७ सय ४८ रुपैयाँ रहेको छ ।

**ख) भूमि इकाईतर्फ**

- नगरबाट स्वीकृत भू-उपयोग योजना बमोजिम ९५०कित्ता जग्गाहरुको कित्ताकाटको लागि मालपोत कार्यालय, कपिलवस्तुमा सिफारिस गरिएको छ ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँचका लागि ९ वटा वडाहरुको ७२ ओटा ब्लकहरु कार्यपालिकाबाट स्वीकृत गरी अनुमतिको लागि जिल्ला समितिमा पठाईएको छ र ३ पुस्ते विवरण तयार गरी ७ दिने सूचना प्रकाशन गरीएको र नेपालभर घर जग्गा रहे नरहेको एकिन गर्न भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवामा अद्यावधिकका लागि पठाइएको छ ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीहरुले भोगचलन गरेको वडा नं १ चार नं. क्षेत्रको करिव ८-०-०-० ( आठ विघा) र वडा नं. ६ को बनकसिया क्षेत्रको करिव १-१०-१८-० (एक विघा दश कठ्ठा अठार धुर) क्षेत्रफलको नापी कार्य सम्पन्न गरिएको छ । त्यसैगरी, वडा नं ४ को सिद्धिपुर क्षेत्रको करिव ४-१०-११-०( चार विघा दश कठ्ठा एघार धुर) क्षेत्रफलको नापी कार्य सुरु गर्न सूचना प्रकाशन गरिएकोमा सुकुम्बासी आयोग विघटन भएकोले हाल उक्त कार्य रोकिएको छ ।
- नगरपालिकाको लागि कुल ११ वटा वडाहरुको १४ वटा क्षेत्रहरु समेटेर नक्सा तयार गरी पालिका एटलस निर्माण कार्य अन्तिम चरणमा रहेको छ । पालिकाको भू-राजनैतिक, प्रशासनिक र सामाजिक वस्तुस्थिति झल्किने गरी पालिका एटलस तयार गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।
- पालिकामा विभिन्न शाखामा कार्यरत कर्मचारीहरुलाई प्रविधि मैत्री, कार्यहरुमा सहजता र वैज्ञानिकता बनाउन १५ दिने GIS र Total station सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।
- पालिकाका सवै वडाहरुको सहजिकरण समितिलाई भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोवासीहरुको फारम रुजु तथा नापनक्साको लागि सहजिकरण गर्नको लागि १-१ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

**ग) वित्तीय तर्फ**

- नगरपालिका भित्र अर्ध-सरकारी, वाणिज्य कारोबार गर्ने 'क' वर्गका बैंकहरु, विकास बैंकहरु, अन्य वित्तीय र लघु वित्तीय संस्थाहरु गरी जम्मा ६८ वटा संस्थाहरुले बैंकिङ्ग सुविधा उपलब्ध गराउँदै आएका छन् ।

**५) श्रम, रोजगारी तथा गरिबी निवारण**

- आ.व. २०८०।०८१ मा ६ जना महिला र १७१ जना पुरुष गरी जम्मा १७७ जनाले अनलाईन श्रम स्वीकृती लिएका छन् । त्यस्तै गरी आ.व.२०८१/०८२ का लागि ४३३ जना महिला र १०२ जना पुरुष गरी जम्मा ५३५ जनाको सूचीकृत बेरोजगारहरुको फर्म इन्ट्रि भएको छ ।

- श्रमतर्फ श्रम बैंक स्थापना र श्रम बैंकमार्फत रोजगारी सिर्जना गरी गरिबि निवारण गर्न नगरपालिकाको खण्डीकृत तथ्याङ्क अद्यावधिक गरिएको छ। सामी, प्रधानमन्त्री रोजगार, मेडपा, संमृद्धिको लागि वन जस्ता कार्यक्रमहरु आवश्यकता र औचित्यको आधारमा कार्यान्वयन गरी रोजगारी सिर्जनाको आधार सतम्भ खडा गरिएको छ।

**सुरक्षित आप्रवासन (सामी) कार्यक्रम**

- आ.व.०८०।८१ को लागि स्वीकृत १८ वटा वार्षिक कार्यक्रमहरु सबै सम्पन्न भएका छन् जसबाट २०५८ महिला र १९५८ पुरुष गरी जम्मा ४०१६ जना सेवाग्राही लाभान्वित भएका छन्।
- चालु आ.व.मा विनियोजित कुल बजेट रकम रु. २८ लाख मध्ये रु. २५ लाख ४० हजार ५ सय २० रकम खर्च भई हालसम्म ९० प्रतिशत वित्तीय प्रगति भएको छ।

ग) **पूर्वाधार विकास: विनियोजित रकम रु. ३२ करोड ७३ लाख ८० हजार**

**"बाणगङ्गा नगरपालिकाको मूल आधार आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार"** भन्ने नगरपालिकाको मूल मन्त्रलाई आत्मसात गर्दै सुशासन मैत्री पूर्वाधारलाई प्राथमिकता दिइए बमोजिम पूर्वाधारतर्फ देहायका तथ्याङ्कीय उपलब्धीहरु प्राप्त भएका छन्।

**१) भवन, आवास तथा बस्ती विकास**

- यस आ.व.मा ६८ वटा नयाँ घर दर्ता गरिएको, ७० वटा नयाँ घरको पहिलो चरणको अनुमति दिइएको, ५१ वटा नयाँ घर दोस्रो चरणसम्मको अनुमति दिइएको र ४९ वटा नयाँ घरको अन्तिम चरणको प्रमाण पत्र दिइएको छ।
- १५ वटा नयाँ घर नामसारी, १० वटा आंशिक निर्माण सम्पन्न, २१३ वटा पुरानो घर दर्ता जम्मा, १५८ पुरानो घरको नक्साको नियमित प्रमाणपत्र दिएको छ
- ३० वटा पुरानो घरको नामसारी गरिएको र १३१ वटा पुरानो घर रोक्का गरिएको छ।

**२) सडक, पुल तथा यातायात**

- चालु आ.व ०८०।८१ मा ७७१९ मिटर कालो पत्रे, २४२९ मिटर सडक ढलान, ९४२ मिटर लकिङ्ग ब्लक, १४३५९ मिटर सडक ग्रावेल र ५०८४ मिटर सडक मर्मत संभार गर्ने कार्य सम्पन्न भई सकेको छ।
- आ.व. ८०।८१ मा सञ्चालित ५९२ योजनाहरु मध्ये ५१८ उपभोक्ता समिति र ७४ ठेक्का मार्फत सम्झौता भई कार्यान्वयन गरिएका छन्।
- ठेक्काबाट संचालित ७४ ठेक्का मध्ये ६१ वटा सम्पन्न भएका र १३ वटा सम्पन्न हुने क्रममा रहेका छन्।
- उपभोक्ता समितिबाट संचालित ५१८ वटा योजना मध्ये ३५१ वटा सम्पन्न भई १६७ वटा सम्पन्न हुने क्रममा रहेका छन् भने हालसम्म ठेक्का र उपभोक्ता समिति मार्फत जम्मा ४१२ वटा योजना सम्पन्न भएका छन्।

- प्रदेश र संघीय बजेटको आधारमा प्रदेश समपुरक तर्फ ५ वटा सडक निर्माणका लागि रु. १ करोड ५० लाख प्रदेश र पालिकाको रु १ करोड ५० लाख गरी जम्मा ३ करोड बजेट विनियोजन गरेकोमा ४ वटा सडकको काम सम्पन्न भै सकेको १ वटा सम्पन्न हुने क्रममा रहेको छ।
- प्रदेश सरकार बाट हस्तान्तरित १० वटा कार्यक्रम मध्ये ५ वटा योजनको कार्य सम्पन्न भै सकेको र बाँकी ५ वटा सम्पन्न हुने क्रममा रहेका छन।
- संघीय सरकार बाट हस्तान्तरित वस्ति विकास कार्यक्रम अन्तर्गत ३ वटा योजनको लागि रु ८० लाख विनियोजन भइएकोमा २ वटा योजनका कार्य सम्पन्न भएको १ वटा सम्पन्न हुने क्रममा छ।
- संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान, समपुरक अनुदान र तराई मधेश सम्बृद्धि कार्यक्रमका लागि रु १ करोड ३५ लाख बजेट विनियोजन भएकोमा ३ वटै योजनामा ठेक्का बन्दोबस्त भई कार्य सम्पन्न हुने अवस्थामा रहेको छ।
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत विनियोजित ४० लाख रकम मध्येबाट रु ३० लाख १० हजार ९ सय ९० बराबरको स्टिल पार्ट फ्रेब्रिकेशनको समान खरिद गरी सप्लाई भै सकेको र बाँकी रकमको लागि उपभोक्ता समिति मार्फत स्टिल ब्रिज निर्माणको कार्य अगाडि बढाईएको छ।
- नगर भित्रका बिभिन्न भवन पूर्वाधार निर्माणका लागि १० वटा शिर्षकमा विनियोजित रकमको कार्य ठेक्का एंवम उपभोक्ता समिति मार्फत अगाडि बढाईएको र सबै योजनाहरु सम्पन्न हुने क्रममा रहेका छन्।

### ३) जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

- राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत नगर भित्र रहेका सोलर बत्तीहरु मर्मत सम्भार गर्ने कार्य अगाडि बढेको छ।
- आवश्यकता र औचित्यत्ताको आधारमा नगरपालिकाको विभिन्न स्थानहरुमा नगरपालिका र विद्युत प्राधिकरणको लगानीमा विद्युत तार-पोलको विस्तार, मर्मत तथा स्तरीयकरण गरिएको छ।

### ४) सूचना तथा सञ्चार प्रविधी

- नगरको विभिन्न स्थानमा १८ वटा सि.सि.टि.भी. क्यामेरा जडान गरिएको छ।
- नगर भित्रका ३२ वटा सामुदायिक विद्यालयहरुमा ई-हाजिर मेशिन जडान गरी दैनिक रुपमा नगर प्रमुखबाट निरन्तर निगरानी भई रहेको छ।
- नगरपालिकाको कार्यक्षेत्र भित्रका विवादहरुको न्यायिक निरुपरणका लागि अनलाईन इजलासको विकास गरिएको छ। उक्त पोर्टलबाट कार्यालयमा प्रत्यक्ष उपस्थित नभएपनि सिधै अनलाईन प्रविधी मार्फत उजुरी दर्ता गर्न सकिने सूविधा समेत प्रदान गरिएको छ।
- प्रशासनीक भवनमा २५ Mbps Internet Connection रहेकोमा क्षमता बृद्धि गरी ४० Mbps Internet Connection जडान गरीएको र प्रशासनीक भवनको सबै कोठाहरुमा Free Wifi को व्यवस्था मिलाईएको छ।



CamScanner

- सामुदायिक विद्यालय अन्तर्गत हेमराज माध्यमिक विद्यालयमा ८ वटा सि.सि.टि.भी. क्यामेरा जडान गरिएको छ।

घ) **<u>सूशासन तथा संस्थागत विकास</u>**: विनियोजित रकम रु. २१ करोड २४ लाख ८३ हजार

- न्यायिक समितिमा गत आ.व. बाट जिम्मेवारी सारिएको १८ र यस आ.व.मा दर्ता भएका २५ वटा उजुरी गरी जम्मा ४३ वटा रहेकोमा चालु आ.व. २०८०/८१ मा ३३ वटा उजुरी फछ्यौट भएको छ। जसमध्येः मिलापत्रबाट १९ वटा, समितिको निर्णयबाट ७ वटा, अन्य निकायमा पठाएको ७ वटा र बाँकी १० वटा छलफलको प्रक्रियामा रहेको छ।
- यस आ.व.मा दर्ता भएका जग्गा सम्बन्धी, घरेलु / महिला हिंसा, पति पत्नी, अंशवण्डा तथा घरेलु सम्बन्ध, साँध सिमाना, लेनदेन, अव्यवस्थित बंगुरपालन जस्ता विषयहरुमा जम्मा २५ वटा उजुरी दर्ता भएकोमा १९ वटा उजुरी फछ्यौंट भएका छन् भने ६ वटा उजुरी प्रक्रियामा रहेका छन्।
- नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) तयार पारी कार्यान्वयन गरिएको छ।
- नगरका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास योजना (CD Plan) तयार भई कार्यान्वयनको चरणमा रहेको छ।
- आ.व. ०८०।८१ मा नगरपालिकाले ५ वटा ऐन, १ नियमावली, ४ कार्यविधि, १ निर्देशिका गरी जम्मा ११ वटा कानूनहरु निर्माण गरेको छ भने आवश्यकता अनुसार २ वटा कानूनहरु संशोधन गरिएका छन्।
- संघीय दरबन्दी तथा नगरको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) दरबन्दी अनुसार कूल २३० जना कर्मचारीहरु कार्यरत रहेका मध्ये १२२ जना स्थायी कर्मचारी, १०२ जना करार सेवामा (संघीय विशेष कार्यक्रम र प्रदेश विशेष कार्यक्रम समेत गरी) र ३ जना ज्यालादारी सेवामा कार्यरत रहेका छन्।
- कार्यालयको सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्नको लागि SUTRA - लेखा तथा राजश्व, PAM-जिन्सी, कर्मचारी विवरण प्रणाली, डिजिटल नोटिस बोर्ड र डिजिटल नागरिक वडापत्र, योजना सफ्टवेयर, ई-हाजिरी, अनलाईन ई-बिडिङ्ग, EFT भुक्तानी र जियो कृषि सूचना प्रणाली आदि तथ्याङ्क प्रणालीहरुलाई सञ्चालनमा ल्याइएको छ।
- संस्थागत मूल्याङ्कन तथा प्रतिस्पर्धालाई आत्मसाथ गर्दै नगरपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा - ८९.५ , स्थानीय तह सुशासन वित्तीय जोखिम मूल्याङ्क (FRA) - ८३.५ र स्थानीय आर्थिक विकास मूल्याङ्क (LED) मा ६८.५ अङ्क प्राप्त गरी सूशासन र प्रतिस्पर्धामा खरो रुपमा प्रस्तुत हुन सफल भएको छ।
- राजश्व परिचालन सम्बन्धीः आ.व. ०८०।८१ मा राजश्व परिचालन तर्फ देहाय बमोजिमको अवस्था रहेको छः

  मालपोत रजिष्ट्रेशनबाट प्राप्तः रु. ४ करोड ३८ लाख ६० हजार ६ सय ५८

  अन्य राजश्व परिचालनतर्फः रु. ४ करोड ३० लाख ८ हजार ८ सय ३२

  प्राकृतिक स्रोत परिचालनतर्फः रु.२ करोड ९२ लाख ४९ हजार ९ सय ९९ रहेको छ जसबाट राजश्वको अनुमानको ९० प्रतिशतसम्म लक्ष्य प्राप्त हुन सक्ने अवस्था देखिएको छ।



CamScanner

ङ) **वन, वातावरण तथा विपद् व्यवस्थापन**: विनियोजित रकम रु. १ करोड ३२ लाख

- सामुदायिक वन तथा वनसंग सम्बन्धित संस्थाहरूसंग समन्वय र सहकार्य अगाडी बढाइएको छ।
- सार्वजनिक जग्गा संरक्षण, जोखिम संवेदनशील क्षेत्रमा जाली र नाली कार्यक्रम अन्तर निकाय समन्वयमा अगाडी बढाईएको छ।
- संमृद्धिको लागि वन कार्यक्रम समन्वयात्मकरूपमा क्रियाशील रहेको छ।
- विपद् जोखिम नक्शाङ्कन कार्यक्रम अगाडी बढाईएको छ।
- विपदमा परेका नागरिकहरुलाई राहत तथा पूर्नस्थापना कार्यक्रम सञ्चालन गरिएको छ।

उल्लेखित समग्र प्रगतिको लागि आ.व. ०८०।८१मा कुल विनियोजित रकम रु. १ अरब २८ करोड ८१ लाख ४० हजार ४ सय ३३ रहेकोमा हालसम्म सञ्चित कोषमा निकासा रकम रु. १ अरब १५ करोड ३४ लाख १४ हजार ५ सय ४३ रहेको छ। जसबाट पूँजिगत खर्च ७०% प्रतिशत र चालु खर्च ७५% प्रतिशत रहेकोमा आर्थिक वर्षको अन्त्यसम्म भौतिक प्रगति ९०% र वित्तीय प्रगति ८५% रहने अनुमान गरिएको छ। यसबाट संघ तथा प्रदेश सरकारले उपलब्ध गराउनुपर्ने अनुदान कटौती भई नीति, कार्यक्रम तथा बजेटको उपलब्धीमा प्रभाव पार्ने देखिएको छ।

नगरसभाका सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष ०८१।८२ का लागि नगरपालिकाको वार्षिक लक्ष्य, उद्देश्य तथा अवलम्बन गरीने नीतिहरुको प्रस्तुतिकरण गर्न चाहन्छु।

**क) नीति, कार्यक्रम तथा बजेटको उद्देश्य:**

समावेशी, समानूपातिक, सहभागिता मूलक कार्यक्रम सञ्चालन गरी जनताको खुशियाली अभिवृद्धि गर्ने।

**ख) लक्ष्य:**

दिगो विकास लक्ष्यका सूचकहरु क्रमशः पूरा गरी स्थानीयकरण गर्ने।

**ग) प्राथमिकता:**

देहायका विषय क्षेत्रमा संघ, प्रदेश, स्थानीय तथा नीजि क्षेत्रका लगानी अभिवृद्धि गरी सन्तुलित तथा प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्ने।

१) सामाजिक विकास
२) पूर्वाधार विकास
३) सूशासन तथा संस्थागत विकास
४) आर्थिक विकास
५) वातावरण तथा विपद् व्यवस्थापन

नगरसभाका सदस्यज्यूहरु,

उल्लेखित विषय क्षेत्र तथा प्राथमिकतालाई सम्बोधन गर्न आ.व. ०८१।८२ मा देहाय अनुसार श्रोत परिचालन गरिनेछ।

श्रोत अनूमान

| क्र.स | शिर्षक | रकम | अक्षरुपी |
|---|---|---|---|
| १ | संघ समानिकरण | १९,०९,००,००० | १९ करोड ९ लाख |
| २ | संघ राजश्व | १६,२७,००,००० | १६ करोड २७ लाख |
| ३ | प्रदेश समानिकरण | १,३५,८६,००० | १ करोड ३५ लाख ८६ हजार |
| ४ | प्रदेश राजश्व | १,६०,००,००० | १ करोड ६० लाख |
| ५ | आन्तरिक प्राकृति श्रोत | ३,५०,००,००० | ३ करोड ५० लाख |
| ६ | आन्तरिक मालपोत रजिस्ट्रेशन | ६,००,००,००० | ६ करोड |
| ७ | आन्तरिक अन्य + अल्या समेत | १६,००,००,००० | १६ करोड |
| ८ | संघीय शर्सत | ५२,००,००,००० | ५२ करोड |
| ९ | प्रदेश शर्सत | ३,००,००,००० | ३ करोड |
| १० | सामाजिक सुरक्षा | ४२,००,००,००० | ४२ करोड |
| ११ | सडक बोर्ड | ६५,००,००० | ६५लाख |
| १२ | अन्य | ३,००,००,००० | ३ करोड |
| | जम्मा | १,६२,४६,८६,००० | १ अरब ६२ करोड ४६ लाख ८६ हजार |

नगरसभाका सदस्यज्यूहरु,

अब म हामीहरुको लक्ष्य, उद्देश्य तथा प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक पर्ने महत्वपूर्ण नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

क) **सामाजिक विकास:**

**"राष्ट्रिय अभियान सम्पूर्णताको सूनिश्चितता, सामाजिक विकासमा लगानीको प्राथमिकता"** भन्ने अभियानका साथमा देहायका विषयक्षेत्रमा देहाय बमोजिमको नीति अवलम्बन गरिनेछ ।

**१) स्वास्थ्य तथा पोषण:**

- **"नगर प्रमुखको अभिभावकत्व, बाल स्वास्थयमा अपनत्व"** कार्यक्रम अन्तर्गत पूर्णखोप दिगोपनाको अवस्थालाई कायम राख्न र नगरका सवै स्वास्थ्य संस्थालाई क्रमशः पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै पोषण मैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ,
- **"नगर उप-प्रमुखको नेतृत्व, दिव्य गर्भ संस्कार र सुरक्षित मातृत्व"** अभियान अन्तर्गत पूर्ण संस्थागत प्रसुति सेवायुक्त नगरपालिका दिगोपनाको अवस्था कायम राख्न, सुत्केरी हुने महिलाहरुको लागि निःशुल्क एम्बुलेन्स सेवाको निरन्तरता, नगर अस्पतालमा CEONC सेवा विस्तार एवं पूर्व प्रसुती सेवामा दिव्य गर्भ संस्कार र सुरक्षित मातृत्व अल्ट्रासाउण्ड कार्यक्रम समावेश गरिनेछ,

- **"सर्वाङ्गिण स्वास्थ्य हाम्रो लक्ष्य, गतिशिल विकासमा वडा अध्यक्ष"** अभियानलाई प्रभावकारी बनाउन साप्ताहिक/पाक्षिक/मासिक रुपमा **"म सफा गर्छु मेरो स्वास्थ्य संस्था/ कार्यालय/ विद्यालय"** कार्यक्रमलाई स्वास्थ्य संस्था, विद्यालय, टोल विकास, महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका, वडा कार्यालय सम्मिलित सहभागिता मुलक कार्यक्रम सञ्चालन गरी सरसफाई एवं हरियाली प्रवर्धन तथा सौन्दर्यिकरण गरिनेछ, टोल विकास संस्था, आमा समूह र महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुलाई स्वास्थ्य तथा विकास सम्बन्धी सामाजिक व्यवहार परिवर्तन तालिम सञ्चालन गरिनेछ,
- **"मर्यादित समाज, असल संस्कार, जेष्ठ/अशक्त नागरीकको सम्मानमा स्थानिय सरकार"** अभियान अन्तर्गत जेष्ठ तथा अशक्त नागरीकहरुको लागि चौमासिक रुपमा घरमै गई स्वास्थ्यकर्मीहरुद्वारा स्वास्थ्य जाँचको व्यवस्थालाई अझै प्रभावकारी बनाईने छ, वृद्ध अवस्थामा आउने शारीरिक, मानसिक स्वास्थ्य समस्याहरुलाई व्यवस्थापन गर्न विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ, जेष्ठ नागरीकहरुलाई निशुल्क आँखा जाँच तथा उपचारको व्यवस्था गरिनेछ,
- **"गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो पौरख, सुविधायुक्त बाणगङ्गा अस्पताल नगर कै गौरव"** अभियान अन्तर्गत भौतिक पूर्वाधार, उपकरण जनशक्ति र स्वास्थ्य विमाको सरलिकृत व्यवस्थापन, CEONC Site, Trauma Center, आँखा उपचार सेवा विस्तार गरिनेछ, प्रयोगशाला सेवाको दायरा विस्तार, अस्पतालमा जनस्वास्थ्य इकाईको स्थापना गरिनेछ, अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन सञ्चालन निर्देशिका/ ऐन जारी गरी कार्यान्वयनमा ल्याईने छ,
- समुदायमा रहेर निस्वार्थ रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुलाई प्रोत्साहन गर्न स्वास्थ्य विमा र हित कोष लगायत विगतको कार्यक्रमहरुलाई निरन्तरता दिँदै प्रोत्साहन गरिनेछ,
- बढ्दो मानसिक स्वास्थ्य समस्या र अस्वस्थ्यकर जिवनशैलीका कारण दिनानुदिन बढ्दै गई रहेको नसर्ने रोगहरु क्यान्सर, मुटु रोग, मृगौला सम्बन्धि रोग र मानसिक रोगको न्यूनिकरणको लागि कृषि उत्पादनमा विषाधी प्रयोग न्यूनिकरण गरी अर्गानिक खानालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरीने साथै आध्यात्मिक, योग शिक्षा, व्यायाम र स्वस्थ्यकर खानालाई प्रवर्द्धन गरिनेछ,
- नगर भित्र बसोबास गर्ने मृगौला पिडित, डायलाईसिस गर्नुपर्ने विरामी र अपरेशनद्वारा सुत्केरी हुने महिलाहरुलाई आवश्यक पर्न सक्ने र रक्त संचार सेवा शुल्क र यातायातको खर्च नगरबाट व्यवहोर्ने व्यवस्था गरिनेछ साथै पेटको क्यान्सर तथा Spinal Injury भएका विरामीको लागि सहयोग सामग्रीको व्यवस्था मिलाईने छ,
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गर्ने सेवाको गुणस्तर मापदण्ड मुल्याङ्कन प्रणाली (MSS) लाई नियमित गरिनेछ। स्वास्थ्य कार्यक्रमहरुको कार्य प्रगती र MSS Score को आधारमा स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरिनेछ। कार्य विवरण स्वमूल्याङ्कनलाई सहज बनाउन यस आ.व. देखि व्यक्तिगत लग बुक (Year Planner Health Diary) सबै स्वास्थ्यकर्मीहरुलाई उपलब्ध गराईने छ,

- क्षयरोग मुक्त नेपाल अभियानलाई निरन्तरता दिईने छ, क्षयरोग नियन्त्रण एवं कुष्ठरोग निवारणको लागि खोप जाँचपडताल अभियान तथा स्कृनिङ्ग शिविर सञ्चालन गरिनेछ,
- नगर भित्रका स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधी उपकरणको अभाव हुन नदिन आवश्यक प्रवन्ध गरिनेछ। महामारी, विपद तथा स्वास्थ्य संकटमा समेत औषधी सामग्री बफर स्टकको व्यवस्था गरिनेछ साथै नगरवासीलाई अझ गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउनका लागि नगर भित्र रहेका निजी स्वास्थ्य संस्थाहरुसंग समन्वय र साझेदारीमा कार्यक्रम अघि बढाईने छ।
- पिपरा अस्पताललाई स्तरोन्नती गरी साधन सम्पन्न गराई आवश्यक जनशक्ति व्यवस्थापनमा जोड दिइनेछ।
- नेपाल सरकारले प्रतिबद्धता जाहेर गरेका देहायका राष्ट्रिय प्रतिबद्धताहरु पूर्ण खोप सुनिश्चित, संस्थागत सुत्केरी सेवाको दिगोपना, किशोर किशोरी मैत्री नगरपालिका घोषणा, पोषण मैत्री नगरपालिका घोषणालाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ।
- आयुर्वेद चिकित्सालाई नागरिकको जीवनशैली रुपान्तरणको अभियानमा संलग्न गराई बाणङ्गा आयुर्वेद औषधालयलाई प्रविधी सम्पन्न बनाईने छ।
- नागरिकहरुको जीवन रक्षा तथा जीवनशैली रुपान्तरण गर्न आयुर्वेद पद्धती, प्राकृतिक चिकित्सा पद्धति, योग, ध्यान तथा तपस्या र वैदीक उर्जा प्राप्ती कार्यालय सामाजिक परिचालनको माध्यमद्वारा नागरिकको व्यवहार परिवर्तनमा लगानी अभिवृद्धि गरिनेछ।

## २) शिक्षा, भाषा, कला तथा साहित्य

- नगरपालिकाको समग्र शैक्षिक उन्नयनको लागि नगर शिक्षा योजना निर्माण, आवधीक योजनामा समग्र शिक्षाको योगदान, नीतिगत जटिलताको सरलीकरण तथा समग्र शिक्षा क्षेत्रको विषयगत सन्तुलनको लागि बृहत शैक्षिक सम्मेलन गरी शैक्षिक सूचक मापन र मूल्याङ्कनलाई संस्थागत गरिनेछ।
- बालबालिकाको सिकाइ वृद्धिका लागि गणित, विज्ञान र अंग्रेजी विषयको उपलब्धी सुधार गर्न मोडल कक्षा सञ्चालनार्थ सम्बन्धित विषयका शिक्षक परिचालन गरिनेछ,
- नगरमा सञ्चालनमा रहेका सवै शैक्षिक संस्थाहरुको समान विकासका लागि सिकाइ उपलब्धीमा सुधार गरेका विद्यालयको सुधार हुनका कारण र विद्यालयले गरेका प्रयासहरुको जानकारी आफू कार्यरत विद्यालयमा योजनाका साथ सुधार गर्ने गरी मनोभावना विकासका लागि शिक्षक अनुभव आदानप्रदान गर्ने कार्यको थालनी गरिनेछ ,
- विद्यालयमा अध्ययन गर्ने बालबालिका तथा कार्यरत कर्मचारीहरुको आचरण अनुशासन कार्यगत एकताका साथै राष्ट्रभक्ति भावनाको विकासका लागि स्काउट पिटी तालिम जस्ता कार्यक्रमलाइ प्रोत्साहन गरिनेछ,
- नगरमा सञ्चालनमा रहेका सवै शैक्षिक संस्थाहरुको समान विकासका लागि वडागत रुपमा जनप्रतिनिधी, विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र शिक्षक समेतको संयुक्त शैक्षिक सुधार सम्बन्धी छलफल अन्तरक्रियाको थालनी गरिएको छ।



CamScanner

- विपन्न परिवार र कुनै पनि हिंसामा परेका बालबालिकाको शैक्षिक निरन्तरताका लागि छात्रवृत्ति शैक्षिक सामग्री वितरण अध्ययन सहयोग जस्ता प्रोत्साहन हुने कार्यक्रम ल्याइनेछ,
- किशोरकिशोरीहरुलाई आफ्नो भविष्यको बाटो कोर्न र आफूले निर्वाह गर्नु पर्ने काम कर्तव्य प्रति सहज बनाइ असल नागरीक निर्माणमा जोड दिइनेछ,
- विद्यालयमा भएको जनशक्ति अभावलाइ न्यूनिकरण गर्ने गरी स्वयंसेवक शिक्षकको व्यवस्था मिलाइनेछ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको मूल्याङ्कन प्रणालीमा सुधार ल्याउनका लागि परीक्षा मर्यादित, मापनयोग्य, विश्वसनीय र वस्तु निष्ठताका लागि शिक्षकहरुको प्रश्नपत्र निर्माण क्षमता विकास सम्बन्धी कार्यक्रमहरुको थालनी गरिनेछ,
- विद्यालयको शैक्षिक प्रशासन तथा सम्पत्तिको संरक्षणमा निगरानी बढाउने उद्देश्यले सामुदायिक विद्यालयमा सि.सि. क्यामेरा जडान कार्यलाइ प्रोत्साहन गरिनेछ,
- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको स्वास्थ्य अवस्थामा सुधार तथा पोषण सुधारमा जोड दिदैं नमुनाको रुपमा सामुदायिक विद्यालयमा नर्स व्यवस्थालाई प्राथमिकताका साथ लागु गर्न पहल गरिनेछ,
- वालवालिकाहरुको बोल्ने बानीको विकास तथा मान्यजनहरु संग केही अनुभव सिक्ने सिकाउने बानीको विकासका लागि मेयर संग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरभित्रका सम्पूर्ण धार्मिक र सांस्कृतिक सम्पदाहरुको सूचीकरण गर्दै बौद्धिक सम्मेलनको आयोजना गर्न पहल गरिनेछ,
- नगरभित्रका लेखक तथा रचनाकारहरुको सूचीकरण गरी उनीहरुबाट सिर्जना भएका लेख रचनाहरुको संकलन गरी दस्तावेज अभिलेखिकरण गरी ग्रन्थ निर्माण प्रक्रिया अगाडि बढाइनेछ र उत्कृष्ट लेख रचनाका सर्जककर्ताहरुलाई सम्मान कार्यक्रमको थालनी गरिनेछ,
- नगर भित्रका बोलिने विभिन्न भाषा तथा लिपिहरुको खोजि र दस्तावेजीकरणमा जोड दिई भाषा संस्कृतिको संरक्षण गरिनेछ,
- नगरभित्र रहेका पुरातात्विक महत्व बोकेका क्षेत्रहरुको पहिचान गरी सांस्कृतिक संग्राहलयको निर्माणलाई प्राथमिकता दिई संस्कृतिको संरक्षण गरिनेछ,
- विभिन्न् धर्म सम्प्रदायहरुको चाड पर्व र मोहत्सवमा सञ्चालन हुने विभिन्न जात्रा/ महोत्सवहरु आदिको दस्तावेजीकरणलाई प्राथमिकता दिई नगरबाट हुने सहयोगलाई निरन्तरता दिईनेछ,
- नगर भित्र सञ्चालित पुस्तकालय, वाचनालयहरुको संरक्षण र सम्बर्द्धन गर्ने र आधुनिक स्मार्ट पुस्तकालय निर्माणको लागि पहल गरिनेछ,
- नगरपालिकाको स्थानीय पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, साहित्य र कला समावेश गरी विद्यालयस्तर देखिनै साहित्यिक जागरणलाई प्रोत्साहित गरिनेछ,
- नगरपालिकाको मौलिकतालाई बजारीकरण गर्न बाणगङ्गा गान रचना गरी नगरपालिकाको पहिचान अभिवृद्धि गरिनेछ।
- समग्र बाणगङ्गा नगरपालिकाको समृद्धिको लागि स्थानीय कला, संस्कृति, साहित्य तथा पुरातात्विक सम्पदाको पहिचान गरी संरक्षण र सम्बर्द्धनमा नागरीक सहभागिता वृद्धि गरिनेछ।
- नगरपालिका भित्र प्रतिस्पर्धात्मक शिक्षा तथा गुणात्मक शिक्षा विकासको लागि आवश्यक शैक्षिक मापदण्ड निर्धारण गरी क्रमशः लागु गरिनेछ।

### ३) खानेपानी तथा सरसफाई

- खानेपानीको गुणस्तर सुनिश्चित गर्न सबै खानेपानी आयोजनाहरुमा एकिकृत रुपमा खानेपानी सुरक्षा योजना र पूर्ण सरसफाई अभियान सञ्चालन गरी सूचक पुरा गरेका उपभोक्ता संस्था वा आयोजनाहरुलाई सुरक्षित खानेपानी आयोजना क्षेत्र घोषणा गर्ने निति निर्माण गरिनेछ,
- भूमिगत जलस्रोतको सतह कम हुदैं गएको वर्तमान अवस्थालाई ध्यानमा राखी पानी पुनवरण (रिचार्ज पोखरी) कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ,
- बाणगङ्गा नगरपालिका भित्र रहेका खानेपानी संस्था वा आयोजनाहरुले उपभोक्ताहरुलाई वितरण गरेको खानेपानी गुणस्तरको मापदण्ड, २०६२ बमोजिम पुष्ट्याई र शुद्धता मापन गर्न पानी परीक्षण किट सञ्चालनमा ल्याइनेछ,
- बाणगङ्गा नगरपालिका भित्र सञ्चालनमा रहेका खानेपानी आयोजना वा संस्थाहरुको महशुल बा अन्य दस्तुरमा एक रुपताका लागि आवश्यक पहल गरिनेछ,
- ओभरहेड ट्याङ्की र भौतिक संरचना पाईप लाईन विस्तार भएका आयोजनाका कार्यक्षेत्र भित्र चापाकल वितरण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ,
- उपभोक्ता समिति वा संस्थाहरुले बार्षिक नीति तथा कार्यक्रम र बजेट विनियोजन गर्दा गत आ.व.को बचत रकमको १५% रकम आफ्नो सेवा क्षेत्र भित्र सरसफाई र हरियाली प्रवर्द्धनमा खर्च गर्न आवश्यक नीति तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउन पहल गरिनेछ,
- सामुदायिक विद्यालय र धार्मिक स्थलहरुमा अपाङ्ग मैत्री शौचालय निर्माणका लागि पहल गरिनेछ,
- जलस्रोत ऐन तथा नियमावली निर्माण गर्दा सबै तहका पालिकाहरुमा एकरुपता ल्याउन अन्तरपालिका समवन्य गरिनेछ,
- अधुरा अपुरा आयोजनाहरुलाई उच्च प्राथामिकतामा राखी उपभोक्ताहरुलाई सहज खानेपानीको ब्यवस्था गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ,
- खानेपानी तथा सरसफाईको क्षेत्रमा विशेष अध्ययन गर्न नगर स्तरीय खानेपानी तथा सरसफाई अनुसन्धान केन्द्र (Water and Sanitation Research Center) को स्थापना गर्न पहल गरिनेछ,
- खानेपानी तथा सरसफाई संस्थाहरुको क्षमता अभिवृद्धि र गुणस्तर सुधारका लागि आवश्यक तालिम, गोष्ठी र सेमिनार लगायतका कार्यक्रमहरु सञ्चालनमा ल्याई संस्थाहरुलाई समयानुकुल प्रविधि मैत्री बनाईदैं लगिनेछ,
- सडक र ढलको मापदण्ड तोकी व्यवस्थापन गरिनेछ,
- प्रत्येक आयोजनामा वारुण यन्त्र (दमकल) का लागि पानी भरणको निम्ति केन्द्र राखिनेछ,
- सम्पूर्ण खानेपानी आयोजनामा सफटवेयरको व्यवस्थापन र जिएसआई प्रणाली (GSI System) को व्यवस्थापनमा पहल गरिनेछ ।

### ४) महिला, बालबालिका तथा सामावेशीकरण

- समाजिक कुरिती निवारण, अन्धविश्वास न्यूनीकरण, लागु पदार्थ दुर्व्यसनी नियन्त्रण जस्ता कार्यहरुलाई अन्तर निकाय समन्वयमा अभियानको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।
- लैगिक मैत्री, बालश्रम मुक्त, बालमैत्री, अपांगता मैत्री, ज्येष्ठ नागरीक मैत्री शहर बनाउने अभियान सञ्चालन गरिनेछ,
- मानवीय मूल्य र मान्यतालाई आत्मसाथ गरी मानव सभ्यता र संस्कृतिहरुको प्रवर्द्धन गर्दै, सरल जीवन शैली र पद्धतिको धरातलमा **"बालमैत्री मानवताको शहर बाणगङ्गा नगर"** बनाउने लक्ष्यका साथ अभियान तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- आदिवासी, जनजाति, थारु, मुस्लिम, दलित, अशक्त तथा विपन्न समूदायलाई लक्षित गरी उनीहरुको उत्थानमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिने र सशक्तीकरणका माध्यमबाट मूलप्रवाहमा ल्याइने छ,
- सबै किसिमका सामाजिक विभेद (जातीय, लैंगिक,धार्मिक, भाषिक, सांस्कृतिक) जस्ता विभेदहरुलाई निषेध एवं निरुत्साहित गरिनेछ,
- लैंगिक तथा घरेलु हिंसा, यौनशोषण लगाएत जोखिममा परेका बालबालिका, अपांगता, एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्धन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ,
- नगरभित्रका अपांगता भएका व्यक्तिहरुका लागि सहायक समग्रीको उचित व्यवस्था गरिनेछ,
- समाजका अग्रज सम्मानित ज्येष्ठ नागरीकको भूमिका र योगदानलाई उच्च महत्व दिंदै परम्परागत पेसा, सीप र व्यवसायलाई प्रोत्साहित गरिनेछ,
- गरीबी न्यूनीकरण एवं समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै जाने नीति लिइनेछ,
- नगरबाट प्रदान गरीने सेवाहरुमा असहाय, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरीक, गर्भवति सुत्केरी र अशक्तलाई सेवामा अग्राधिकार दिइनेछ।
- समावेशी विकासको अवधारणालाई मूर्तरुप दिदैं महिला वर्गहरुको सशक्तिकरण गरी विकासको मूल प्रवाहमा ल्याउन महिलासंग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**५) यूवा, खेलकूद तथा नवप्रवर्तन**

- खेककूदलाई संस्थागत गर्न **एक वडा एक खेलमैदान, एक खेल विद्या एक खेलमैदानको** अवधारणालाई अन्तर निकाय लगानीमा क्रमश निर्माण गरिनेछ।
- खेलाडीहरुलाई प्रतिस्पर्धात्मक खेल विकास गर्न सम्मान, प्रोत्साहन तथा संरक्षणको नीति अवलम्बन गरिनेछ।
- विद्यालयमा बालबालिकाहरुका लागि खेल प्रति रुचि जगाइ भविष्यमा खेलकुदको क्षेत्रमा स्तरीय खेलाडी उत्पादनमा सहयोग पुग्ने गरी विद्यालय स्तरमा कार्यरत शिक्षकहरुको क्षमता विकासमा जोड दिइनेछ।
- नगरमा सञ्चालन हुने सवै प्रकारका खेलहरुको नियमन व्यवस्थापन र स्वच्छता कायम गर्नका लागि खेलकुद विकास समितिलाइ प्रोत्साहन गरिनेछ,

- नगरवासी युवाहरुको खेलप्रति चाख जगाउन र नगरको खेलकुदको क्षेत्रमा गुणस्तर ल्याउनका लागि विभिन्न खेलकुदहरुको आयोजना गरी राष्ट्रियस्तरका खेलाडी उत्पादनमा योगदान हुने गरी खेलको आयोजना गरिनेछ,
- नविनतम सोचको विकास र प्रयोगमा युवाहरुको लगाव बढाउन नवप्रवर्तन संरक्षण कोषमार्फत यूवा प्रतिभा पहिचान गरी नगरपालिकाको चिनारी तथा विकासात्मक गतिविधीमा सहयोग गर्न आवश्यक पहल गरिनेछ ।
- विगत देखि आयोजना हुँदै आएका राष्ट्रपती रनिङ्शिल्ड, मेयर कप फुटबल, डोरी तान प्रतियोगिता जस्ता खेलहरुलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिँदै खेल प्रति महिलाहरुको रुची र उत्साहलाई आत्मसाथ गर्दै नीतिगत व्यवस्था गरी प्रतिस्पर्धात्मक खेलको विकास गर्न उपमेयर कप नगरस्तरिय भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ ।

**६) सामाजिक सूरक्षा तथा पञ्जीकरण**

- **"असहायको साथमा नगरपालिका, घर घरमा सामाजिक सुरक्षा"** कार्यक्रम मार्फत पुर्ण अपाङ्ग, अति अशक्त अपाङ्ग तथा अशक्त ज्येष्ठ नागरीकहरुका लागि सामाजिक सुरक्षा भत्ता नविकरण तथा वितरण बैंकसंगको सहकार्यमा घरमै गइ सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वर्षको बैशाख १ गते देखि ७ गते सम्म देशव्यापी रुपमा मनाइने व्यक्तिगत घटना दर्ता सप्ताहलाई सरोकारवाला निकायहरुसँग विभिन्न कार्यक्रम गरी मनाइने छ ।
- **"नगर प्रमुखको चासो, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको गुनासो"** कार्यक्रम मार्फत प्रत्येक महिना नगर प्रमुखबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको गुनासो सुनुवाइ गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई थप प्रभावकारी र पारदर्शी बनाइने छ ।
- प्रसुति सेवा सुचारु भएका स्वास्थ्य संस्थाहरुमा Birth Registration System लागु गरी अनलाईन मार्फत जन्म अभिलेख राख्ने व्यवस्था मिलाईने छ साथै व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षामा संलग्न कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न पहल गरिनेछ ।

**ख) पूर्वाधार विकास:**

**१) भवन तथा बस्ती विकास:**

- भवन, योजना तथा बस्ति विकास सम्वन्धी आधारभूत मापदण्ड र राष्ट्रिय भवन संहिता बमोजिम नयाँ भवन निर्माण, आवासीय तथा व्यवसायीक भवनलाई व्यवस्थित गर्न घरनक्शा पास सम्वन्धी कार्यलाई व्यवस्थित गरिदै लगिनेछ ।
- घर नक्साको कार्यलाई डिजिटाईजेसन गरी डिजिटलाईज प्रविधिबाट नगर पार्श्व चित्र अद्यावधिक गरिनेछ ।
- घर नम्वरिङ गर्ने कार्यको लागि तथ्याङ्कहरु एकीकृत रुपमा संकलन गरी घर नक्सा अभिलेख कार्यलाई विद्युतीय प्रणालीमा रुपान्तरण गरिनेछ ।



CamScanner

- नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी,मिस्त्री, सिकर्मी र डकर्मीहरुलाई चरणवद्धरुपमा निर्माण सम्बन्धी तालिम संचालन गरिनेछ।
- भवन मापदण्ड लागु हुनु पूर्व सम्पन्न भएका घरको नक्शाङ्कन गरी नक्शा नियमित गरिनेछ। नयाँ बन्ने घर संरचनाहरुलाई अनिवार्य रुपमा नक्सा पास गर्ने कार्यलाई बढावा दिन, नक्सा पास नगरी निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्न नयाँ बन्ने घरहरुको बिजुली पानीको सिफारिस भवन तथा शहरी विकास शाखाबाट मात्र दिई नयाँ भवन निर्माणको कार्यलाई व्यवस्थित गरिनेछ।
- आ.व. २०८१/८२ को साउन १ देखी असार मसान्त सम्म पुरानो घरहरुको अभिलेख दर्ता गर्ने र वडा अनुसार घर नम्बरिङ्ग भएको घरधुरीहरुको अनिवार्य अभिलेख राख्नुपर्ने व्यवस्था गर्ने र पछिको २ वर्ष सम्म अभिलेख दर्ता बन्द गर्न पहल गरिनेछ।
- एक पटक अभिलेख भएको घरधुरीहरुको स्वीकृत नगरी तला थप भएको अभिलेख प्रमाणपत्रलाई हालको मापदण्ड अनुसार जाँच गरी पुरा हुने देखिएमा क्षेत्रफल अनुसारको राजस्व लिई एक पटकको लागि अभिलेख प्रमाणपत्र प्रदान गरिनेछ।
- नयाँ घर निर्माण दर्ता गरेको २ वर्ष अवधि सम्म भवन सम्पन्न नगरेको खण्डमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार ५ % जरिवाना लिई पुन २ वर्ष म्याद थप हुने प्रावधान रहेको र थप २ वर्ष भित्र सम्पन्नता प्रमाणपत्र नलगेमा थप १०% जरिवाना लिई आंशिक प्रमाणपत्र दिईनेछ।

२) सडक, पुल तथा यातायात

- **"संमृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार"** लाई अभियानको रुपमा कार्यान्वयन गरिनेछ।
- नगरपालिकाको गौरवको रुपमा रहेका योजनाहरुलाई अन्तर सरकार समन्वय र सहजीकरणमा लगानी अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।
- **"नगर समृद्धिको दीर्घकालिन आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार"** भन्ने नारालाई आत्मसात गर्दै नगरस्तरीय सडकहरुमा क्रमशः सडक हरियाली एंव फूटपाथ निर्माण गर्दै लगिने छ। रेखाङ्कन भैसकेका वा सञ्चालनमा रहेका सडक बाहेक थप नयाँ सडकका ट्र्याकहरु खोल्न निरुत्साहित गरिनेछ।
- **"हाम्रो सडक हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिबद्दता"** अनुरुप नगर यातायात गुरुयोजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा सडक पूर्वाधारलाई दीगो विकासको लक्ष्य अनुरुप विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाईनेछ।
- नगरका योजनाहरु सम्पन्न गर्नका निम्ति संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, सामुदायीक वन, गैरसरकारी संघ/संस्था र नगरपालिका वीच लागत साझेदारीको नीति अवलम्वन गरि संचालन गरिनेछ।



CamScanner

- सडकको सर्भे डिजाइन गर्दा विद्युत, खानेपानी र नाली समेत समावेश गरी एकीकृत डिजाइन इष्टिमेट तयार गरी कार्यान्वयनमा ल्याइनेछ । योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्याङकन विधिलाई चुस्त र नतिजामुखी बनाइने छ।
- सार्वजनिक सम्पत्तिको नियमित मर्मत संभारका लागि पूर्वाधार तर्फका योजनाहरु संचालन गर्दा कुल विनियोजित रकमको १ प्रतिशत रकम लागत स्टिमेट तयार गर्दा नै मर्मत सम्भार कोषको लागि छुट्याई लगत स्टिमेट तयार गर्ने र भुक्तानी गर्दा उक्त रकम कट्टा गरी **"मर्मत संभार कोष"** मा जम्मा गर्ने व्यवस्था मिलाईनेछ।
- नगरपालिका भित्र सार्वजनिक पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री, अपाङग मैत्री तथा वातावरण मैत्री, भूकम्प प्रतिरोधात्मक र अग्नि सुरक्षात्मक संरचना निर्माण गर्ने विषयलाई निरन्तरता दिइने छ ।
- पूर्वाधारतर्फ सानातिना टुक्रे योजना भन्दा पुँजी निर्माण हुने खालका योजना निर्माणमा प्रोत्साहन गरिने, लागत ईष्टिमेटको आधारमा वजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ । उपभोक्ता समितिबाट सम्पन्न योजनाहरुलाई जनताको अपनत्व महसुस हुनेगरीं समुदायमा नै हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ।
- नगरपालिकाको योजनाबद्ध विकासको लागि नगरबाट स्वीकृत प्रथम आवधिक योजना (आ.व. २०७९/०८०-२०८३/०८४) ले निर्दिष्ट गरेको नीति तथा कार्यक्रम बमोजिम वजेट विनियोजन गर्ने नीति अख्तियार गरिनेछ।
- नगरपालिकाको केन्द्र र अन्य वडाहरुमा आवश्यकता पहिचान गरी पार्किङ स्थल, जेष्ठ नागरिक विश्रामस्थल, मनोरन्जन पार्क, फोहर संकंलन तथा प्रशोधन केन्द्र, बगैंचा, पोखरी, प्रतिक्षालय, पैदल मार्ग, सार्वजनिक शौचालय जस्ता पूर्वाधारहरुलाई श्रोत साधनको आधारमा क्रमश: व्यवस्थापन गर्दै लगिने छ।
- सार्वजनिक,पर्ति, नदी उकास जस्ता जग्गा अतिक्रमण हुन नदिन एंव अतिक्रमित जग्गा संरक्षण गर्न आवश्यक पहल गरिने छ।
- संघीय समपुरक, प्रदेश समपुरक, नेपाल सडक बोर्ड लगायत अन्य लागत साझेदारीको लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ।
- नगर भित्रका अति विपन्न परिवारको लगत संकलन गरी सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत आवास निर्माण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ।
- पूर्वाधार निर्माणलाई दीगो र भरपर्दो बनाउन नगर भित्र प्राविधिक ल्याव स्थापना गर्ने व्यवस्था मिलाइने छ।
- विपन्नताको कारणले विद्युत मिटर एंव खानेपानी धारा जडान गर्न नसक्ने परिवारलाई निःशुल्क विद्युत मिटर र खानेपानी मिटर जडान गर्न सम्बन्धित निकायमा आवश्यक पहल एंव अनुदानको व्यवस्था गरिनेछ।
- नगर क्षेत्र भित्र संचालनमा रहेका अटो रिक्सा/ई-रिक्साहरुलाई नगरमा समेत दर्ता गर्ने व्यवस्था मिलाई आवश्यक नियमन एंव व्यवस्थापन गरिने छ।
- उपभोक्ता मार्फत सञ्चालन गरिने योजनाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न टोल विकास संस्था र उपभोक्ता समितिका पदाधिकारीहरूको क्षमता विकास सम्वन्धि तालिम सञ्चालन

गरिने र उपभोक्ताको तर्फबाट व्यहोर्नु पर्ने १० प्रतिशतको लागत सहभागितालाई निरन्तरता दिईनेछ।

### ३) जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा

- बाणगङ्गा नगरपालिकालाई वैकल्पिक उर्जायुक्त नगरपालिका निर्माण गर्न पहल गरिनेछ।
- प्राकृतिक स्रोत अन्तर्गत जलस्रोतको उपयोग तथा संरक्षण गर्न जलाशययुक्त पोखरी, जलयुक्त सिंचाई प्रणालीको दिगो व्यवस्थापनको लागि अन्तर निकाय समन्वयमा लगानी बढाईनेछ।
- उज्यालो नगर कार्यक्रम अन्तर्गत सडक बत्ती राख्ने र जडित सडक बत्तिको मर्मत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

### ४) सूचना तथा सञ्चार प्रविधी

- सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगबाट पर्यटन क्षेत्रको समग्र विकासमा लगानी गर्न आवश्यक उपायहरु अवलम्बन गरिनेछ,
- निजी क्षेत्रसंगको सहकार्यमा प्रमुख पर्यटकीय गन्तव्यहरुमा सूचना तथा सञ्चार प्रविधीको उपलब्धता सुनिश्चित गरिनेछ,
- नगरको राजश्व सम्बन्धी सम्पूर्ण कारोबारलाई अनलाईनमैत्री बनाई सहजताको लागि Gateway हरुको व्यवस्थापन गरिनेछ,
- सूचना प्रविधीबाट हुन सक्ने विभिन्न साईबर अपराध बारे सचेतनाका लागि साइबर सुरक्षा शिक्षा प्रदान गरी समग्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगकर्तालाई सक्षम बनाउन विशेष कार्यक्रम तर्जुमा गरिनेछ,
- जनप्रतिनीधि तथा कर्मचारीहरुलाई सूचना प्रविधीमैत्री बनाई सेवा प्रवाहलाई छिटो छरितो बनाउन कार्यक्रम सञ्चालन गरिनेछ,
- नगरभित्र सि.सि.टि.भी. क्यामेराहरुको क्षेत्र थप विस्तार गरी नागरीकको जिउधनको सुरक्षाको प्रत्याभूति गराउन सुरक्षाकर्मीहरुसंगको समन्वयमा व्यवस्थापन गरिनेछ,
- जनतालाई पत्यक्ष पालिकाको अनुभूति हुने गरी Janata Portal जनता पोर्टल सञ्चालनमा ल्याईनेछ। जनता पोर्टलमा पालिकाबाट प्रदान गरीने सम्पूर्ण सेवाहरु एकीकृत रुपमा दिइने छ,
- शैक्षिक गुणस्तर अझ प्रभावकारी र प्रविधि मैत्री बनाउन बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउनका लागि E-Library, Education Portal को विकासका लागि आवश्यक प्रवन्ध गरिनेछ। विद्यालयको शैक्षिक अवस्था र विद्यार्थीहरुको शैक्षिक क्रियाकलापलाई व्यवस्थित गर्न नगरपालिका र विद्यालय विच समन्वय गर्ने प्रणली विकास गरी शैक्षिक गुणस्तरलाई नियमन र सुधार गर्न थप प्रवन्ध मिलाईने छ,
- पालिकामा रहेका भवनको डिजिटल अभिलेख वर्षौं सम्म राख्न, सेवाग्राहीलाई काम छिटो र गुणस्तरीय ढंगबाट प्रदान गरी नक्सापास प्राणालीलाई सम्बन्धीत निकायले अनुगमन गर्ने र नक्सापास प्रणालीलाई जनताको Database मा गाभ्ने गरी एकीकृत प्राणालीको निर्माण गर्न आवश्यक प्रवन्ध मिलाईने छ।
- पालिकामा प्रयोगमा रहेका पटके सफ्टवेयरलाई निरुत्साहित गरी एकिकृत सफ्टवेयरको प्रयोगमा जोड दिइने छ।



CamScanner

- स्वास्थ्य क्षेत्रमा सरकारको सहभागिता रहेको स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न तथा जटिल स्वास्थ्य उपचारमा नगरपालिकाले आवश्यक सहुलियत सहयोग गर्नका लागि आवश्यक सफ्टवेयर र तथ्याङ्क संकलन गरिनेछ।
- पालिका भित्र भएका कम लागत र उच्च प्रतिफाल दिने प्रतिस्पर्धात्मक क्षेत्रको पहिचान गरी लगानि सुनिश्चितका लागि IDEA Bank को स्थापना, विषयगत समितिको निर्माण र परिचालन, सम्भाव्यता अध्ययन जस्ता कार्यक्रममा जोड दिइने छ।
- जनताले पाउने सेवा सुविधालाई अझ प्रभावकारी बनाउन डिजिटल सेवा केन्द्रको लागि आवश्यक प्रवन्ध गरिनेछ।

ग) **सुशासन तथा संस्थागत विकास:**

**१) नीति, कानून, न्याय तथा सूशासन:**

- कानून निर्माणको कार्यलाई दिर्घकालिन र प्रकृयालाई प्रभावकारी बनाउन सम्बन्धित क्षेत्रका विज्ञहरु परिचालन गरिनेछ।
- जनताका दैनिक कार्यसम्पादनमा देखिने अन्यौल्ता हटाउन र सिफारिस सम्बन्धी सेवाहरुलाई प्रभावकारी बनाउन अन्तर निकाय समन्वयलाई जोड दिँदै सिफारिसको कार्यान्वयन गर्ने निकासहरुसंग सेवा सरलिकरणको लागि सहकार्य गर्दै लगिनेछ।
- सेवालाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै लगिने र को लागि नगरको क्षमता विकास योजनालाई अद्यावधिक गर्दै लगिनेछ।
- सुशासनको महत्वपूर्ण अङ्गहरु जवाफदेहिता तथा विधिको शासन कायम, सेवा प्रवाहमा पारदर्सिता, नागरिकको सूचनामा पहुँच, सूचनाको हकको कार्यान्वयन जस्ता कार्यलाई प्रभावकारी बनाउन सार्वजनिक सूचना प्रकाशन, अर्ध वार्षिक तथा वार्षिक समिक्षा, सुझाव संकलन, सरोकारवालाहरुसंग अन्तर्क्रिया, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुलाई अझ बढी प्रभागकारी बनाउँदै लगिनेछ।
- बाणगङ्गा नगरपालिकाको न्यायिक समितिमा नगरवासीको पहुँच स्थापित गर्दै स्थानीय विवादहरूलाई मेलमिलापकर्ता एवं मध्यस्थकर्ता मार्फत समाधान गर्न प्रत्येक वडामा गठन भएका मेलमिलाप केन्द्रलाई थप व्यवस्थापन गरी मेलमिलापकर्ताहरुको क्षमता विकासको लागि विशेष अनुशिक्षण तथा तालिम दिई न्याय सम्पादनलाई छिटो छरितो बनाईनेछ,
- न्यायिक समितिकमा पर्न आएका उजुरीहरु नियमिति फर्छौट हुने गरी न्यायिक समितिको कामलाई प्रभावकारी बनाउन न्याय सम्पादनलाई प्रविधि मैत्री बनाउदै लगिनेछ।
- वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहीता कायम गर्न र सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि यस सम्वन्धि विभिन्न कानून, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा गरी कार्यन्वयन गरिनेछ, यस कार्यका लागि दाताहरुसंग आवश्यक समन्वय गरी प्राविधिक सहायता लिइनेछ।

**२) संगठन तथा क्षमता विकास**

- जनसंख्या बृद्धि संगै नगर तथा वडाको कार्यचाप बढ्दै गईरहेकोले सेवा प्रवाहमा सरलीकृत गर्न जनशक्ति व्यवस्थापनको लागि संगठन संरचनालाई कार्यचापको आधारमा पुर्नसंरचित गर्दै संगठन तथा व्यवस्थापन सर्वेक्षणलाई अद्यावधिक गरिनेछ।
- नगरपालिकामा रहेका मेशिनेरी औजार तथा सञ्चार उपकरणलाई स्तरीकरण गरी आवश्यकताको आधारमा थप यान्त्रिकरण गरिने नीति अवलम्बन गरिनेछ।

### ३) जनशक्ति विकास तथा सेवा प्रवाह

- जनशक्ति विकासका लागि जनशक्ति विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
- संगठन अध्ययन प्रतिवेदन अनुसार आवश्यक जनशक्तिको माग र पूर्तिको प्रक्रिया व्यवस्थित गरिनेछ।
- सेवा प्रवाहलाई सञ्जालीकरण गर्दै सूचना प्रविधीमा आबद्ध गरिनेछ।
- नगर प्रहरीको दरबन्दीलाइ न्यूनतम पन्ध्रमा पुऱ्याई नगर प्रहरी परीचालनलाई थप व्यवस्थीत र प्रभावकारी बनाउन ब्यारेक सिस्टममा राख्ने नीति अवलम्बन गरिनेछ।

### ४) तथ्याङ्कीय प्रणाली

- नगरपालिका भित्रको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधर जन्य स्थितीको यथार्थ अवस्था झल्किने गरी खण्डीकृत तथ्याङ्क सहितको पार्श्व चित्रलाई निरन्तर सुधार गरी कार्यान्वयनमा ल्याइनेछ।
- नगरपालिका भित्र रहेका सम्पूर्ण अचल सम्पत्तीको विवरण संकलन गरी प्रभावकारी प्रयोगका लागि तथ्याङ्कीय प्रणालीमा आबद्ध गरिनेछ।

### ५) योजना अनुगमन तथा विकास व्यवस्थापन

- नगरपालिका पञ्च वर्षिय योजनाको मध्यवधी मूल्याङ्कन गरी वार्षिक बजेट मध्यवधी खर्च संरचना (MTEF) मा आबद्ध गरी कार्यान्यिवनमा ल्याईनेछ।
- नगरपालिका भित्रका महत्वपूर्ण योजनाहरुको प्रोजेक्ट बैंक निर्माण गरी क्रमशः कार्यान्वयन गरिनेछ।
- नगरपालिकाको स्वीकृत नीति, कार्यक्रम तथा बजेट एकद्वार प्रणाली अर्न्तगत योजना अनुगमन तथा प्रशासन शाखाबाट कार्यान्वियन गरिनेछ।
- नगरपालिका भित्र रहेका विभिन्न संघ संस्था, समिति, समुह, क्लब लगायत सम्पूर्ण संगठित संस्थाहरुको विवरण सहितको प्रोफाइल निर्माण गरी क्षमताका आधारमा नगरको समग्र विकासमा परिचालन गरिनेछ।
- समग्र बजेट तथा योजनालाई खरिद योजना, कार्यान्वयन योजना, खरिद गुरुयोजना तथा मध्यावधी खर्च संरचनामा आबद्ध गरी दिगो विकासका लक्ष्य, लैंगिक बजेटका सूचकहरु कार्यान्वयन हुने गरी स्थानीयकरण गरिनेछ।
- योजना अनुगमन तथा विकास व्यवस्थापनलाई थप प्रभावकारी बनाउन बाह्य अनुगमन प्रणालीलाई संस्थागत गरिनेछ।

CamScanner

- विभिन्न संघसंस्था, निकाय, वन समुह, सहकारी तथा अन्य सरोकारवालाहरुबाट भौतिक पूर्वाधारजन्य कार्य गर्दा नगरपालिकासंग लागत साझेदारी तथा पूर्व स्वीकृतमा कार्यक्रम कार्यान्वयन गर्न संस्थागत व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।

## घ) आर्थिक विकास

### १) कृषि विकास

- कृषियोग्य जमिनमा सिँचाईको पहुँच पुऱ्याउन कृषकहरुसँगको लागत साझेदारीमा साना सिँचाई, स्यालो ट्युवेल, सतह सिंचाई, पोखरी तथा ताल तलैया मर्मत तथा विस्तार गरी सिंचित क्षेत्रफलको विस्तार गरिनेछ,
- धान, गहुँ, मकै, दलहन र तेलहन जस्ता अन्नबाली एवम् विभिन्न नगदे बालीहरुको उन्नत बिउ एवम् कृषि यन्त्र वितरण लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ,
- कृषकहरुलाई सहज,सुलभ तथा प्रभावकारीरुपमा प्राविधिक सेवाको पहुँच पुऱ्याइने छ,
- कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकीकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार, सहकारी तथा सामुहिक खेतीलाई प्रोत्साहन गरिनेछ,
- कृषकलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, कृषि सामाग्रीमा अनुदान तथा सहयोग गर्ने, कृषि उत्पादनको बजारीकरण गर्न आम्दानीको बचत गर्नेसम्मका कार्यको सुनिश्चितता हुने गरी सहकारी संस्थाहरुको सवलीकरणमा जोड दिईने छ,
- कृषिजन्य उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि **"एक वडा, एक उत्पादन"** को अवधारणालाई प्रोत्साहन गर्दै लगिनेछ, कम्पोष्ट मल, हरियो मल, प्राङ्गारिक मल एवं गड्यौंला मल उत्पादक कृषकहरुलाई विशेष प्रोत्साहन गरिनेछ,
- उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषकहरुलाई आफ्नो पेशा प्रति व्यवसायिकताको विकास गर्न मापदण्डको आधारमा **"उत्कृष्ट कृषक सम्मान"** कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ, साथै किसान सूचीकरणको कार्यलाई समेत निरन्तरता दिईने छ,
- प्रदेश तथा संघीय सरकारको समन्वय र सहकार्यमा निर्माणाधिन कृषि उपज संकलन केन्द्रको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ,
- पूर्व सम्भाव्यताका आधारमा बाणगङ्गा नगरपालिका वडा नं. ८ को धनेशपुर क्षेत्रमा **"मत्स्य अनुसन्धान केन्द्र"** स्थापनाको लागि संघीय सरकार, कृषि तथा पशुपंक्षि विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिनेछ,
- कृषि क्षेत्रको विकासको लागि माटो अनुकुल बनाउन माटो परीक्षणको आवश्यक व्यवस्था मिलाइने छ, कृषकहरुलाई मागको आधारमा कृषि सम्बन्धि आधारभूत र विशेष तालिमको प्रवन्ध गरिनेछ,
- नगरपालिका भित्र कृषक, समूह र सहकारीद्वारा उत्पादित बिउलाई नगरपालिकाले नै खरिद गरी कृषकहरुलाई नै वितरण गरीने कुरालाई प्राथमिकता दिईनेछ,
- रैथाने प्रजातिका बाली संरक्षणको लागि आवस्यक कार्यक्रम सञ्चालन गर्ने साथै बिउ बैङ्कको अवधारणा अगाडि बढाईनेछ ,
- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नको निमित्त सहकारी संस्थाहरुसँग साझेदारी गरी "कोशेली घर" सञ्चालनको निमित्त आवश्यक कार्यक्रम संचानल गरिनेछ,

- बिउ प्रतिस्थापन दर बढाउनका लागि धान, मकै तथा गहुँ एवं तरकारीजन्य बीउ उत्पादनका कार्यक्रम सञ्चालन गरी नगरलाई खाद्यान्न बालीको बीउमा आत्मनिर्भर गराउँदै लगिनेछ,
- बढ्दो विषादी प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्यूनीकरण गर्न विषादी सचेतनाका कार्यक्रम /कृषक पाठशाला सञ्चालन गरी आर्गानिक उत्पादनतर्फ जोड दिईनेछ,
- कृषि सम्बन्धी ज्ञान तथा सीप हासिल गरेका नगरमै कृषि पेशामा संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम सञ्चालन गरी आय आर्जनमा जोड दिईनेछ,
- कृषि, पशुपंछी तथा जडीबुटी बीमा सम्बन्धि कार्यक्रमलाई कृषक समक्ष पुरयाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ,
- ताजा तरकारीको उत्पादन बढाई खाद्य पोषण सुरक्षाको लागि **"एक घर एक करेसाबारी एक वडा एक नर्सरी"** कार्यक्रम सञ्चालन गरिनेछ,
- कृषकहरुलाई कृषि पेशाका आकर्षित गरी व्यवसायिक खेती विस्तारको लागि प्रमुख बालीवस्तुमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ,
- माहुरी पाल्न इच्छुक कृषकहरुलाई तालिम एवं अनुदानमा माहुरीका घार वितरण कार्यक्रमलाई निरन्तरता दिने, सम्भावना भएका क्षेत्रमा उत्पादन वृद्धि गर्न मौरी, तरकारी, च्याउ जस्ता उत्पादनमा क्लष्टर छुट्ट्याई कार्यक्रम सञ्चालन गरिनेछ,
- नगरभित्रका साप्ताहिक हाटबजारलाई व्यवस्थित गर्दै कृषकहरुका आफ्ना उत्पादनलाई सोझै बजार पहुँचका लागि "बिक्री कक्ष" स्थापनाका लागि पहल गरिनेछ,
- कृषकलाई प्रतिस्प्रधि तथा व्यवसायिक गराउन कृषि मेला, कृषक भ्रमण, प्रदर्शन, तालिम, गोष्ठी तथा प्रविधिमैत्री कृषि कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- विगतमा सञ्चालित ब्लक, पकेट तथा जोन, सुपरजोनका कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ,
- समग्र कृषि विकास तथा उन्नयनको लागि कृषि विकास प्रवर्द्धन कोष स्थापना गरिने छ । जसबाट जनशक्ति व्यवस्थापन कृषिमा यान्त्रिकरण, अनुदानका कार्यक्रम सञ्चालन गरिने छ ।

**२) पशुपन्छी विकास**

- जिल्लाकै समस्याको रुपमा परिचित छाडा पशु चौपाय नियन्त्रणलाइ संस्थागतरुपमा कार्य गर्न स्थायी गौशाला निर्माण गरी व्यवस्थित गरिनेछ,
- नगरपालिकाको उपयुक्त स्थानमा Animal Research and Rescue Center (ARRC) स्थापना गरी छाडा चौपायहरुबाट आयआर्जन तथा अनुसन्धानको कार्यलाई प्राथमिकता दिइनेछ,
- नगरपालिकालाई क्रमशः दूधमा आत्मनिर्भर, माछा मासु र अण्डमा आत्मनिर्भर बनाउन लागनी अभिवृद्धि गर्दै अभियानमूखि कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाई/ भैसीहरुको नश्ल सुधार गर्न कृत्रिम गर्भाधान सेवाको कार्यक्रमलाई निरन्तरता दिईनेछ,



CamScanner

- पशुपन्छी बिमालाई थप प्रभावकारी बनाउन सामाजिक परिचालनको माध्यमद्वारा अभियान सञ्चालन गरिनेछ तथा उक्त कार्यको लागि थप अनुदानको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ,
- **स्वच्छ पशु बृहत उत्पादन** अभियानलाई आत्मसात गर्दै पशुहरुको पोषणको लागि मौसम अनुसार उन्नत घाँसखेती विस्तार गर्ने र पशु उपचारलाई अभियानको रुपमा सञ्चालन गरिनेछ,
- पशुपन्छीहरुको उपचार, प्रयोगशाला तथा स्थलगत परजीवि नियन्त्रण कार्यक्रमहरुलाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ,
- पशु वस्तुहरुमा भ्यागुते/ चरचरे/ खोरेत/ रेबिज तथा पि.पि.आर.रोग बिरुद्धको खोप निःशुल्क उपलब्ध गराउने तथा पशुहरुमा लाग्ने महामारी तथा जुनोटिक रोगहरुको नियमित अनुगमन/सर्भेलेन्स गरी रोग नियन्त्रण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ,
- व्यवसायिक तथा साना पशुपालक कृषकहरुलाई पशुजन्य पदार्थहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गराउन दुधमा अनुदान, गोठ/खोर सुधार, यान्त्रिकीकरण खरिदमा सहयोग तथा पशुपन्छी विमाहरुमा थप अनुदान लगायतको अन्य कार्यहरु सञ्चालन गरिनेछ,
- सहकार्यमा डेरी पसल, मासु पसल, दुग्ध संकलन केन्द्र तथा दुग्ध सहकारी संस्थाहरुको सुधारमा यान्त्रिक तथा प्राविधिक सहयोग गरिनेछ,
- पशुपालन क्षेत्रमा व्यवसायीकरण गर्नको लागि कृषकहरुलाई समूह/ समितिमा आवद्ध गराई दिगोपन ल्याउन तथा पशुजन्य पदार्थ (दुध/ मासु/ अण्डा) मा आत्मनिर्भर गराउन पशुपन्छी विकासको लागि विभिन्न सरकारी/ गैर सरकारी संघ संस्था सँग सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गर्ने र पशुपन्छी तथा मत्स्य तथ्याङ्कलाई अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ,
- किसानहरुको आत्मबल वृद्धि तथा सेवा प्रति दिगोपना ल्याउन पशुपालक कृषकहरुको क्षमता विकास तथा सम्मानको कार्यलाई निरन्तरता दिइनेछ,
- निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्य कर्मी, पशु सेवा संग सम्बद्ध उद्योग व्यवसाय (फर्म, पसल, क्लिनिक, दाना) आदिको नियमन, अनुगमन र सञ्जालीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ,
- सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनबाट उक्त कार्यक्रमको असर र प्रभाव (Effect and Impact) को मूल्याङ्कनमा जोड दिई आवश्यक सुधारको व्यवस्था मिलाईनेछ ।
- समग्र पशु विकास तथा उन्नयनको लागि पशु विकास प्रवर्द्धन कोष स्थापना गरिने छ। जसबाट जनशक्ति व्यवस्थापन पशु विकासमा यान्त्रिकरण तथा प्रविधिकरण र अनुदानका कार्यक्रम सञ्चालन गरिने छ।

### ३) सिँचाई

- उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बाँझो जग्गा नराख्ने नीति अवलम्बन गर्दै भूमिगत सिंचाई प्रणालीलाई प्राथिमिकता दिईनेछ।
- पानीको मुहान सिंचीत जमिनको अवस्थालाई हेरी लिफ्ट सिंचाई, डिप-बोरिङ्ग, स्यलो-ट्यूबवेल प्रणालीबाट कृषि योग्य जमिन सिंचाईलाई प्राथमिकता दिइनेछ।
- परापूर्वकाल देखि चलि आएका कुला तथा नहरहरु संरक्षण र पुर्न निर्माणमा जोड दिइनेछ।



CamScanner

- लागत साझेदारीमा सिंचाइ संरचना निर्माण तथा मर्मत संभारको कार्यलाई निरन्तरता दिइने छ।

## ४) उद्योग, व्यापार तथा व्यवसाय

- समग्र नगरपालिकाको उद्योग व्यापार तथा व्यवसायको तथ्याङ्क अद्यावधिक गरी औद्योगिक प्रोफाईल निर्माण गरिनेछ।
- साना तथा घरेलु उद्योग सञ्चालन र संरक्षणमा विशेष नीति अवलम्बन गरिनेछ।
- साना व्यवसायहरुलाई संरक्षण गर्न व्यवसाय सञ्चालनको वातावरण सुनिश्चत गर्दै दिगो व्यवसाय सञ्चालनमा निजी क्षेत्रसंग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।
- संघ र प्रदेश सरकारको समन्वयमा औद्योगिक कोरिडोरको परिकल्पना गरी ठूला उद्योग तथा व्यवसायलाई नगरपालिका क्षेत्रमा व्यवसाय सञ्चालन गर्न उचित वातावरण सिर्जना गरिनेछ।
- लक्षित कार्यक्रम अन्तर्गत सञ्चालन गरीने विभिन्न तालिमहरुलाई नयाँ उद्यमी सृजना, उद्यमशिलता प्राविधिक सिप विकास तालिम, भईरहेको स्तरोन्नती लघुवित्तमा पहुँच तथा बजारीकरण सम्बन्धमा उत्पादकत्व वृद्धि गरी उद्यमीहरुको स्तरमा उपलब्धी मूलक गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा सँग जोडिनेछ।
- निर्माण सेवा, उत्पादन सेवाका कार्य गर्दा स्थानीर्य उत्पादन प्रयोग गर्न जोड दिइनेछ।

## ५) पर्यटन तथा संस्कृति

- नगरपालिकाको समग्र पर्यटन विकासलाई मध्यनजर गरी बाणगङ्गा सर्किट घोषणा गरिनेछ। उक्त सर्किट भित्र पर्यटन गुरु योजना निर्माण गरी अन्तर निकाय समन्वयमा लगानी बढाईनेछ।
- पर्यटन क्षेत्रको समग्र विकासमा कृषि पर्यटन र धार्मिक पर्यटनलाई प्राथमिकता दिई आन्तरिक रोजगारी श्रृजना गरिनेछ।
- नगरपालिका भित्र परापूर्वकाल देखि चली आएका सांस्कृतिक धार्मिक परम्परालाई दस्तावेजीकरण गर्दै नगरपालिकाको सांस्कृतिक प्रोफाइल निर्माण गरी संरक्षण र सम्वर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

## ६) भूमि, व्यवस्था

- सुकुम्बासी समस्या समाधान आयोगको सहकार्यमा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको अभिलेख बमोजिम जगाको नापि गर्ने कार्यको शुरुवात भईसकेको हुदा सो कार्यलाई निरन्तरता दिदै नक्सा श्रेस्ता तयार गर्ने कार्य सम्पन्न गरी भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई जगाधनि प्रमाण पत्र पूर्जा वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- नगर भित्र रहेका सरकारी सार्वजनिक जग्गाहरुको पहिचान गरी अतिक्रमणमा रहेका जग्गाहरुको अतिक्रमण हटाउने र सरकारकी सार्वजनिक जग्गाहरु व्यवस्थापन गरिनेछ,
- भूमि-वर्गिकरण मापदण्ड तथा आधारहरु, २०७९ जारी गरिएको छ र भू-उपयोगको आधारमा जमिनको उपयोग गर्ने, र भू-उपयोग योजना निर्माण गरी कित्तागत योजना निर्माण गरिनेछ,
- भूमि बैंक स्थापना गरी नगरमा रहेका बाझो जग्गाहरुको उपयोग गर्ने र बाझो जग्गाहरु राख्न निरुत्साहित गरिनेछ,

- नगर एटलस निर्माण गरी नगरको भौगोलिक, पर्यटकीय, राजनीतिक र प्राकृतिक स्रोतहरुको जानकारी विद्यार्थीहरुलाई प्रदान गर्न नगरको स्थानीय पाठ्यक्रममा नगर एटलस विषयलाई समावेश गरिनेछ।

**७) सहकारी तथा वित्तिय सेवा**

- नगरपालिका र सहकारीहरुको संयुक्त लगानीमा गरिने कार्यक्रमहरुको पहिचान गरी सहलगानीको वातावरण सिर्जना गरिनेछ,
- सहकारी संघ/संस्थाहरुको लागत सहभागीतामा सीप विकास तथा उद्यमशिलता उन्मुख स्वरोजगारीका लागि व्यवसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ,
- बाणगङ्गा नगरक्षेत्र भित्रका सहकारीको नियमन, प्रवर्द्धन र विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- बाणगङ्गा नगरक्षेत्रभित्र रहेका सहकारीहरुलाई समुदायमा वित्तीय पहुँच, सशक्तिकरण, नेतृत्व विकास, क्षमता विकास, सामाजिक एकिकरण, उद्यमशिलता प्रबर्द्धन र गरीबी न्यूनिकरण गर्दै लैजान सहयोग समन्वय र सहकार्यमा जोड दिईनेछ।

**८) श्रम, रोजगार तथा गरीबि निवारण**

- सम्भाव्यताका आधारमा नगरपालिका भित्र रहेका श्रम शक्तिको सर्वे गरी श्रमिकहरुको इच्छा र सीपको आधारमा श्रमिक बैंक स्थापना गरी क्षमता विकास तथा रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।
- गरीबिको मापनको आधारमा बहुआयमिक गरीबि निर्धारण गर्न अन्तर निकाय समन्वयमा गरीबि निवारण कार्यक्रम सञ्चालन गरिनेछ।
- नेपाल सरकारले लिएको प्रत्येक पालिकाको कम्तिमा १०० जनालाई १०० दिन बराबरको रोजगारीमा संलग्न गर्ने नीति भए बमोजिम उक्त कार्यक्रमलाई सफल पार्न नगरपालिका भित्र रहेका सबै बेरोजगारहरुलाई रोजगार सूचीमा समावेश हुन प्रोत्साहन गरिनेछ।

**ङ) <u>वातावरण तथा विपद व्यवस्थापन</u>**

**१) वन, भू-संरक्षण तथा जैविक विविधता**

- **"घरघर, टोलटोलबाट फोहोरको स्व-अवसान, सफा सुन्दर पालिका हाम्रो स्वाभिमान"** कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- हरियाली प्रवर्धन गर्नका लागि नर्सरी स्थापना गरी सञ्चालनमा ल्याईने छ,नगरपालिका क्षेत्रभित्रका खुला क्षेत्र, सडक किनारा, सरकारी तथा गैर सरकारी संघसंस्था, विद्यालय परिसर, नदी किनार, सडक किनार, सार्वजनिक जग्गा, पर्ति तथा नदी उकासका स्थलहरुमा विभिन्न प्रजातिका बिरुवाहरु रोपी हरियाली प्रवर्द्धन गरिनेछ, कम्तिमा **"एक घर दुई रुख"**को कार्यक्रमलाई अभियानको रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ,
- पालिका भित्र रहेका वन बाहेकका जग्गामा रहेका रुखहरुको (Trees outside forest) अभीलेखीकरण गरी आगामी वर्षबाट निजि वन, निजी जग्गामा रहेका रुखहरु र सार्वजनिक वन व्यवस्थापन सम्बन्धी कार्य पालिका बाट सञ्चालन गर्ने पहल गरिनेछ,



CamScanner

- प्लाष्टिक झोलाको प्रयोग न्यूनीकरण गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ, **"म सफा गर्छु मेरो नगर"** अभियानलाइ निरन्तरता दिइनेछ,
- बाणगङ्गा नगरपालिकामा रहेका उद्योगहरुलाई वातावरणीय मपदण्डको दायरामा ल्याइने छ, वातावरणीय प्रदुषण मापन गर्ने उपकरणहरुको व्यवस्था तथा अध्ययन गरिनेछ,
- नगरपालिका भित्रका हरेक टोल तथा वडाबाट फोहोरमैला संकलन र ढुवानी गर्ने गरी आवश्यक संस्थागत एवं नीतिगत व्यवस्था गरिनेछ, फोहोरमैला प्रशोधन केन्द्र स्थापनाका लागि प्रक्रिया अगाडि बढाइनेछ,
- नदीको ऐतिहासिक बहाव क्षेत्र पहिचान गरिनेछ र जल उत्पन्न प्रकोप मुल्यांकन तथा जोखिम सिमाङ्कन (Watershed Modelling, Flood modelling and Climate induced disaster risk mapping ) गरिनेछ। ग्याबियन तथा बायोईन्जीनियरिङ विधी द्वारा नदी कटान नियन्त्रण तथा उकास जग्गा संरक्षण गरिनेछ,
- जलवायु परिवर्तन समबन्धी सम्भावित विपद् मुल्यांकन, वर्गीकरण तथा प्राथमिकिकरण, विपद् जोखिम मुल्यांकन, पूर्वतयारी तथा प्राथमिकीकरण र न्यूनिकरण अध्ययन, जलवायु अनुकुलन योजना निर्माण तथा लागु, कार्बन उत्सर्जन तथा सञ्चिति अध्ययन गरिनेछ।
- सामूदायिक वन तथा वनसंग सरोकार राख्ने संघसंस्थाको पूँजीलाई समग्र विकासको प्रक्रियामा सहभागी हुन सहलगानीको वातावरण सिर्जना गरी लगानी अभिवृद्धि गरिनेछ।
- नगरपालिका र सामुदायिक तथा धार्मिक वनको सहकार्यमा सघन वृक्षारोपण, "एक सामुदायिक वन, एक फलफूल बगैंचा" र डाले घाँस उत्पादनका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। सामुदायिक, निजि, धार्मिक तथा साझेदारी वनलाई दिर्घकालिन रुपमा आय आर्जनहुन सक्ने जडीबूटी, काठ, दाउरा, घाँसका लागि बहुमूल्य बोटबिरुवाहरु वृक्षारोपणका लागि प्रेरित गर्दै लगिनेछ।

## २) वातावरण, संरक्षण तथा फोहोरमैला व्यवस्थापन

- स्वच्छ वातावरण निर्माण गर्नका लागि **"एक वन एक उद्यान सडक हरियाली"** कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।
- फोहोरमैलालाई उद्यममा रुपान्तरण गर्दै फोहोरमैला व्यवस्थापन उद्योग स्थापनाको पहल गरिनेछ।

## ३) विपद् जोखिम व्यवस्थापन

- विपद् बाट हुने घटनालाई न्यूनीकरण गर्न Rapid Response Team (RRT) लाई संस्थागत गरी परिचालन गरिनेछ।
- प्रकोप व्यवस्थापन कोषलाई प्रभावकारीरुपमा परिचालन गरिनेछ।
- प्रकोप न्यूनीकरणमा जाली र नाली कार्यक्रम सञ्चालन गरी संवेदनशील क्षेत्रहरुको संरक्षण गरिने नीति अवलम्बन गरिनेछ,
- नगरपालिकाको समग्र जमीनको अवस्थित पहिचान गरी भू-संवेदनशील योजना निर्माण र योजना अनुसार लगानी अभिवृद्धि गरिनेछ।



CamScanner

४) जलवायु परिवर्तन अनुकूलन

- समग्र विकास निर्माण कार्यलाई जलवायू परिवर्तन अनुकूलन हुने गरी वातावरण मैत्री विकासमा जोड दिइनेछ।
- जलवायु परिवर्तनको असर र प्रभावलाई अनुकूलन गर्न जलवायु परिवर्तन अनुकूलन योजना निर्माण गरी समग्र विकासात्मक गतिविधिहरुमा आबद्ध गरिनेछ।

च) **श्रोत परिचालन तथा राजश्व:**

- वित्तीय अनुशासनलाई उच्च प्राथमिकता दिँदै वित्तीय जोखिमका क्षेत्रहरु प्रति गम्भिर भई सुधारात्मक कदमहरु चालिने छ। आन्तरिक श्रोत एवं संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरुबाट हाम्रा आर्थिक गतिविधिहरु निर्देशित हुने व्यहोरा हामी सबैलाई अवगत नै छ। करका क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करका प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्बन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक_असर समेत आंकलन गरी सरोकारवालाहरुको सुझाव समेतका आधारमा बिगत आ.व.हरुमा परिचालन गरीएका करका दायराहरुलाई फराकिलो गर्दै कर तिर्ने नागरीकको दायित्व पूरा गर्न अभिप्रेरित गरिनेछ। प्राप्त अनुदान र नागरीकबाट प्राप्त करको समुचित उपयोगमा जोड दिँदै पुँजी निर्माणमा उच्च प्राथमिकता दिइने छ।
- सरकारी खर्चको कुशल व्यवस्थापनबाट सुशासनका आयामहरुको क्रियाशीलताद्वारा विकासका लक्ष्यहरु पूरा गरिनेछ। सो को निम्ति आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सरकारी कोषको अधिकतम सदुपयोग गर्ने तर्फ विशेष ध्यान दिइने छ।
- वित्तीय कुशलताद्वारा चालु खर्चलाई वान्छित सीमाभित्र राख्ने, पुँजीगत खर्च बढाउने र पुँजी निर्माण गर्ने कुरामा विशेष ध्यान दिइने कुरा हाम्रो प्राथमिकताको विषय हो। निर्धारित खर्चको आवश्यकता पूरा गर्न राजश्व परिचालनलाई प्रभावकारी बनाइने छ। राजश्व प्रशासनमा आधुनिक प्रविधिको अधिकतम उपयोग गरी दायरा फराकिलो पारिने छ। करदाता मैत्री प्रणाली विकास गरी कर परिचालनलाई सरल र सहज बनाइने छ।
- कार्यालयको खर्च गर्ने क्षमतामा वृद्धि गरी वित्तीय कुशलताद्वारा बेरुजुलाई न्यून गर्दै सुशासन कायम गर्न सूचना प्रविधिको अधिकतम र उच्चतम प्रयोग गरिनेछ।
- **"सम्मृद्ध नेपाल; सुखी नेपाली"** को राष्ट्रिय आकांक्षालाई पूरा गर्न दीगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्ने कुरामा विशेष ध्यान दिइने छ।
- नगरपालिकाको प्रथम आवधिक योजना (२०७९/०८०- २०८३/०८४) निर्माणको काम सम्पन्न भई सकेको अवस्थामा हाम्रा वार्षिक नीति, कार्यक्रम र बजेट समेत आवधिक योजनाका अभिन्न अंग हुने छन्।
- नेपालको संविधान, संघीय सरकार र प्रदेश सरकारका आवधिक योजना, प्रचलित कानून, स्थानीय श्रोत साधन लगायतका विषयवस्तुहरु श्रोत परिचालनका प्रमुख आधारहरु रहने छन्।

छ) अन्तर निकाय समन्वय:

- संविधानले परिकल्पना गरेको सार्वजनिक, निजी र सहकारी क्षेत्रको माध्यमबाट आर्थिक गतिविधिहरुलाई चलायमान बनाइने छ । संघ, प्रदेश र स्थानीय तहहरु बीचको आपसी सम्बन्ध, समन्वय एवं सहकार्यमा विशेष ध्यान दिइने छ ।
- विकास साझेदार संस्थाहरुसँगको सम्बन्ध सुमधुर बनाउँदै विकासका साझा उपायहरुको खोजी गरी प्रक्रिया अगाडि बढाउने कार्यलाई प्राथमिकता दिइने छ ।
- परामर्श एवं विज्ञ सेवाको माध्यमबाट राजश्वका श्रोत, आन्तरिक एवं बाहय भगिनी सम्बन्ध, दीगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण र स्थानीयकरण लगायतका विषयहरुमा परिचालन गरिनेछ ।
- सहकार्य र समन्वयको नीति अनुरुप साझा उद्देश्य र संभावना भएका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गर्ने कुरालाई प्राथमिकता दिइने छ ।

अन्त्यमा,

उल्लेखित नीतिहरु मध्ये आर्थिक विकास, पूर्वाधार विकास तथा वन, वातावरण तथा विपद व्यवस्थापन विषयक्षेत्रगत नीति कार्यान्वयनबाट **"ब्राण्ड बाणगङ्गा"** र सामाजिक विकास, सुशासन तथा संस्थागत विकास विषयक्षेत्रगत नीति कार्यान्वयनबाट **"बिलिभ बाणगङ्गा"** भन्ने नारालाई सफलीभूत पार्ने अन्तर निकाय समन्वयमा लगानी अभिवृद्धि गरी अभियानमूखि कार्यक्रम सञ्चालन गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

अब म उल्लेखित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न अनुमानित स्रोत अनुमान रु. **१ अरब ६२ करोड ४६ लाख ८६ हजार** (सामजिक सुरक्षा समेत) लाई देहाय विषय क्षेत्रमा देहाय बमोजिम श्रोत परिचालन गर्ने अनुमान गरेको छु ।

१. **सामाजिक क्षेत्र:**

स्वास्थ्य तथा पोषण, शिक्षा, भाषा, कला तथा साहित्य, खानेपानी तथा सरसफाई, महिला, बालबालिका तथा सामावेशीकरण, यूवा, खेलकूद तथा नवप्रवर्तन, सामाजिक सूरक्षा तथा पञ्जीकरणका लागि कूल **रु. ६१ करोड ७३ लाख ८० हजार ६ सय ८० रकम (३८%)** अनुमान गरिएको छ ।

२. **भौतिक पूर्वाधर क्षेत्र:**

भवन तथा बस्ती विकास, सडक, पुल तथा यातायात, जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा, सूचना तथा सञ्चार प्रविधीको लागि **रु. ४८ करोड ७४ लाख ५ हजार ८ सय रकम (३०%)** अनुमान गरिएको छ ।

३. **सूशासन तथा संस्थागत विकास:**

नीति, कानून, न्याय तथा सूशासन, संगठन तथा क्षमता विकास, जनशक्ति विकास तथा सेवा प्रवाह, तथ्याङ्कीय प्रणाली, योजना अनुगमन तथा विकास व्यवस्थापनको लागि **रु. २४ करोड ३७ लाख २ हजार ९ सय रकम (१५%)** अनुमान गरिएको छ ।



CamScanner

४. आर्थिक विकास:

कृषि विकास, पशुपन्छी विकास, सिँचाई, उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन तथा संस्कृति, भूमि, व्यवस्था, सहकारी तथा वित्तिय सेवा र श्रम, रोजगार तथा गरीबि निवारणको लागि **रु. २२ करोड ७४ लाख ५६ हजार ४० रकम (१४%)** अनुमान गरिएको छ।

५. **वातावरण तथा विपद व्यवस्थापन:**

वन, भू-संरक्षण तथा जैविक विविधता, वातावरण, संरक्षण तथा फोहोरमैला व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलवायु परिवर्तन अनूकलनका लागि **रु. ४ करोड ८७ लाख ४० हजार ५ सय ८० रकम (३%)** अनुमान गरिएको छ।

उल्लेखित विषय शिर्षकमा कूल बजेट **रु. १ अरब ६२ करोड ४६ लाख ८६ हजार** रकम रहेको छ जसमध्ये चालूतर्फ **रु. ८९ करोड ३५ लाख ७७ हजार ३ सय (५५%)** र पूँजिगततर्फ **रु. ७३ करोड ११ लाख ८ हजार ७ सय (४५%)** खर्च हुने अनुमान गरिएको छ।

सभाका सदस्यज्यूहरु,

अन्त्यमा,

स्थानीय सरकारको लक्ष्य, उद्देश्य, प्राथमिकता, नीति र रणनीतिहरु संविधानको मर्म अनुसार सहकार्यतामूलक, जनमैत्री हुनुपर्छ। यसको अन्तिम गन्तव्य समग्र नागरीकहरुको खुशियाली वृद्धि गर्नु, स्थानीय श्रोतको परिपालन, विकास निर्माणमा लागत सहभागिता, सम्पूर्ण सरोकारवालाहरुको संलग्नता, कार्यान्वयन पक्षमा हुने सरलताको कारणबाट जनतामा खुशियाली वृद्धि हुने हुँदा हामीहरुलाई प्राप्त हुने जिम्मेवारी उच्च मनोबलका साथ पूरा गर्न सामूहिक प्रयत्न गर्दा प्राप्त गर्ने उपलब्धी तथा प्राप्त गरी सकेका उपलब्धीको समग्रतालाई रक्षा गर्दै कार्यको बजारीकरण सके हामी सबैको साझा जिम्मेवारी पूरा हुनेछ। यो साझा जिम्मेवारी पूरा गर्न हामी सबैलाई सफलता मिलोस् , हाम्रो अन्तिम सफलता बिन्दु भनेको ब्राण्ड बाणगङ्गा, बिलिभ बाणगङ्गा हो । यस क्षेत्रमा क्रियाशिल राजनैतिक दल, समग्र नागरीक क्षेत्र र समग्र कर्मचारी वर्गको त्रिकोणात्मक समन्वयबाट सकारात्मक उर्जा प्रवाह गर्न सके अन्तिम बिन्दु प्राप्तिमा सहजता प्राप्त गर्ने हुँदा हाम्रा, कर्म, मर्म र धर्म तत् दिशातर्फ उन्मूख भई क्रियाशिल रहने तथा हाम्रो नेतृत्व सदैव चनाखो रहने गरी सम्पूर्ण क्षेत्रको सल्लाह सूझाव र मार्ग निर्देशनलाई नेतृत्व गर्ने अभिलाषाका साथ विदा चाहन्छु, धन्यवाद !

**धन्यवाद। नमस्कार॥**

२०८१ असार ०५ गते बुधबार।

चक्रपाणी अर्याल
नगर प्रमुख
बाणगङ्गा नगरपालिका

अनुसूची-२
(निर्णय नं. १५.१.३ सँग सम्बन्धित)

लेखा समिति, बाणगंगा नगर कार्यपालिका बाट सिफारिस भई १५ औं नगर सभामा पेश हुन आएको महालेखापरीक्षकको कार्यालयबाट जारी आ.ब.२०७९।८०, आ.ब.२०७८।७९, र आ.ब. २०७७।७८को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका विषयवस्तुहरुलेकार्यालयको यथार्थ आर्थिक अवस्थाको चित्रण गर्दै महत्वपुर्ण सुझाब प्रस्तुत गरिएकोमा महालेखापरिक्षकको कार्यालयलाई विशेष धन्यवाद व्यक्त गरियो । आ.ब. २०७९/८०, आ.ब.२०७८।७९, र आ.ब. २०७७।७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको सम्बन्धमा देहायका दफाहरुको नियमित गर्ने, अन्य विषयमा यथेष्ट प्रमाण संकलन तथा कानून परिपालनामा विशेष ध्यान केन्द्रित गर्ने प्रतिवद्धता साथ आवश्यक प्रमाणबमोजिमको बेरुजु हटाउन महालेखा परीक्षकको कार्यालयसमक्ष अनुरोध गर्ने निर्णय गरियों ।

तपशिलः

| | | | आ.ब.२०७९।८० को महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनपर्ने व्यहोराः | | | |
|---|---|---|---|---|---|---|
| क्र.म | आर्थिक वर्ष | दफा नं. | अनियमित भएको व्यहोरा | नियमित गर्नुपर्ने प्रतिक्रिया | नियमित/ सम्परीक्षणका लागि अनुरोध रकम रु. | कैफियत |
| १. | २०७९/८० | २२ | कानूनी सल्लाहकारःलुम्बिनी प्रदेश, गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७६ मा कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था भएको पाइएन। पालिकाले कानूनी सल्लाहकार को पदमा श्री हूमनाथ पाण्डे लाइ सम्झौतागरी मासिक रु ३६००० को दरले १० महिनाको रु ३६०००० भुक्तानी भएको पाइयो। कानूनमा व्यवस्था नभएको कानूनी सल्लाहकारको पारिश्रमिक नियमित नदेखिएको । | कार्यालयलाई बिपक्षी बनाई समय-समयमा मुद्दा मामिला परिरहने भएकोले सोको बहस पैरवी गर्न, कानूनी प्रश्न समावेश भएका नगरका अधिकार क्षेत्रभित्रका विभिन्न विषयमा राय परामर्श लिन तथा कुनै नयाँ कानूनी व्यवस्थाको मस्यौदाको लागि सहयोग प्राप्त गर्न र कानूनी बिज्ञता तथा सेवा प्राप्त गर्न नगरपालिकाले नगरमा कानून सेवाको कर्मचारी नभएको अवस्थामा सम्झौता गरी सल्लाहकार नियुक्त गरिएको, पटके रुपमा कानूनी परामर्श सेवा प्राप्त गर्नु पर्दा लागत अझ बढि हुने समेत भएकोले नगरले मितव्ययी तवरले यस प्रकारबाट सेवा लिएको हुँदा अनियमित भएको बेरुजु रु.३६०००।– हटाउनु हुन अनुरोध छ । | ३६०,०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | | २५ | कर्मचारी व्यवस्था:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि जम्मा ४३ जना कर्मचारी करारमा राखि रु१२६८८१४६ तलब भत्तामा खर्च लेखेको छ। त्यसैगरीसोही ऐनको २०७४कोदफा ८३ (८) बमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचेल गायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ। पालिकाले उल्लेखित पदवाहेकको सहायक चौथोपदमा ३ जना करार नियुक्ति गरी मासिक २७६०० को दरले बर्षभरीमा रु.१०७६४००।- भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु. १०७६४००/- | दफा २५ को सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी संरचना अनुसार कार्यालयमा प्रशासनिक तथा प्राविधिक कर्मचारीमात्र गरी जम्मा ३२ जना कर्मचारीहरुको मात्र दरबन्दी स्वीकृत थियो तर संघियता पश्चात जिल्लाका अधिकांस कार्यालयका कर्मचारी शाखाको रुपमा आउँदा कम्तिमा कार्यालय सहयोगीको पनि परिकल्पना गर्नुपर्थ्यो, सवारी चालक, दमकल चालक, फायरमेन, नगर प्रहरी नगरपालिकामा हुने ठूला सवारी साधन अपरेटरहरु रहन्छन भन्ने परिकल्पना नभएको कारण स्थानीय सरकार सञ्चालन ऐनमा आवश्यकता अनुसारको कर्मचारी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गराई राख्नुपर्ने भन्ने व्यवस्था रहेकोले नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा आवश्यक पर्ने कर्मचारीको संगठन तथा व्यवस्थापन सर्वेक्षण २०७८ सालमा गरी सोही O & M बमोजिम स्वीकृत दरबन्दीमा करार गरिएको।<br>साथै संगठन तथा व्यवस्थापन सर्वेक्षण भईसकेपछि केही समय पश्चात कृषकहरुबाट प्राविधिकहरुको व्यपाक माग भएको र साविकमा पनि नेपाल सरकारका विभिन्न कार्यक्रम सञ्चालन हुँदा एक गा.वि.स. १ प्राविधिक कार्यक्रम सञ्चालन हुँदै आएका र कृषकहरुको माग बमोजिम नगरको नीति तथा कार्यक्रममा समावेश गरी Roving JTA तथा पशु प्राविधिक गरी ३ जना कर्मचारी थप गरिएको हो। यो नगरको आन्तरीक आम्दानीबाट बजेट व्यवस्था भएको र ती प्राविधिकहरु घरघर गई सेवा गर्दै आएका र कृषकहरुले पनि सेवा प्राप्त गरेको महशुस गरेकासाथै आगामि दिनमा उक्त दरबन्दीको O/M गरिने भएकोले उक्त रु.१०,७६,४००।– अनियमित कायम भएको रकम बेरुजुबाट हटाईदिनुहुन अनुरोध छ। | १०,७६,४००/- | |
| ३ | | २७ | अध्ययन अवलोकन भ्रमण:स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त | नगरपालिकामा संघीय सरकार शसर्त बजेटमा कृषक, व्यवसायीक कृषि समुह, सहकारीको भ्रमण कार्यक्रम रहेको, विद्यालयका प्रधानाध्यापक, पदाधिकारी तथा कर्मचारीहरु विनियोजित बजेट तथा कार्यक्रमबमोजिम खर्च हुने गरी भ्रमणमा गएको अवस्था हो। प्रतिवेदनमा औल्याइए जस्तो स्थानीय सेवाको गठन, सञ्चालन, | २१,४७,५३२/- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सभा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। कर्मचारीको सेवा सर्त सुविधा सम्बन्धि कानून नबनेको अवस्था र लुम्बिनी प्रदेश, गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७६ मा व्यवस्था नभएको तथा अध्ययन अवलोकन भ्रमण सम्बन्धि कूनै कार्यविधि तयार नगरेको अवस्थामा पालिकाले अध्ययन अवलोकन भ्रमण कार्यक्रम पालिकाको बार्षिक बजेटमा समावेश गरि विभिन्न पदाधिकारी, कर्मचारी, व्यवसायि, टोल विकास संस्थाका अध्यक्ष संघ संस्थाका प्रतिनिधि लगायत विभिन्न स्थानको भ्रमण वापत रु२१,४७,५३२/- खर्च लेखेको नियमसम्वत नदेखिएको। | व्यवस्थापन, सभाका शर्त, सुविधा [illegible] भएता पनि संघबाट सोको व्यवस्था हालसम्म पनि नभएको वर्तमान परिवेशमास्थानीय तहमा समेत सो बिना तत् विषयको कानून नहुनु अन्यथा मान्न सकिने अवस्था रहेन । प्रतिवेदन अनुसार भौचर नं. १२७, मिति २०७९/१२/२६ गते १० नं. वडाका पदाधिकारी भ्रमणबापत रु.१९८५१० खर्च भएकोमा प्रतिवेदनमा १०७३३७६६ भनी फरक रकम लगत रहेको देखिन्छ । यद्यपि संघीय तथा प्रादेशिक बजेटबाट आन्तरिक पर्यटन प्रवर्द्ध गर्ने विषय उदघोष हुनु, नगरको नीति तथा कार्यक्रममा पर्यटन प्रवर्दनलाई महत्व दिइनु, संघीय शसर्त अनुदान तथा नगरको बजेटमा भ्रमण लगायतका क्रियाकलाप समावेश हुनु र भ्रमणजस्ता क्रियाकलापबाट उत्कृष्ट विषयको सिकाइ तथा क्षमता विकास हुने भएकोले खर्च हुन गएको अध्ययन अबलोकन भ्रमणको जम्मा रु.१२७२२७६।- (प्रतिवेदन अनुसार रु.२१४७५३१) नियमित गरिएको हुँदा बेरुजु हटाउन अनुरोध छ। | | | |
| ४ | | २८ | फरक खर्च शिर्षक:स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारम परिक्षण गरेकोमा पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी गरेको अनियमित रु. ७,००,०२६/- | नगरपालिकाले बिभिन्न कारोबारलाई SuTRAप्रणालीमै एकिकृत गरी भुक्तानी गर्दै आएको छ ।आ.ब. २०७८।७९ बाट नगर पालिकाबाटSuTRAप्रणालीमा पेरोल बनाइ सम्बन्धित कर्मचारीको खातामा रकम जम्मा गर्ने कार्य सुरु भएको। सुरुवातमा सम्बन्धित कर्मचारी अनुसारको क्रियाकलाप सेट गरेको भएता पनि सिटमा म्यानुअल हामीले सेटिङ्ग गरेको भन्दा फरक शीर्षकबाट समेत स्वत भुक्तानी भएकोले पारिश्रमिक कर्मचारीको शिर्षक फरक रहेको हो । महालेखा नियन्त्रक कार्यालयले SuTRAलाई निरन्तर अद्यावधिक गरिरहेको अवस्थामा सृजित सेटिङ्ग परिवर्तन हुने समस्या पनि एक NAMS लागु भएपछि प्राविधिक समस्याको कारण रिपोर्टिङ्ग तथा बेरुजु फछ्यौटमा देखिएको समस्या जस्तै प्राविधिक समस्या भएकोले तत्कालिन समयमा देखिएको प्राविधिक समस्याबाट उत्पन्न करार कर्मचारीको पारिश्रमिकको बेरुजु रु.१०९०१८५ हटाउनु हुन। | ७,००,०२६/- | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भएको छ। सबै प्रशासनिक खर्चको एकमुष्ट बजेट विनियोजन हुँदा सोको खर्च शीर्षक पनि एक मात्र रहेको हो। आगामि दिनमा विनियोजनबाटै सुधार हुनेछ।<br>विभिन्न सामाग्रीको खरिद तथा वितरणको खर्च शिर्षक सामाग्रीको प्रकृति अनुसार मसलन्द तथा सामाग्री वा मेसिनरी औजार हुने भएकोले कार्यक्रम खर्च शीर्षक नराखी उक्त शीर्षकबाट खर्च हुन नियमसंगत छ।<br>यसरी फरक खर्च शिर्षकबाट भुक्तानी अन्तर्गतको जम्मा लगत रु.७०००२६ नियमित गरी उल्लेखित बेरुजु फछ्यौट हुन अनुरोध छ। | | |
| ५ | | ३६ | सामुदायिक सिकाई केन्द्र सञ्चालनः शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.११(६.७) मा स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व. को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको मापदण्ड पुरा भएको अवस्थामा मात्र अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित मापदण्ड पुरा गरेको प्रमाण बेगर अनुदान उपलब्ध गराएको रकम अनियमित रु१८८,०००/- | सामुदायिक सिकाई केन्द्रमा कार्यरत पुरानो परिचालकले राजिनामा दिइ गएको र नयाँ नियुक्ती भएकाले आवश्यक कागजात लेखापरिक्षणको समयमा पेश हुन नआएकोले हाल उक्त प्रमाणहरु प्राप्त भई सकेका र हरेक कार्यक्रममा शिक्षा शाखाले निरिक्षण गरी राय सुझाव दिने गरीएको छ। भलवाड सामुदायिक अध्ययन केन्द्रले साधारण सभा गरेको, बजेट तथा कार्यक्रम पारित गरेको, खर्च अनुमोदन गरेको, कार्ययोजना, लेखा परिक्षण प्रतिवेदन र अन्य आवश्यक कागजात पेश गरिएकाले बेरुजु<br>रु.१८८, ०००।- हटाउनु हुन अनुरोध छ। | १८८,०००/- | |
| ६ | | ४५ | फरक खर्च शिर्षकः एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ चालु खर्च संकेत तथा वर्गीकरण र व्याख्या सम्बन्धि प्रावधान अनुसार सम्बन्धित खर्च सम्बन्धित खर्च शिषर्कहरु लेखुपर्ने व्यवस्था रहेको छ। देहायबमोजिम शिर्षक फरक पारी रकम खर्च गरेकोले अनियमित रु. ५२००,०००/- | विद्यालयहरुमा राष्ट्रपति शैक्षिक सुधार अन्तर्गतको विद्यालयमा IT Lab स्थापना, सुदृढिकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान शिर्षकमा र शैक्षिक गुणस्तर सदृढीकरण एंव कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बजेट शिर्षकमा प्रति विद्यालय भुक्तानी हुने रकमको राशी समान ६५००००रहेको-/ तथा विनियोजित बजेट समेत उल्लिखित दुई शिर्षकमा समान | ५२००,०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | २५०००००/- रहेको ।विद्यालयमाविज्ञान ल्याव स्थापना ,पुस्तकालय स्थापना र आइ व्य .टी.सि.वस्थापन जस्ता कार्यक्रमको रकम भुक्तानी दिदा विद्यालयमा शैक्षिक गुणस्तर सदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकबाट तथा विद्यालयमा शैक्षिक गुणस्तर सदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान तर्फको भुक्तानी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट भुलवस गएको यथार्थ हो । बजेट शिर्षक फरक परेता पनि प्रति विद्यालय अनुदान र जम्मा भुक्तानी रकम समेत समान भएकोले उल्लिखित व्यहोरा बाहेक अन्य विषयमा रकम तलमाथी समेत नरहेको र कार्यक्रम समेत जुन विद्यालयमा परेको थियो त्यसैमा भुक्तानी भएकोले जम्मा बेरुजु रु.५२०००००।- हटाइदिनु हुन अनुरोध गर्दछौं । साथै आगामी दिनमा यस्तो भुल नहुने व्यहोरा अनुरोध छ। | | |
| ७ | | ६५ | नाफामूलक, निजि संस्था तथा गैर सहकारी संस्थाहरुमा लगानिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थनीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । कार्यालयहरुले प्रचलित कानून अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गरि नाफा कमाउने उद्देश्यले स्थापित संस्थाको लागि लगानी गर्न मिल्ने देखिदैन । यस वर्ष नाफामूलक तथा गैर सहकारी संस्थाहरुको भवन निर्माण लगातयका कामहरुको लागि बजेट विनियोजन गरि पूर्वाधार तथा कार्यक्रम संचालन गर्न रकम भुक्तानि दिने गरेको पाइएकोले यस प्रकारको परिपाटीमा सुधार गर्नु पर्दछ । साथै यय वर्ष देहाय अनुसारका नाफामूलक, निजि संस्था तथा गैर सहकारी संस्थाहरुको भवन निर्माण लगातयका कामको लागि रु.४३१३८७६।०० भुक्तानि दिएको पाइएको हुनाले त्यस प्रकारको संस्थाहरुको लागि लगानी गरेको नियमसम्मत नभएको । | दफा ६५ का सम्वन्धमा नगरभित्र रहेका संघ संस्थाहरुले पनि नगरबासीहरुकै हितमा काम गर्ने र उनिहरुको नियमननियन्त्रण एंव , संरक्षण गर्ने दायित्व स्थानीय सरकारकोरहेको छ । संघ र प्रदेश सरकारबाट शसर्त कार्यक्रम अन्तर्गत यस्ता संस्थाको लागि बजेट विनियोजन गरिएको अवस्थामा सोको कार्यान्वयन सोही बमोजिम स्थानीय तहबाट भएको समेत छ । साथै नगरबाट पनि सेवामुखी क्षेत्रमा काम गर्ने संस्थालाई सहयोग गर्ने हेतुले बजेट विनियोजन गरिएको हो । उक्त क्षेत्रमा गरिएको लगानी नाफामुलक सस्थामा नभएको यद्यपी आगामि दिनमा प्रतिवेदनमा औल्याए अनुसार पुर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यक्रममा प्राथमिकताका साथ बजेट व्यवस्था गरिने भएकोले बेरुजुको दफाबाट रु.४३१३८७६।- हटाई दिनु हुन अनुरोध छ। | ४३,१३,८७६/- | |
| ८ | | ७३ | अन्य प्रयोजन खर्च : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा | दफा ७३ का सम्वन्धमा नगरको सुरक्षाका लागि पर्याप्त नगर | ५००,०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । तर पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका आफ्नै छुट्टै बजेट तथा कार्यक्रम हुने संघिय सरकारका निकाय तथा नाफा मुलक संस्थाका भौत्तिकसंरचना निर्माणमा बजेट बिनियोजन गरी खर्च लेखेको पाईयो । स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गर्ने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण गर्दै स्थानिय विकासमा प्राथिमकता आधारमा बजेट बिनियोजन नगरी सो बिपरित नाफामुलक संस्थाका लागि समेत बिनियोजन तथा खर्च गरेको तथा संघिय सरकारको तहवाट उक्त कार्यका लागी बजेट खर्च नभएको प्रमाण बेगर खर्च लेखेको पाईएकोले आवस्यक प्रमाण पेश गर्नु पर्ने रु५००,०००/- | प्रहरीको व्यवस्था नरहेको, नगरभित्र रहेका सुरक्षा निकायको समन्वयमा समेत काम गरि रहनु पर्ने र उनिहरुको समेत संरक्षण गर्नु पर्ने दायित्व स्थानीय सरकारको समेत रहेकोछ । तसर्थ उक्त कार्यालयहरुको सानातिना पूर्वाधारको निर्माणको अवस्था निकै दयनीय देखिने भएकोले खर्च गरिएको छ । संस्थाको आधारभुत पुर्वाधार भान्सा तथा आवास तथा गेट निर्माण जस्ता कार्यमा सहयोग गरिएको, नगरभित्रका विकृति निवारण गर्दै सुव्यवस्था कायम गर्न दोहोरो नपर्ने गरी प्राविधिकको लागत अनुमान र रेखदेखमा काम भएको हुँदा यस दफाबाटकायम भएको बेरुजु रु.५०००००।- हटाईदिनु हुन अनुरोध छ । | | |
| | | | | | | |
| | | | आ.व. २०७९/८० नियमित गर्नुपर्ने रु. | | १,४४,८५,८३४/- | |
| | | | आ.ब.२०७८।७९ को महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हनुपर्ने व्यहोरा: | | | |
| १ | २०७८/७९ | १७ | कर्मचारी करार:कर्मचारी करार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७० जना कर्मचारीहरु करारमा राखि रु.२,२०,७५,६४० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा २२ जना करार नियुक्ति गरी वर्षभरीमा रु.३३२३२३० भुक्तानी गरेको अनियमित दिखएको रु. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ को उपदफा २ बमोजिम स्थानीय सेवाको गठन, कर्मचारी नियुक्ति र सेवाका शर्त सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय कानून बमोजिम गर्नसक्ने भएकोले बाणगंगा नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कर्मचारी व्यवस्थापन गरेको हो । स्थानीय तहले स्वीकृत गरेको O/M बमोजिम प्रदेश लोकसेवा आयोगले स्थायी पदपूर्ति गर्ने व्यवस्था रहेकोमा प्रदेशमा स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धी कानून नबनिसकेको अवस्थामा नगरको स्वीकृत दरबन्दीमा मात्र कर्मचारी पदपूर्ति भएको छ ।संघीय निजामति सेवा जारी भइनसकेको, संघीय सरकारबाटस्थानीय तहको सेवाको गठन, सञ्चालन, सेवा सर्त तथा सुविधा सम्बन्धमा मापदण्ड तय नभइरहेको, रिक्त दरबन्दीमा कर्मचारी नियुक्तिको लागि लोकसेवा आयोगसमक्ष माग पठाइएको भएपनि हालसम्म | ३३,२३,२३०/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पदपुर्ति हुन नसकेको अवस्थामा स्विकृत दरबन्दीका रिक्त पदमा स्थानीयस्तरमा पालिकाको अधिकारक्षेत्रको विषयमा कार्यालयले विकास रप्रभावकारी सेवा प्रवाहको जिम्मेवारी बहन गर्न करारमा जनशक्ति व्यवस्थापन गरेकोले सोकोपारिश्रमिक भुक्तानी रु.३३२३२३०।-भएको उक्त विषय बेरुजु बाट हटाईदिनु हुन अनुरोध छ। | | |
| १० | | ४० | कन्टिन्जेन्सी खर्चकन्टिन्जेन्सी खर्च: निर्माणकार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दावर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । यस प्रयोजनका लागि सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । नगरपालिकाले उपरोक्त प्रावधान अनुसार अनुपात मिलाएर कन्टिन्जेन्सी रकम खर्च गर्नुपर्नेमा एकमुष्ठ रुपमा रु.२२,९९,०००/- खर्च खर्च गरेको नियसम्मत नदेखिएको रु. | पालिकाबाट प्रतिवेदनमा औंल्याइए बमोजिम नगरको योजना फरफारक, जाँचपास समिति, नगरसभा र कार्यपालिकाको समितिको बैठक, योजना अनुगमनबापतको रकम कन्टिन्जेन्सी रकमबाट खर्च गरिएको छ । कार्यालयबाट कन्टिन्जेन्सी रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिने कानूनी प्रावधान अनुसार उक्तखर्च भएको ।कुनैआयोजनाको कन्टिन्जेन्सी बापतको रकम सोही आयोजनामा खर्च गर्ने सम्वन्धमानगरमा स-साना आयोजनाबाट एक एक गरी अनुपात मिलाएर कन्टिन्जेन्सी खर्च गर्नुव्यवहारिक रुपमा असहज हुने भएकोलेतुलनात्मक रुपमा बढी कन्टिन्जेन्सी रकम मौज्दात भएको आयोजनाबाट कन्टिन्जेन्सी खर्च भएको छ । कार्यालयकोदायित्व सृजना भएको तर प्रन्याप्त बजेट बिनियोजन नभएको अवस्थमा उल्लिखित विषयमाकन्टिन्जेन्सी रकम खर्च हुन गएको, यसरी खर्चजुन आयोजनाबाट खर्च भए पनि उक्त खर्च कन्टिन्जेन्सी बापतको रकम नै हुन गएको र सोबाट कार्यालयलाई हानी-नोक्सानी समेत पर्न नगएको हुँदा कन्टिन्जेन्सी खर्च रु.२७९३०००/- बेरुजु बाट हटाईदिनु हुन अनुरोध छ। | २७,९३,०००/- | |
| ११ | | ४१ | खर्च मितव्यिता कायम गर्नु पर्ने: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्ररही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसै गरी-खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहितमितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो । | कार्यालयबाट आवश्यकता र औचित्यका आधारमा प्रन्याप्त प्रमाण राखी खर्च हुन गएको छ । कार्यालयद्धारा कानूनबमोजिम गठित समितिको कार्यालयसमयबाहेको समयमा बसेको बैठकको भत्ता वितरण गरिएको। कार्यालयको कामसँग सम्वन्धित क्रियाकलापमा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिले स्विकृत भ्रमण आदेशबमोजिम उद्देश्य अनुरुपको काम सम्पन्न भएपश्चात अनुगमन तथा भ्रमण खर्च गरेको देखिन्छ । यसरी उल्लेख हुन गएको रकम रु.१४७२०००/- बेरुजु बाट हटाईदिनु हुन अनुरोध छ। | १४,७२,०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | | ५३ | आन्तरिक लेखापरीक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उपदफा २ मा स्थानिय तहहरुले आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराई उपदफा ३ अनुसार आन्तरिक लेखापरीक्षणले औलाएका व्यहोराहरू अन्तिम लेखापरीक्षण हुनु अघि फछ्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक लेखापरीक्षणबाट औलाएका निम्न व्यहोराहरू अन्तिम लेखापरीक्षण सम्म पनि सुधार नभएको फछ्यौट भएको पाईएन । अत: नियमानुसार फछ्यौट हुनुपर्ने व्यहोरा उल्लेख। | कार्यालयले आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा औल्याएका विषयहरु अन्तिम लेखापरिक्षण अगाडि नै सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्छ । उपभोक्ता समितिबाट निर्माण कार्य गरिएको वडा नं. ३ राजापानी सामुदायिक भवन निर्माणबापत बुझ्ने र बुझाउने दुवैमा एकै व्यक्ति उल्लेख भए पनि उपभोक्ता समितिमा कागजात तयारी सम्बन्धमा प्रर्याप्त जानकारी नहुदा त्यसरी उल्लेख हुन गएको देखिन्छ । उक्त कामकोबुझाउने उपभोक्ता समितको पदाधिकारी र बुझ्ने कामदार रहेकोले उक्त बेरुजु रु.३४१२५।- हटाईदिनु हुन अनुरोध छ।<br><br>त्यसैगरी वडा नं. ५ सिंचाइ संरचना खरिदका कागजातहरु कार्यक्रम सिफारिस, स्विकृति, भर्पाइमा सही, माग, दाखिला प्रतिवेदनलगायतका कागजात उपलब्ध हुन आएकोले वडा सचिबमार्फत कार्यान्वयन गरिएको वडाम्तरिय कार्यक्रमको खर्च बापतको बेरुजु रकम रु.४९९६६६।- हटाईदिनु हुन अनुरोध छ। | ५,३३,७९१/- | |
| १३ | | ५४ | अन्य कार्यालय खर्च: कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नुपर्दछ। यसवर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि कार्यपालिकाले निर्णय गरी भुक्तानी दिएको छ । निम्न कार्यालय नगरपालिकाको नियन्त्रण अधिकार क्षेत्र भित्र पनि नपर्ने र सम्बन्धित निकायवाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कामको लागि २ निकायवाट विनियोजन हुन सक्ने अवस्था समेत रहेकोले यसमा नियन्त्रण हुनुपर्नाको साथै यसरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको। | कार्यालयबाट आफ्नो अधिकारक्षेत्र र जिम्मेवारीभित्र पर्ने विषयमा बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको छ। तथापि इलाका प्रहरी कार्यालय पिपराबाट गाडि मर्मतको [illegible] सहयोग माग भइ पत्राचार भएको, यसै नगरक्षेत्रको शान्ति [illegible] सु-व्यवस्थाको, नगरको प्राकृतिक तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा लागि उक्त निकायका गाडी परिचालन गर्नुपर्ने भएकोले नगर कार्यपालिकाको निर्णयबाट सरकारी जिम्मेवार सुरक्षा निकायलाई गाडी मर्मतबापत रु.५९२०२।- खर्च बापत कायम भएको उक्त बेरुजु रकम हटाईदिनु हुन अनुरोध छ। | ५९,२०२/- | |
| १४ | | ५६ | खाजा खर्च: प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुँदा नं. २ (क) अनुसार कार्यालय समय अघिपछि अतिरिक्त समय काम गर्नुपर्ने भएमा आधार र कारण खुलाई लेखा उत्तरदायी अधिकृतबाट स्वीकृत | बाणगंगा नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७५ को दफा ३.१ (घ) बार्षिक बजेट तयार गर्न तथा नगरसभाको तयारीमा खटाइएका कर्मचारीहरुलाई थप भत्ता उपलब्ध गराइने व्यवस्थाबमोजिम | ७,१४,०७३/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गराएर सार्वजनिक विदाको दिनमा खाजा / खाना खर्च रु.५०० तथा कार्यालय खुल्ने दिन भए खाजा खाना खर्च रु.३०० मात्र खर्च पाउने व्यवस्था छ। पालिकालको कार्यपालिकाले निर्णय ।।।। | नगरकार्यपालिकाको निर्णयबाट बजेट तथा कार्यक्रम तर्जुमा कार्यको थप जिम्मेवारी वहन गर्ने तथा अतिरिक्त काममा खटिने कर्मचारीहरुलाई खाजाबापत रकम भुक्तानी गरिएकोले खाजा खर्च रु.७१४०७३।- बापतको बेरुजु रकम हटाईदिनुहुन अनुरोध छ। | | |
| १५ | | ५८ | भुक्तानी बाँकी: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली 2077 को नियम 39 (2) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायीत्व सिर्जना गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावलीको नियम 39 (13) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको 7 दिनभित्र नगरपालिकाले स्वीकृत गराई राखुपर्ने व्यवस्था छ। नगरपालीकाले यो वर्ष गत वर्षको भुक्तानी बाँकी रकम रु.३८८६२६/-भुक्तानी खर्च लेखेकोमा भुक्तानी बाँकीको अभिलेख तयार गरेको पाईएन। | कार्यालयबाट अघिल्लो आर्थिक वर्षको बिभिन्न पार्टिलाई दिनुपर्ने रकम भुक्तानी बाँकिको विवरणलाई म.ले.प.फारम नं.२२१ आर्थिक वर्ष समाप्त भएको एक हप्ताभित्र स्विकृत गराइ भुक्तानी हुनुपर्नेमा उक्त विषय सो अवधि पश्चात उठान भइ कार्यपालिको निर्णय बमोजिम भुक्तानी भएको छ। शुभकामना सप्लायर्सको कारोबार भएको बर्षमा चेक सटही हुन नसकेको, कानूनी सल्लाहकारको २०७७/७८ को छुट सुविधा निजबाट माग भुक्तानी बाँकि रहेको साथै नगरपालिका संघसँग नगरको आबद्धता रहेको परिप्रेक्षमा सोबापत सदस्यता शुल्क नियमानुसार बुझाउनपर्ने आवश्यक देखिएकोले उक्त खर्च रु.३८८६२६।- हुन गएको हो। प्रतिवेदनमा औल्याइएका उल्लिखित सुझाव आगामि कार्यक्रमको क्रममा कार्यान्वयनमा लगिनेछ। उक्त कायम बेरुजु रकम हटाईदिनुहुन अनुरोध छ। | ३,८८,६२६/- | |
| १६ | | ६२ | वडा कार्यालयबाट खरिदः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा वडा कार्यालयको लागि आवश्यक सामग्री खरिद गर्दा वडा कार्यालय आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने, वडामै जिन्सी दाखिला भएको भनी विल सहित भुक्तानीको लागि माग गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखियो। बजेट संचालन गर्ने निकायबाट सामग्री खरिद गरी जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको सामग्री जिन्सी आम्दानी गर्नुपर्नेमा गो.भौ.न. ७३७/२०७९/३/२१ मा वडा न. ८ सिसि क्यामरा रु. २,४५,८५७ खर्च गरेकोमा कारण एकिकृत जिन्सी अभिलेख आम्दानी नदेखिएको नियममान्न नसकिएको। | वडा कार्यालयबाट कार्यालयमा सिसि क्यामेरा खरिद गर्ने क्रममा माग फारम, खरिद आदेख, जिन्सी दाखिला, बिल सहित खरिद प्रकृया पुरागरी भुक्तानीको लागि पेश भएकोले कार्यालयको एकिकृत जिन्सी अभिलेखमा आम्दानी देखिएन। आगामि दिनमाकार्यालयको दायित्व रहेको सामाग्री खरिद कानून बमोजिम प्रकृया पुन्याइ गरिने र एकिकृत जिन्सी अभिलेख राखिनेछ। उल्लिखित बेरुजु रु.२४५८५७।- हटाईदिनु हुन अनुरोध छ। | २,४५,८५७/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | | ६३ | खर्च शिर्षक: महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम विनियोजित बजेट सम्बन्धित खर्च शिर्षक अन्तर्गत रहि खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले सो विपरित निम्न खर्चहरु फरक खर्च शिर्षक र तथा फरक खर्च खाताबाट खर्च लेखेको नियम सम्मत नदेखिएको। | कार्यालयबाट बजेट विनियोजन हुँदा नै स्पष्ट क्रियाकलाप सम्बोधन गर्ने गरी हुनुपर्नेमा प्रतिवेदनमा उल्लेख भएको कार्यक्रम खर्च नामबाट वडा नं. १ को प्रशासनिक खर्च र विविध क्रियाकलापबाट वडा नं.४ वडा कार्यालयको प्रशासनिक तथा कार्यालय सञ्चालनतर्फको क्रियाकलापमा खर्च गर्ने गरी उक्त रकम विनियोजन भएको हो ।जसले गर्दा बजेट कार्यान्वनको क्रममा वडाको पदाधिकारी बैठक भत्ता तथा अन्य प्रशासनिक खर्चमा मात्र उल्लिखित शिर्षकबाट भुक्तानी दिइएको छ। केही करार कर्मचारी पारिश्रमिक र सवारी चालकको घरभाडा तथा खाना सुविधासमेत पारिश्रमिक अन्तर्गत जोडी खर्च हुन गएको। आगामि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्पष्ट अर्थ खुल्ने क्रियाकलाबाट नामाकरण गर्ने र खर्च गर्दा पनि तोकिएको क्रियाकलापमा गरिने भएकोले बेरुजु रकम रु.११०५६०।- हटाईदिनु हुन अनुरोध छ। | १,१०,५६०/- | |
| १८ | | ६४ | कानुनी सल्लाकारः लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले कानुनी सल्लाकार पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । नगरपालिकाले कानुनी सल्लाकारको रुपमा पारिरश्रमिक रु.१,८०,०००/-भुक्तानी भएको नियमसम्मत नदेखिएको। | नगरले आफ्नो बृहत अधिकारक्षेत्र अन्तर्गतका महत्वपूर्ण जिम्मेवारी बहन गर्न कानून अधिकृतको पदपूर्ति नभएकोलेकार्यालयको काम कारवाहीको क्रममा आउने कानूनी विषय, विभिन्नमुद्दामामिलाको कार्यालयको तर्फबाट बहस तथा प्रतिनिधित्व, कानूनी सल्लाह, कानूनीबिज्ञताबापतको सेवा लिन कार्यालयले कानूनी सल्लाहकार काररमा राखी सेवा प्राप्त गरेको हुँदा यस बापत भएको खर्च रु.१८००००।- बेरुजु रकम हटाईदिनु हुन अनुरोध छ। | १,८०,०००/- | |
| १९ | | ६५ | अवोलकन भ्रमणः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ गो.भौ.न.५०/२०७९/१/४ बाट वडा न. १ का पदाधिकारी र टोल विकास संस्थाका पदाधिकारीहरुले मिति २०७८/११/२६ देखि २०७८/११/३० सम्म प्रदेश १ का विभिन्न जिल्ला तथा स्थानीय तहमा भ्रमण गरेको भनी भुक्तानी माग्दा सम्बन्धित स्थानमा खर्च गरेको त्यस्तो खर्च पुष्टि गर्ने | वडा नं. १ का पदाधिकारी र टोल विकास संस्थाका पदाधिकारीको भ्रमण भएकोमा उक्त कार्यक्रमको लागि बजेट बिनियोजन भएकोले कार्ययोजनाको बमोजिम भ्रमण खर्चबापतको रकम भ्रमणमा सहभागि व्यक्तिलाई हस्तान्तरण गरिएको छ । आगामि भ्रमण कार्यक्रममा खर्च पुष्टयाइ गर्न सहयोग गर्ने बिल भर्पाइको आधारमा भुक्तानी गरिनेछ। यसबापतको कायम बेरुजु रकम रु.१६२५६२।- हटाईदिनु हुन अनुरोध छ। | १,६२,५६२/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बिल, भरपाई, प्रमाण र कागजात बिल भरपाई पेस नगरी २७ जनाले नगदै रु. १,६२,५६२ बुझिलिएको नियमित मान्न नसकिएको रु. | | | |
| २० | | ६६ | कराका कर्मचारीलाई सुविधा: सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१/२५ को परिपत्र अनुसार स्वीकृत दरबन्दी करारमा रहेका व्यक्तिलाई मात्र चाडपर्व खर्च, पोशाक सुविधा उपलब्ध गराउने उल्लेख छ। परियोजनाले दरबन्दी भन्दा बाहिरको करारमा कार्यरत निम्न व्यक्तिलाई चाडपर्व खर्च, पोशाक सुविधा गराएकोले परिपत्र विपरित भएकोले नियमसम्मत नदेखिएको। | कार्यालयबाट विभिन्न क्षेत्रका करार कर्मचारीहरुको लागि करार सम्झौता बमोजिम चाडपर्व र पोशाक खर्च भुक्तानी गरिएकोमा नगरका दुई कृषि प्राविधिकसमेतलाई उक्त खर्च भुक्तानी भएको हो। पेश भएको प्रस्तुत सुझाब कार्यान्वयमा लगिने भएकोले औल्याइएको बेरुजु रु.६८०००।- नियमित हुन। | ६८,०००/- | |
| २१ | | ६९ | कर्मचारी प्रोत्साहन: बाँणगंगा नगरपालिकको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७५ को बुदा ३.२ मा बुदा ३.१ बमोजिमको काम गरेबापत कर्मचारीलाई कर्मचारीको आधारभुत पारिश्रमिको ३० प्रतिशत बराबरको रकमलाई १०० प्रतसशत मानि अनुसूची १ बमोजिमको सुचकहरुको मासिक मुल्याङ्कनको आधारमाप्रतिशत निर्धारण गरी भत्ता उपलब्ध गराउने ९० प्रतिशतभन्दा २४ भन्दा बढी कार्य सम्पादन कर्मचारीलाई १०० प्रतिशत भत्ता उपलब्ध गराउने व्यवस्थाछ। साथै बँदा ४मा सुपरिवेक्षकले आफुले सुपरिवेक्षण गर्ने तोकिएको कर्मचारीहरुको अनुसूची १ को सुचनहरु (उपस्थिति, अनुशासन, आज्ञापालन, समय व्यवस्थापन, समस्या समाधान, अतिरिक्त समय काम गरको, सम्पादित कामको प्रतिफल वा प्रयोग, सेवाग्राही प्रति गरिने व्यवहार लगायत) कार्यसम्पादनको मूल्याङ्कन गरी प्रोत्साहन उपलव्ध गराउन सिफारिस गर्ने व्यवस्था भएकोमा पालिकाले यसवर्ष कर्मचारी प्रोत्साहनमा रु.४०,००,४१७ आन्त्ररिक आयबाट खर्च गरेकोमा कार्यविधि बमोजिमको अनुसूची १ अनुसारको सचकको मासिक मूल्याङ्कन नगरेको र सुपरिवेक्ष गर्न तोकिएका कर्मचारीहरुको अनुसूची १ का आधारमा मुल्याङ्कन गरी प्रोत्साहन भत्ता उपलव्ध गराउने सिफारिस नगरी तथा कार्यालय प्रमुखबाट समेत प्रमाणित नगरी खर्च लेखेको नियमसम्मत मान्न नसकिएको। | कार्यालयबाट बाणगंगा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि,२०७५ बमोजिम अतिरिक्त समय कार्य, कर्मचारीको कार्यकुशलता, सम्पादित कामको प्रतिफललगायतका बिषयमा सूचकसहित मुल्यांकन गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराइएको छ। कार्यविधि अनुरुपका ब्यवस्था परिपालना गरी प्रोत्साहन उपलब्ध गराइने, कार्यसम्पादन सूचकसँग प्रोत्साहन आबद्ध गरी भत्ता उपलब्ध गराइने हुँदा उक्त बेरुजु रकम रु.४०००४१७।- हटाईदिनु हुन अनुरोध छ। | ४०,००,४१७/- | |
| २२ | | ८१ | शिर्षक फरकपारी खर्च: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायत्व नियमावली २०७७ को नियम ३८ (२) मा खर्च गर्ने वा खर्चको | कार्यालयले कार्यालय सामाग्री खरिदबापतको रकम भुलबश फरक शिर्षकबाट भुक्तानी गरेको पाइएको, उक्त रकमबाट सरकारी हानी | ४,९७,८७८/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | निकासा दिनेअधिकारीले स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा रहेर गर्नु पर्दछ र खर्च गर्न बाँकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था गरेको छ । पालिकाको वार्षिक कार्यक्रम अनुसार सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शिर्षकमा विनियोजित बजेट बाट स्यानीटरी प्याड सम्बन्धी खर्च नगरी कार्यालय सामाग्री सम्बन्धी विभिन्न २८ थरी सामाग्री खरिद गरी स्वस्तिक अफसेट प्रेस एण्ड स्टेशनरीलाइ रु४९७८७८। भुक्तानी गरेको देखिन्छ । यसरी सम्बन्धीत कार्यक्रमको उदेश्य विपरीत शिर्षक फरक पारी अनियमित तरिकाले भएको रु ४९७८७८ । | नोक्सानी नभएकोले बेरुजु रु.४९७८७८।- नियमित हुन अनुरोध छ । | | |
| २३ | | ८३ | बैठक भत्ता: लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २बुदा नं १ (क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले गो. भौ८३/२०७८/७/१६ बाट रु.१४३६५० कर कट्टि गरी १० कर्मचारीहरुलाईबैठक भत्ता भुक्तानी गरेको छ। कार्यालयको नियमित काममा र सो कामसँग सम्बन्धित पदाधिकारीले गर्नुपर्ने काममा बैठक भत्ता भुक्तानी गरेको रकम नियमित मान्न नसकिएको । | कार्यालयबाट कानुनबमोजिम गठित,निर्दिष्ट कार्य जिम्मेवारीबहन गर्ने समितिलाई कार्यालय समयबाहेकका बैठकबापत भत्ता वितरण गरिएकोले रु.१४३६५०।- नियमित गर्नु हुन अनुरोध छ । | १,४३,६५०/- | |
| २४ | | १०१ | सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद (दशौ सशोधन) नियमावलीको नियम ८५मा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार रु ३५५६९२३ को सोझै खरिद गरेको अनियमित देखिएको । | कार्यालयबाट कार्यालय सञ्चालन, व्यवस्थापनको लागि प्रचलित खरिद कानूनको अधिनमा रही विभिन्न समयमा बिभिन्न बिक्रेताबाट कार्यालयको आवश्यकताअनुसार बिभिन्न कार्यालय सामाग्री खरिद गरिएकोले बेरुजु रु.३५५६९२३।- नियमित हुन अनुरोध छ । | ३५,५६,९२३/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | | १.३१ | अन्य प्रयोजन खर्च: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । तर पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका संस्थाका भौतिक संरचना निर्माणमा बजेट विनियोजन गरी खर्च लेखेको पाईयो । स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गरिने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण गर्दै स्थानिय विकासमा प्राथिमकता आधारमा बजेट विनियोजन नगरी सो बिपरित बिनियोजन तथा खर्च गरेको अनियमित देखिएको रु. | पालिकाको [illegible] विभिन्न गैरनाफामूलक संस्थाका [illegible] पुर्वाधार निर्माणमा खर्च गरेको छ । प्रतिवेदनमा [illegible] जेसिस एक गैर नाफामुलकसंस्था रहेको, संयुक्त राष्ट्रसंघको परामर्शदाता भइ विभिन्न १२४ देश सदस्य रहेका, यो स्वयंसेवी संगठन भएकोले उक्तसंस्थाको भवन निर्माणमार्फत सामाजिक क्रियाकलाप गराउन सघाउने उद्देश्यले बजेट बिनियोजन गरिएको हो । बुद्ध दर्पण दैनिक जिल्लाको एकमात्र दैनिक पत्रिका रहेको र पत्रकारिता क्षेत्रको विकास सुशासनको लागि अपरिहार्य हुन्छ ।कपिलवस्तु उद्योग बाणिज्य संघ उद्योग ब्यापार प्रबर्द्धन गर्ने संस्था रहेको । यसलेनगरमा व्यवसायिक लगानीको बातावरण बनाउने बिभिन्न माध्यमबाट नगरसँग साझेदारी गर्दै आएको छ ।नेपाल पत्रकार महासघ स्वतन्त्र, मर्यादितर व्यवसायिक पत्रकारिता प्रबर्द्धनमा क्रियाशिल गैरनाफामुलक राज्यको चौथो अंग हो ।उल्लिखित गैरनाफामुलक संस्थाको पूर्वाधार बिकासतर्फ कामको लागत अनुमानगरी प्राविधिक मुल्यांकन, कार्यसम्पन्न प्रतिवेदन, बिल भर्पाइ लगायतका आवश्यक प्रमाणका आधारमा भुक्तानी गरिएकोले उक्त बेरुजु रु.१११४४३।– सम्परिक्षण हुन अनुरोध छ। | | |
| | | | आ.व. २०७८/७९ नियमित गर्नुपर्ने रु | | २,११,२१,२१२/- | |
| | | | आ.ब.२०७७।७८ को महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोरा: | | | |
| २६ | २०७७/७८ | २२.४ | नर्म्स भन्दा बढी बिश्लेषण:सडक बिभागको सडक र पुलको कामको लागि दर विश्लेषण नर्म्स नं. ९.१ I (B) अनुसार सडक मार्ग अनुसार सबै प्रकारको माटो खन्ने काम इन्जिनियरको निर्देशन अनुसार रेखाचित्र र प्राविधिक विशिष्टताहरू सहित स्टम्प र अन्य हानिकारक पदार्थ हटाउनेकामको लागि नर्स अनुसार मेशिनबाट ३६० घनमिटर माटो खन्ने कामको लागि प्रति घंटा ९.१२ लिटर इन्धन लाग्ने देखिन्छ । देहाय अनुसारका उपभोक्ता समितिले मूल्यांकन साथ पेश गरेको वील भर्पाइ अनुसार डोजर प्रयोग गरेवापत निर्माण व्यवसायीको वील पेश गरेको र यसको साथमा इन्धनको छुट्टै वील समावेश गर्ने गरेको पाइयो । कार्यालयले खन्ने कामको बिषय मूल्यांकन गर्दा प्रति घनमिटरको दरमा गर्ने गरेको र सो बमोजिमको | उपभोक्ता समितिबाट इन्धनको बिल पेश भएकोतर प्राविधिक लागत अनुमान र उक्त कार्यको मुल्यांकनमा इन्धनसहितको मेसिनको दर विश्लेषण कायम भएको छ । उपभोक्ता समितिबाट आवश्यक भ्याट बिल पेश हुन नआएको तथापिकार्यालयको प्राविधिक मुल्याङ्कनमा जनाइएको निर्माण कामको यथार्थलागत बमोजिम सोबापतखर्च भएको छ । आगामि दिनमा यस प्रकार निर्माण कार्यको मुल्य अभिबृद्धि कर सहितको बिल प्रयोग गरिने हुँदा उल्लिखित बेरुजु रकम रु.१६७६०२।- हटाईदिनु हुन अनुरोध छ । | १,६७,६०२/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समावेश गर्ने गरेको छ । इन्धनको बील छुट्टै समावेश गर्दा निर्माण व्यवसायीले मू.अ.कर कर विजक इन्धनको मूल्य बराबर घटीको पेश गर्ने र भाडा वापतको रकम समेत असुल नभएको अवस्था छ । दर विश्लेषण अनुसार प्रति घंटा ९.१२ लिटर इन्धन लाग्ने उल्लेख भए पनि लगबुक नराखेको कारण वास्तविक इन्धन खपतको अवस्था एकीन गर्न सक्ने अवस्था छैन। कार्यालयले इन्धन समेतको मेशिनको दर विश्लेषण गरी दर निर्धारण गरेको अवस्थामा इन्धनको छुट्टै बील पेश गर्ने कार्य नियमसंगत नदेखिएको रु. १,६७,६०२/- | | | |
| २७ | | २८.<br>२ | टेलिभिजन तथा एफ.एम. लाई भुक्तानी:<br><br>टेलिभिजन तथा एफ.एम.लाई भुक्तानी- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यस स्थानीय तहले यो वर्ष बजेटमा समावेश गरी देहायअनुसारका एफ.एम. रेडियो तथा टेलिभजनको स्टुडियो निर्माण खर्च, भवन निर्माणको लागि रु. २१ लाख भुक्तानी गरेको छ । पालिकाले पूर्वाधार विकास, जनताको जीवनस्तर उकास्ने कार्यक्रम तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने कार्यक्रममा खर्च गर्नु पर्नेमा नाफाको उद्देश्यले निजी स्तरमा संचालन हुने एफ.एम. रेडियो तथा टेलिभिजनको सुविधाको लागि खर्च गरेको छ । यसवाट विकास निर्माणमा खर्च हुने बजेट नाफा मूलक संस्थाको हितको लागि खर्च गरेको देखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नु पर्ने देखिएको रू २१०००००।– | कार्यालयप्रतिवेदनमा औंल्याइएको सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट जस्ता विषय कार्यान्वयनमा क्रियाशिल रहने छ । त्यसको अतिरिक्त सञ्चार माध्यमको संरचना सुधार एवं क्षमता विकासबाट स्थानीयबासी सुसूचित भइ सुशासनमा टेवा पुग्ने हुँदा कार्यालयले नाफामुखी संस्था नभइ सामुदायिक रेडियो र टेलिभिजनका लागि बजेटमाब्यवस्था गरी नागरिक सुसुचित हुनेअधिकारलाई प्राथमिकता दिइ सञ्चार सम्बद्ध संस्थाको लागि सहयोग गरेको । तदअनुरुपका क्रियाकलाप सम्पन्न भए पश्चात कामको प्राविधक मुल्याङ्कनका आधारमा भुक्तानी गरिएकोले कार्यालयबाट सामाजिक शशक्तिकरण एवं शुसाशन अन्तर्गत भएको खर्च रु.२१०००००।–बेरुजु कायम भई आएकाले हटाईदिनु हुन अनुरोध छ। | २१,००,०००/- | |
| २८ | | ३२.<br>२ | खाता रोक्का राखी निकासा:खाता रोक्का गरी निकासा दिएकोआर्थकि कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, ... तथा स्थानीय तहको विनियोजन | नमुना बिद्यालय कार्यक्रमको सम्बन्धमाकार्यालयबाट सम्झौता बमोजिम कार्यक्रम कार्यान्वय गर्न आवश्यक वातावरण मिलाइ कार्यान्वयन चरणमा रहेकोआयोजना तथा कार्यक्रमको | १५०,००,०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | एनले फ्रिज नहुने भनी तोकेको खर्च शिर्षकमा बाहेक अन्य बजेट शिर्षक अन्तरगत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्द ७ दिन भन्दा अगाडि भुक्तानी दिइ लेखा अद्यावधिक गरी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघीय सरकार सशर्त अनुदान र विशेष अनुदानबाट संचालित भएका निम्न योजनामा आर्थिक वर्षको अन्त्यमा रकम फिर्ता नगरी विद्यालयको खातामा रोक्का राखी निकासा दिएको पाइयो । यसरी आर्थिक वर्षको अन्त्यमा खर्च हुन नसकेको रकम फ्रिज गर्नुपर्नेमा सो नगरी निकासा खर्च लेखेको अनियमित रु १५००००००।– | कार्यप्रगतिबारे जानकारी लिने , अनुगमन एवं सहजिकरण गर्ने जिम्मेवारी बहन गरिएको छ । सम्झौता बमोजिम काम आर्थिक बर्षको अन्तसम्म सम्पन्न हुन केही बाँकि रहन जाने अवस्थामा तोकिएको काम सम्पन्न गर्न आर्थिक बर्षको बर्षान्तमा विद्यालयलाई निकासा गरी विद्यालयको खातामा सो रकम रोक्का राखी फ्रिज नभएको हो ।उक्त विद्यालयको खातामा निकासा भए बमोजिमको रकम विद्यालयको भौतिक पूर्वाधार एवं शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापमा खर्च गरिएको छ ।शिक्षा सम्बन्धि कार्यक्रम कार्यान्यन पुस्तिकाको एक प्रावधान नमुना विद्यालयको लागि विनियोजित शसर्त रकम विद्यालयको खातामा निकासा दिनुपर्ने बमोजिम कार्यालयबाट रु.१५००००००/- विद्यालयको खातामा निकासा गरीएकोले उक्त बेरुजु रु.१५००००००।– हटाईदिनु हुन अनुरोध छ। | | |
| | | | आ.व. २०७७/७८ नियमित गर्नुपर्ने रु. | | १,७२,६७,६०२/- | |
| | | | जम्मा नियमित गर्नुपर्ने बेरुजु रकम रु. | | ५,२८,७४,६४८/- | |
| | | | | | | |

*अनुसूची-३*

*(निर्णय नं. १५.२.१ सँग सम्बन्धित)*

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## १५औं नगरसभा

## १५औं नगरसभाको कार्यसूची र समय तालिका

**सभा संख्याः १५** **दोस्रो बैठक** **सभा संचालन स्थानः मायादेवी रिसोर्ट**

**अध्यक्षताः श्री चक्रपाणी अर्याल** **मितिः२०८१।०३।१०**

| मिति २०८१।०३।१० | बैठक बस्ने समय ७:३० बजे | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | ७:३० | रजिष्ट्रेसन,उपस्थिती भरपाई र बसाई व्यवस्थापन | | |
| " " | ८:०० | राष्ट्रिय गान | | |
| " " | ८:०५ | सभाको अध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| " " | ८:१० | कार्यक्रम शुरु भएको घोषणा<br>सम्बोधन<br>शहिदहरु प्रति मौनधारण | | |
| " " | ८:१५ | आ.व.२०८१।०८२ बजेट तथा कार्यक्रम प्रस्तुति | नगर उप प्रमुख श्री रीता कुमारी चौधरी | |
| — | ८:५० | विनियोजन विधेयक | नगर उप प्रमुख श्री रीता कुमारी चौधरी | |
| | ९:०० | विभिन्न समितिका प्रतिवेदनहरु | | |
| | | १. विधायन समिति | बाबुराम अर्याल | |
| | | २. आर्थिक विकास समिति | छबिलाल रेश्मीमगर | |
| | | ३. सुशासन तथा संस्थागत विकास समिति | कमल पौडेल | |
| | | ४. पूर्वाधार विकास समिति | बिष्णु प्रसाद पौडेल | |
| | | ५. सामाजिक विकास समिति | बिष्णु गिरी | |
| | | ६. वातावरण तथा विपद व्यवस्थापन समिति | करुण टण्डन | |
| | | ७. अनुगमन समितिको प्रतिवेदन | रीताकुमारी चौधरी | |
| | | ८. सार्वजनिक महत्वका विषयहरु | टेक बहादुर झेडी | |
| | १०:१५ | बजेट तथा विषयगत समितिका प्रतिवेदनका सम्बन्धमा सभामा आफ्नो केही भनाई भए राख्ने | | |
| | ११:०० | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्ने | नगर प्रमुख | |
| | ११:१० | मध्यकालिन खर्च संरचना प्रस्ताव | नगर उपप्रमुख | |
| | ११:३० | विविध निर्णय प्रस्ताव | नगर प्रमुख | |
| | ११:४५ | कार्यक्रमको समापन | नगर प्रमुख | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | समय | | | तोकिएको समय | |

**उपाध्यक्ष ज्यू**

**सचिव ज्यू**

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु**

**राष्ट्रसेवक कर्मचारीहरु**

✓ म आजको यस १५औं नगर सभाको दोस्रो बैठक शुरुवात भएको जानकारी गराउन चाहन्छु।

नेपालको परिवर्तित सामाजिक न्याय सहितको समानुपातिक समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु प्राप्तिको लागि विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र सम्पूर्ण शहिदहरुको सम्झनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु।

मौन धारणको लागि समय शुरु हुन्छ ..........................................

धन्यवाद

सदस्यज्यूहरु अब म यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२को विनियोजन विधेयक, २०८१ सहित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न नगर उपप्रमुख श्री रीता कुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु।

*******************

- वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री करुण टण्डनज्यूलाई अनुरोध गर्दछु।
- सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री कमल पौडेलज्यूलाई अनुरोध गर्दछु।
- आर्थिक विकास समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री छविलाल रेश्मी मगरज्यूलाई अनुरोध गर्दछु।

- विधायन समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन समितिका संयोजक बाबुराम अर्यालज्यूलाई अनुरोध गर्दछु ।
- सामाजिक विकास समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन समितिका संयोजक श्री बिष्णु गिरीज्यूलाई अनुरोध गर्दछु ।
- पूर्वाधार विकास समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन समितिका संयोजक श्री बिष्णु प्रसाद पौडेलज्यूलाई अनुरोध गर्दछु ।
- अनुगमन समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन अनुगमन समितिका संयोजक श्री रीता कुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु ।
- सार्वजनिक महत्वका प्रस्तावहरु प्रस्तुत गरिदिनुहुन श्री टेक बहादुर झेडीज्यूलाई अनुरोध गर्दछु ।

**सभा सदस्यज्यूहरु**

भर्खर प्रस्तुत भएको बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष ०८१।०८२ को बजेट तथा कार्यक्रम, विषयगत समितिका प्रतिवेदनका सम्बन्धमा कुनै सदस्यहरूको केही टिप्पणी वा संशोधन वा थप घट गर्नुपर्ने भए आफ्नो भनाई राख्न ईच्छुक सदस्यलाई ३/३ मिनेट समय उपलब्ध गराउँदछु । ईच्छुक कोहि भए हात उठाएर आफ्नो नाम टिपाउनुहोला ।

<u>सदस्यहरुः-</u>

१.

२.

३.

**नगरसभा सदस्यहरुबाट प्राप्त भएका टिप्पणी, संशोधन र थप घट गर्नुपर्ने विषयहरुलाई सम्बोधन .....**

**नगर सभा सदस्यहरु**

**अव म नगर सभा उपाध्यक्ष एवं नगर प्रमुख मार्फत यस सम्मानित १५औं नगर सभाको यस दोस्रो बैठकमा पेश भएको बाणगङ्गा नगरपालिकाको**

**आ.व.२०८१।०८२ को बजेट तथा कार्यक्रम संसोधन सहित स्वीकृतिका लागि पेश गर्दछु ।**

पेश भएको बजेट तथा कार्यक्रमलाई संशोधन सहित स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले आर्थिक वर्ष २०८१।०८२ को बाणगङ्गा नगरपालिकाको बजेट तथा कार्यक्रम स्वीकृत भएको घोषणा गर्दछु ।

**अव यस नगरपालिकाबाट आगामी आर्थिक वर्ष २०८१।०८२ मा प्रदान गरिने सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारको रुपमा रहने विधेयक विनियोजन विधेयक, २०८१ स्वीकृतिका लागि पेश गर्दछु ।**

नगर उपप्रमुख मार्फत पेश भएको विनियोजन विधेयक, २०८१ स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले पेश भए अनुसारको विनियोजन विधेयक २०८१ स्वीकृत भएको घोषणा गर्दछु ।

**अब म यस नगरपालिकाको चालु आर्थिक वर्षमा विभिन्न विषयगत समितिले हासिल गरेका हालसम्मका प्रगति प्रतिवेदनको रुपमा प्रस्तुत भएका प्रतिवेदनहरु स्वीकृतिका लागि पेश गर्दछु ।**

विभिन्न समितिका संयोजकहरुले प्रस्तुत गरेका समितिका प्रतिवेदनहरु स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

CamScanner

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले बाणगङ्गा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ का विषयगत समितिका प्रतिवेदनहरु स्वीकृत भएको घोषणा गर्दछु ।

**सदस्यज्यूहरु**

**हामी १५औं नगरसभाको दोस्रो बैठकको अन्त्यतिर आईसकेका छौं,**

यस नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक वजेट तथा कार्यक्रमको तयारीको क्रममा अमुल्य सुझाव दिनुहुने संघ संस्था, संघ संगठन का पदाधिकारी एवं प्रतिनिधि, राजनीतिक दलका पदाधिकारी एवं प्रतिनिधि, माननीय संविधान सभा सदस्य, माननीय प्रदेश सभा सदस्य, माननीय प्रदेश योजना आयोगका उपाध्यक्ष, माननीय निवर्तमान प्रतिनिधि सभा सदस्य ज्यूहरु, र माननीय राष्ट्रिय सभा अध्यक्षज्यूलाई म स्वयम् र सबै नगर सभा सदस्यहरुको तर्फबाट हृदयदेखि धन्यवाद दिन चाहान्छु ।

***साथै***

बाणगङ्गा नगरपालिकाको आजको यस १५औं नगरसभालाई व्यवस्थित र मर्यादित ढङ्गबाट अगाडि बढाउन सहयोग गर्ने सबै नगर सभा सदस्यज्यूहरु र कार्यक्रम व्यवस्थापन गर्ने सबै कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिँदै आजको यो १५औं नगर सभा अधिवेशनको दोस्रो वैठक समापन भएको घोषणा गर्दछु । धन्यवाद् !

**चक्रपाणी अर्याल**

**नगर प्रमुख**

CamScanner

## २. न्यायिक समितिको प्रतिवेदन

यस १५ औं नगरसभाका अध्यक्षज्यू/सचिव ज्यू/ /सम्पूर्ण नगर सभा सदस्यज्यूहरु।
सर्वप्रथम न्यायिक समितिको संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीबाट यस नगरपालिकाको हालसम्मको प्रगति लगायतको विषयमा यस गरिमामय १५ औं नगरसभामा प्रस्तुत गर्न पाउँदा निकै खुसिको अनुभव गरेकी छु।

### आ.व.२०८०/८१ को न्यायिक समितिको प्रतिवेदन

आ.व. २०७९/०८० मा फछ्यौंट हुन बाँकी १८ उजुरीहरु यस आ.व. मा जिम्मेवारी सारिएको थियो। जसमा २ वटा उजुरीहरु सर्वसम्मतबाट फछ्यौंट भएका छन्, ९ वटा मिलापत्रबाट फछ्यौंट भएका छन्, २ वटा अन्य निकाएमा फिर्ता लगेर फछ्यौंट भएका छन् र बाँकी ५ वटा फछ्यौंटको प्रकृयामा रहेका छन्। आ.व. २०८०/८१ सम्ममा जम्मा २३ वटा उजुरीहरु दर्ता भएकोमा १६ उजुरीहरु फछ्यौंट भएका छन् जसमध्ये १० वटा मिलापत्रबाट फछ्यौंट भएका छन्, ४ वटा अन्य निकाएमा फिर्ता लगेर फछ्यौंट भएका र २ वटा सर्वसम्मतिमा निर्णय गरी फछ्यौंट भएका छन्। नगरमा दर्ता भएका उजुरीहरु अधिकांश पैसाको लेनदेन, जग्गाको विषयमा विवाद, जग्गाको साँध सिमाना मिचेको, भोगचलन गरेको जग्गाबाट हटाउन खोजेको, एकको नाममा रहेको जग्गा अर्कैले भोगचलन गरेको, पति पत्नी बिचको सम्बन्ध, घरेलु हिंसा / महिला हिंसा आदि विषयमा उजुरीहरु दर्ता हुने गरेका छन्।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ (२) अनुसार पेस भएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित हुने गरी दुबै पक्षको सहमतिमा मिलापत्र गराउनुपर्नेछ भनि उल्लेख भएकोमा पहिलो प्राथमिकता मेलमिलापलाई नै दिनुपर्ने हुँदा मेलमिलापकर्तालाई बढि भन्दा बढि तालिम, प्रशिक्षण, अनुशिक्षण गराई न्यायिक विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्नु पर्ने देखिन्छ।

**आ.व. २०८०/८१ मा न्यायिक समितिले विवादको निरुपणको माध्यमबाट फछ्यौट भएका मुद्दाहरुः**

| क्र.स. | मुद्दाको विवरण | संख्या |
|---|---|---|
| १ | गत आ.व. बाट जिम्मेवारी सारिएको | १८ |
| २ | यस आ.व. २०८०/८१ मा दर्ता भएका उजुरी संख्या | २३ |
| ३ | जम्मा उजुरी संख्या | ४१ |
| ४ | जम्मा आ.व. २०८०/८१ मा फछ्यौट संख्या | २९ |
| ५ | मिलापत्रबाट फछ्यौट भएको विवाद | १९ |
| ६ | सर्वसम्मतबाट फछ्यौट भएको विवाद | ४ |
| ७ | अन्य निकायमा पठाएको विवाद | ६ |
| ८ | प्रकृयामा रहेको विवाद | १२ |

**अघिल्लो आर्थिक वर्षबाट अल्या भई आएका विवाद निरुपण विवारण संख्या**

| क्र.स. | विवादको किसिम | विवाद संख्या | फछ्यौट भएको | प्रकृयामा रहेका | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | ८ | ४ | ४ | सर्वसम्मत निर्णयबाट। |
| २ | बंगुर फार्म सम्बन्धी | १ | ० | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सार्वजनिक जग्गामा अतिक्रमण तथा घर बनाएको | २ | २ | ० | सर्व सहमतिमा निर्णय गरी लगत कट्टा |
| | अबैध घर निर्माण | १ | १ | ० | |
| | पति पत्नी विचको सम्बन्ध | १ | १ | ० | अन्य निकायमा |
| | लेनदेन सम्बन्धमा | ३ | ३ | ० | मिलापत्र |
| | गालिगलौच | १ | १ | ० | मिलापत्र |
| | महिला हिंसा | १ | १ | ० | मिलापत्र |
| | जम्मा | १८ | १३ | ५ | |

**.व २०८०/०८१ मा दर्ता हुन आएका विवाद निरुपण सम्बन्धी विवरण**

| स. | विवादको किसिम | विवाद संख्या | फछ्यौट भएको | प्रकृयामा रहेका | कैफियत |
|---|---|---|---|---|---|
| | जग्गा सम्बन्धी | ७ | ४ | ३ | मिलापत्रबाट फछ्यौट। |
| | घरेलु / महिला हिंसा | १ | १ | ० | मिलापत्रबाट फछ्यौट |
| | पति पत्नी बिचको सम्बन्ध | ४ | ३ | १ | मिलापत्रबाट फछ्यौट र अन्य निकाएमा पठाएको। |
| | साँध सिमाना | १ | १ | ० | मिलापत्र भएको। |
| | लेनदेन | ८ | ६ | २ | मिलापत्र र सर्वसम्मति निर्णय बाट फछ्यौट भएको। |
| | अव्यवस्थित बंगुरपालन | २ | १ | १ | मिलापत्र |
| | जम्मा | २३ | १६ | ७ | |

वटा विवाद न्यायिक समितिको मुल दर्ता किताबमा दर्ता नभएको तर व्यवहारिक रुपमा छलफल गराई मिलापत्र भएको।

नु आ.व. २०८०/८१ मा फछ्यौट उजुरी ७०.७३% रहेको छ।

धन्यवाद !

रीता कुमारी चौधरी
न्यायिक समिति
संयोजक

CamScanner

अनुसूची-४

## विभिन्न समितिका प्रतिवेदनहरु:

### १. विधायन समितिको प्रतिवेदन

यस १५ औं नगरसभाका अध्यक्षज्यू
सभाका उपाध्यक्षज्यू
सचिव ज्यू
सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,

बाणगङ्गा नगरपालिकाको १५औं नगर सभाको यस गरिमामय सभामा विधायन समितिको संयोजकको हैसियतले यस नगरपालिकाको हालसम्मको कानूनहरु ऐन, नियम, निर्देशिका, मापदण्डहरुको कार्यान्वयनको अवस्था, नयाँ निर्माण गर्नुपर्ने कानूनहरु, मौजुदा कानूनहरुको संसोधन लगायतको विषय प्रस्तुत गर्ने जस्तो महत्वपूर्ण जिम्मेवारी पाउँदा गौरावान्वित महसुस गरेको छु।

संविधानले ३ तहको राज्यको परिकल्पना गरेसँगै स्थानीय तहलाई दिएको अधिकार र कार्यसूचीभित्र रहेर स्थानीय सरकारले तर्जुमा गरेका नीति, कार्यक्रम र बजेटलाई कार्यान्वयनको चरणमा सहजिकरण, सरलता, एकरुपताका साथै थप उद्देश्यमुलक र उपलब्धिमुलक बनाउन थुप्रै ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण गरी स्थानीय तहसँग नागरिकले गरेका अपेक्षा र आवश्यकतालाई सम्बोधन गर्दै "संमृद्ध बाणगङ्गाको मूलआधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वधार" लाई सार्थकता दिनुका साथै नगरपलिकालाई समृद्ध नगरको रुपमा स्थापित गर्नु प्रमुख उद्देश्य रहेता पनि यस विधायन समितिका अन्य लक्ष्य एवम् उद्देश्यहरु, चुनौती तथा अबको कार्यदिशा निम्नानुसार रहेका छन्।

#### लक्ष्य / उद्देश्यहरु

- स्थानीय तहलाइ संविधानद्वारा निर्दिष्ट अधिकार क्षेत्र भित्र रही स्थानीय तहले आफ्नो आवश्यकता अनुसार कानून निर्माण गरी लागु गर्ने सु-अवसरको उपयोग गर्नु
- स्थानीय आवश्यकतालाई व्यवस्थित गरि कानूनी राज्यको परिकल्पनालाई साकार बनाउनु
- विकास निर्माणमा बजेटको उचित कार्यान्वियन गर्नु
- योजना कार्यान्वयनमा सरलता र सहजता स्थापित गर्नु
- लक्षित कार्यक्रमलाई उद्देश्यमुलक तथा उपलब्धिमुलक बनाउनु
- स्थानीय तहले प्रदान गर्ने सम्पूर्ण सेवाप्रवाहमा सर्वसाधारणको समान पहुँच स्थापित गर्नु
- सवल, सक्षम, सुशासनयुक्त, पारदर्शी र जवाफदेहि नगरको रुपमा नगरपालिका लाई स्थापित गर्नु

#### चुनौतीहरु

- विविध कारण (कर्मचारीको अभाव, परामर्शदाताको अभाव, नमुना कानून संमयमै प्राप्त नहुनु) ले गर्दा कानून निर्माणमा सहजता नहुनु।
- विधायन समितिबाट सिफारिस गरिएका कानून निर्माण गरेर समयमै स्वीकृत गरि कार्यान्वयनको चरणमा ल्याउन नसक्नु।
- निर्माण भएका कतिपय कानूनहरु प्रदेश र संघीय सरकारद्वारा पूर्ण वैधानिकता प्राप्त गर्न नसक्नु।
- निर्माण भएका कानूनहरुसँग कतिपयको स्वार्थ बाँझिदा कार्यान्वयनमा कठिनाई हुनु।

वको कार्यदिशाः

विधानले स्थानीय सरकारलाइ प्रदान गरेको अधिकारको उपयोग गर्दै बजेट, नीति तथा कार्यक्रम, जनताको अपेक्षा र शालाई मध्यनजर गर्दै प्राथमिकताको आधारमा कानुन निर्माण गरि समयमै कार्यान्वियन गराइ, स्थानीय सरकारको नुभूति दिलाउन मार्गदर्शन गर्नु विधायन समितिको कार्यदिशा रहनेछ।

संविधानले प्रदत्त गरेको अधिकार क्षेत्र भित्र रहेर स्थानीय स्तरमै कानून निर्माण गर्नु र कार्यान्वयनमा लैजानु स्थानीय कारको लागि आजको चुनौतीको विषय पनि हो। विगतका दिनहरुमा पनि हामीले थुप्रै ऐन, कानून कार्यविधि, निर्देशिका, दण्डहरु निर्माण गरी कार्यान्वियन गरिसकेका छौं र कतिपय कानूनहरु कार्यान्वयनको चरणमा पनि छन्। यद्यपि अझै पनि कानून निर्माण गरि कार्यान्वयन गर्नुपर्ने अवस्था छ। जुन कार्य द्रुत गतिमा अगाडि वढिरहेको छ। यसै क्रममा २०८० त श्रावण महिना देखि हालसम्म विधायन समितिले तर्जुमा गरेका कानूनहरु यस नगरसभामा प्रस्तुत गर्न चाहान्छु।

| सं.नं. | विवरण | स्वीकृत मिति | राजपत्र प्रकाशित |
|---|---|---|---|
| १ | आर्थिक ऐन, २०८० | २०८०-०३-३१ | २०८०-०४-०१ |
| २ | विनियोजन ऐन,-२०८० | २०८०-०३-३१ | २०८०-०४-०१ |
| ३ | पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधी, २०८० | २०८०-०७-२२ | २०८०-०७-२३ |
| ४ | पशुपंक्षी तथ्याङ्क संकलन निर्देशिका, २०८० | २०८०-०७-२२ | २०८०-०७-२३ |
| ५ | बाणगंगा नगरपालिकाको नगर युवा परिषद् संचालन कार्यविधि, २०८० | २०८०-०७-२२ | २०८०-०७-२३ |
| ६ | अटोरिक्सा, ईरिक्सा संचालन सम्बन्धी कार्यविधि- २०७६ (प्रथम संसोधन २०८०) | २०८०-०८-२२ | २०८०-०८-२६ |
| ७ | लेखा समिति कार्यविधी, २०८० | २०८०-०९-१६ | २०८०-०९-१८ |
| ८ | वन ऐन, २०८० | २०८०-०९-२५ | २०८०-०९-२६ |
| ९ | बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन ऐन, २०८० | २०८०-०९-२५ | २०८०-०९-२६ |
| १० | खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७८ (प्रथम संसोधन २०८०) | २०८०-०९-२५ | २०८०-०९-२६ |
| ११ | खानेपानी, सरसफाइ तथा स्वच्छता नियमावली, २०८० | २०८०-१०-०४ | २०८०-१०-०७ |

हालको अवधीसम्म आईपुग्दा नगरपालिकाले २६ वटा (नयाँ जनप्रतिनिधी आए पश्चात) कानूनहरुको तर्जुमा गरी र्यान्वयनमा ल्याईएको छ र हालसम्म कूल २७ वटा ऐन, ६ नियमावली, ५३ कार्यविधि, ९ निर्देशिका, ३ वटा मापदण्ड र चारसंहिता १ वटा गरी जम्मा ९९ वटा कानूनहरु रहेको व्यहोरा अवगत गराउन चाहान्छु।

सैगरी, समय अवस्था र व्यवहारिकतालाई मध्येनजर गर्दै पहिले बनेका कानूनहरु मध्ये

*अटोरिक्सा, ई-रिक्सा सञ्चालन सम्बन्धी कार्यविधी, २०७६*

*खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७८ गरी २ वटा कानूनहरुलाई संसोधन गरिएको छ।*

त्तै गरी,

*छाडा पशु चौपाया कार्यविधि, २०७९ खारेज गरिएको व्यहोरा अवगत गराउन चाहान्छु।*

रेज गरिएको कारण

डा पशु चौपाया कार्यविधि, २०७९ कार्यान्वयन गर्दै गर्दा विभिन्न जटिलताहरु देखिएका र छाडा चौपाया व्यवस्थापन गर्न जता नभएकोले उक्त कार्यविधि खारेज गरी पशु चौपाया नियन्त्रण व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधी, २०८०

र्माण गरी कार्यान्वयनमा ल्याईएको छ । छांडा चौपाया व्यवस्थापनको विकरालको रुपमा देखिएको यो समस्या हाल माधान भएको छ ।

**सोधन गरिएका विषयवस्तुहरु**

**टोरिक्सा, ई-रिक्सा सञ्चालन सम्बन्धी कार्यविधी, २०७६ संसोधनको व्यहोरा**

ार्यविधिमा रहेका कतिपय दरेट फेरबदल गर्नुपरेको कारण संसोधन गरिएको र अटो रिक्सा ई रिक्साको नम्बरिङको लागि ार गरिएको अनुसूची थप गरिएको छ ।

**ानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७८ (संसोधन, २०८०) संसोधनको व्यहोरा:**

घिल्लो नगरसभा १४औं नगरसभामा पेश भई स्वीकृत भई सकेको ऐनमा निम्न दफाहरुलाई संशोधन गरिएकोछ ।

**खानेपानी तथा सरसफाईको क्षेत्रसंग सम्बन्धित सरोकारवालाहरुसंग दफादार छलफल गरी तयार गरिएको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०७८ (प्रथम संसोधन प्रस्ताव)**

| ।.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| १ | प्रस्तावना | नेपालको संविधानको धारा ५७ (४) मा भएको व्यवस्था र धारा २२६ बमोजिम यस बाणगङ्गा नगरपालिकाको १० औं नगर सभाले यो ऐन पेश गरेको छ। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र बाणगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम नगरपालिकाले यो कार्यविधी बनाएको छ। |
| २ | १ | बाणगङ्गा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७८ | बाणगङ्गा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०७८ |
| ३ | २ | बुँदा (क) "अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ। र (ख) "अनुमतिपत्र प्राप्त समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित समिति सम्झनु पर्दछ। | बुँदा (क) र (ख) हटाई क्रम संख्या मिलान गरिएको |
| ४ | २ | (घ) "उपभोक्ता"भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, समिति वा निकाय सम्झनु पर्दछ। | (ख) "उपभोक्ता"भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, संस्था र समुदाय सम्झनु पर्दछ। |
| ५ | २ | (ञ) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई गुणस्तरीय खानेपानी सम्झनु पर्दछ । | (ज) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्याउने गुणस्तरीय अथवा सुरक्षित खानेपानी सम्बन्धी संघीय मापदण्ड सम्झनु पर्दछ । |
| | २ | (ट) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ। | (झ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ। |
| | २ (न) थप गरिएको | | (न) "अनुमतिपत्र" भन्नाले बाणगङ्गा नगरपालिकाको खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्न उपलब्ध गराईएको अनुमतिपत्र सम्झनु पर्दछ। |

CamScanner

| क्र.सं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| ८ | ९ (१) | (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,<br>(क) नगरपालिका प्रमुख -अध्यक्ष<br>(ख) नगरपालिकामा खानेपानी तथा सरसफाई हेर्ने सदस्य र एक जना महिला सदस्य -सदस्य<br>(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि (नगरभित्र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल भएमा) -सदस्य<br>(घ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि -सदस्य<br>(ङ) खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यरत संघ समितको एक जना प्रतिनिधि-सदस्य<br>(च) नगरपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख- सदस्य सचिव<br>(छ) नगरपालिकाको खानेपानी तथा सरसफाईको सम्पर्क व्यक्ति -सदस्य सचिव | (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,<br>(क) नगरपालिका प्रमुख -अध्यक्ष<br>(ख) नगरसभा सदस्यहरु मध्ये कार्यपालिकाबाट मनोनित २ जना सदस्य (१ जना महिला अनिवार्य) -सदस्य<br>(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता नगर महासंघ नेपालको २ जना प्रतिनिधि (१ जना महिला अनिवार्य) -सदस्य<br>(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मध्येबाट समितिले तोकेको एक जना प्रतिनिधि -सदस्य<br>(ङ) खानेपानी तथा सरसफाई सम्बन्धी १ जना प्राविधिक कर्मचारी-सदस्य<br>(च) स्वास्थ्य क्षेत्रको कर्मचारी १ जना- सदस्य<br>(छ) नगरपालिकाको खानेपानी तथा सरसफाईको सम्पर्क व्यक्ति -सदस्य सचिव |
| ९ | ९ (३) | (३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट नगर प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ। | नियमावलीमा राख्नेगरी यहावाट हटाइएको |
| १० | ९ (४) को सट्टा नयाँ दफा (३) | (४) नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। | (३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। |
| ११ | १० | नगरपालिका स्तरीय खानेपनी तथा सरसफाइ समन्वय समितिका काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन्। | समितिका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन्। |
| १२ | १० | (ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने। | (ज) नयाँ संस्था दर्ता गर्दा स्थलगत अनुगमन पश्चात स्वीकृती दिने।<br>(झ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने। |
| १३ | ११ | (२) उपदफा (१) बमोजिमको समन्वय समितिका सदस्य तथा पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछन।<br>(३) वडा सचिवले समितिको सदस्य सचिवको रुपमा काम गर्नेछन् ।<br>(४) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। | (२) सम्बन्धित वडा समिति पदाधिकारीमध्ये १ जना महिला सदस्य -सदस्य<br>(३) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख - सदस्य<br>(४) सम्बन्धित वडामा क्रियाशिल खानेपानी सेवा प्रदायक संस्थाबाट १/१ जना - सदस्य<br>(५) वडामा रहेका विद्यालयहरुका प्रधानाध्यपकहरु मध्येबाट वडाध्यक्षले मनोनित गरेको १ जना - सदस्य<br>(६) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव<br>(७) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। |
| १४ | १३ (च) | (च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्ने, मुल्याङ्कन कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुर्नगठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने, | (च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्ने नगर कार्यपालिकामा पेश गर्ने, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने, |

CamScanner

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| १५ | १४ | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न सक्ने: (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि समितिगत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।<br>(२) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन नभएका क्षेत्रमा नगरपालिकाले उपभोक्ता समिति गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।<br>(३) प्रचलित कानून बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन भएमा उपभोक्ता समितिको विधान सहित उपभोक्ता समिति दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता समिति दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी तथा सरसफाई इकाई/शाखाको सिफारिसमा प्रमुख प्रशाकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता समिति दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।<br>(५) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति/समूह/समितिहरु यो ऐन लागु भए पश्चात् यस नगरपालिकामा आफ्नो साविक विधान, दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, गत आवको कर चुक्ता र अन्तिम लेखा परीक्षण प्रतिवेदन पेश गरी उपभोक्ता समिति व्यवासयीक रुपमा समिति दर्ता हुनु पर्नेछ। तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।<br>(६) नगरपालिकामा व्यवसायिक रुपमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भीत्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ । | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न सक्ने: (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि समितिगत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सक्नेछन् । |
| १६ | १५ | (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनुपर्नेछ ।<br>(३) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा क्रमशः दुई कार्यकालमात्र काम गर्न पाउने छ। <u>तर यस प्रयोजनका लागि कुनै अध्यक्षको कार्यकाल क्रमशः नभएमा पुन: थप कार्यकाल अध्यक्षको रुपमा रहन सक्नेछ।</u> | (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ।<br>(३) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा क्रमशः दुई कार्यकालमात्र काम गर्न पाउने छ। <u>तर कुनैपनि व्यक्ति पदाधीकारीको उम्मेदवार हुन समान पदमा २ कार्यकाल भन्दा बढी हुन पाउने छैन</u> ! |
| १७ | १७ | (१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ।<br>(क) सामुदायिक खानेपानी प्रणाली<br><u>(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)</u> | (१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ।<br>(क) सामुदायिक खानेपानी प्रणाली |

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| १८ | २२ (२) र (३) | खानेपानी तथा सरसफाइ महसुल निर्धारण: (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।<br>(२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ।<br>(३) दफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि नगर सभाले निर्धारण गरेभन्दा बढी खानेपानी तथा सरसफाइ सेवाको महसुल लिन पाईनेछैन। | खानेपानी तथा सरसफाइ महसुल निर्धारण: (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ।<br>(२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ। |
| १९ | २७ | पूर्वाधारको निर्माण वर्गिकरण:(१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गिकरण गर्नुपर्नेछ।<br>(क) ठुला आयोजना: १००० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा बर्गिकरण गरिनेछ।<br>(ख) मझौला आयोजना: १०० देखि १००० घर परिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गिकरण गरिनेछ।<br>(ग) साना आयोजना: १०० भन्दा कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना तथा सामान्य आयोजनामा वर्गिकरण गरिनेछ। | पूर्वाधारको निर्माण वर्गीकरण:(१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ।<br>(क) ठुला आयोजना: १००० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा वर्गीकरण गरिनेछ।<br>(ख) मझौला आयोजना: ५०१ देखि ९९९ सम्म घर परिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गीकरण गरिनेछ।<br>(ग) साना आयोजना: ५०० भन्दा कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना तथा सामान्य आयोजनामा वर्गीकरण गरिनेछ। |
| २० | २८ (५) | (५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन खनाई, १०० मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ। | (५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन खनाई तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ। |
| २१ | ३८ (४) | (४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ। | (४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा सात दिनको समय दिनु पर्नेछ। |
| २२ | ३९(१) र (२) | अनुमतिपत्र दिनुपर्ने :....... अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ :<br>(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ। | अनुमतिपत्र दिनुपर्ने : (१) दफा ३८ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले पन्ध्र दिनभित्र यस ऐन र अन्य, प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ।<br>(२) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ। |

CamScanner

| सि.नं. | दफा/ उपदफा | मौजुदा | हुनुपर्ने |
|---|---|---|---|
| २३ | दफा ५० को सट्टा | नियम बनाउने सक्ने यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ। | ५०. उपभोक्ता समिति विघटन गर्न सक्ने: (१) तोकिएको समयसीमा भित्र साधारणसभा तथा अधिवेशन नगराएमा नगरस्तरीय समितिले उक्त समिति विघटन गर्न कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ। यसरी सिफारिस प्राप्त भएका नगर कार्यपालिकाले सम्बन्धित वडास्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिलाई एक महिना भित्र नयाँ उपभोक्ता समिति गठनको लागि व्यवस्थापनको जिम्मा दिनसक्नेछ।<br>(२) उपदफा (१) बमोजिम विघटन गर्नुपूर्व सम्बन्धित समितिलाई पन्ध्र दिन भित्र पेश गर्ने गरी सफाईको मौका दिन सक्नेछ।<br>(३) वडास्तरीय समितिले आवश्यक ठानी नगरपालिकासँग प्राविधिक सहयोग माग गरेमा नगरपालिकाले आवश्यक कर्मचारी खटाई सहयोग उपलब्ध गराउन सक्नेछ।<br>(४) विघटन पूर्व रहेका कार्यसमितिले आर्थिक हिनामिना गरेको प्रमाणित भएमा सोही समितिबाट असुलउपर गर्न सक्नेछ। |
| २४ | ५१ नयाँ थप | | ५१. खानेपानी बोर्ड गठन गर्न सक्ने: नगरपालिकाले आवश्यक परेमा खानेपानी बोर्ड गठन गर्नसक्नेछ। |
| २५ | ५२ नयाँ थप | | नियम बनाउने सक्ने: यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ। |

सभा अध्यक्ष्य ज्यू,

कार्य सम्पादनको क्रममा कतिपय कानूनहरु कार्यान्वयन गर्दा केही जटिलताहरु देखिन थालिएका छन्। अधिकांश प्रक्रियामुखी कानूनहरु रहेको, स्थानीय आवश्यकता अनुसार निर्माण गरिएका स्थानीय कानूनहरुलाई कार्यान्वयनको चरणमा देखिएका विभिन्न जटिलताहरुलाई सम्बोधन गर्न प्रदेश र संघीय सरकार उदासिन हुनु, राजनैतिक हस्तक्षेप जस्ता गतिविधीहरुले पनि तत्काल नै अनुभूति गर्न सकिने खालका कार्य सम्पादन गर्न अफठ्यारो भई आम जनताको अकांक्षा अनुरुप कार्य गर्न नसकिएको यथार्थतालाई स्वीकार्दै आगामी दिनहरुमा ती तमाम आकांक्षाहरुलाई पूर्णता र विकास निर्माणको अनुभूति दिलाउन नगरपालिका कटिबद्ध रहेको छ। यस्ता कानूनहरुको तर्जुमा, संसोधन लगायतको कार्य गर्दा सरोकारवालाहरु संगको समन्वय, अनुभवी व्यक्तित्वहरुको सरसल्लाह तथा सम्बन्धित विषयगत क्षेत्रका विज्ञ समेतको सहकार्यमा व्यापक छलफल गरी मात्र कानूनहरुको तर्जु गरिएका छन्। यसरी कानूनहरुको तर्जुमा गर्दा यसले पार्ने दिर्घगामी प्रभावहरु, यसका सबल र दुर्बल पक्षहरुको सुक्ष्म अध्ययन गरी समय सापेक्ष परिमार्जित गर्दै लैजानुपर्ने हुन्छ।

कानून कार्यान्वयनको समिक्षा र संसोधनका विषयवस्तुहरुको लागि छुट्टै अभिमुखिरकण गर्न आवश्यक ठानेको छु। स्थानीय सरकारलाई संविधानद्वारा प्रदत्त अधिकारको उपयोग गर्दै बजेट, निति तथा कार्यक्रम, जनताको अपेक्षा र आकांक्षालाई मध्यनजर गर्दै प्राथमिकताको आधारमा कानून निर्माण गरी समयमै कार्यान्वियन गराई, स्थानीयस्तरमै सरकारको उपस्थितीको अनुभूति दिलाउन मार्गदर्शन गर्नु यस विधायन समितिको जिम्मेवारी हुने व्यहोरा अवगत गराउँदछु।

विभिन्न कानूनहरुको तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु र सम्पूर्ण कर्मचारीहरु एवं सरोकारवाला सबैलाई विशेष धन्यवाद दिन चाहान्छु।

धन्यवाद!
बाबुराम अर्याल
संयोजक
विधायन समिति, बाणगङ्गा नगरपालिका

CamScanner

## २. आर्थिक विकास समितिको प्रतिवेदन

**यस १५औं नगरसभाका अध्यक्षज्यू/ सभाका उपाध्यक्षज्यू /सचिव ज्यू/ सम्पूर्ण नगर सभा सदस्यज्यूहरु।**

सर्वप्रथम आर्थिक विकास समितिको संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीबाट यस नगरपालिकाको हालसम्मको आर्थिक विकास क्षेत्र तथा उपक्षेत्रमा भएका वित्तीय तथा भौतिक प्रगति लगायतको विषयमा यस गरिमामय १५ औं नगरसभामा प्रस्तुत गर्न पाउँदा निकै खुसिको अनुभव गरेको छु।

नेपालको अर्थतन्त्रमा कृषिमा सबैभन्दा बढी जनसंख्या आश्रित रहेको क्षेत्र हो भने अन्य क्षेत्रले समेत आर्थिक विकासका लागि योगदान गरेका छन्। नेपालले कुनै एक मात्र क्षेत्रमा प्राथमिकताको नीति लिएको छैन। अहिले गरीबी निवारणको लागि पनि कृषि तथा पशुपालन, उद्योग, व्यापार पर्यटन, वैदेशिक रोजगार जस्ता क्षेत्रमा लगानी र विकास आवश्यक छ। यिनलाई आर्थिक विकासको प्रमुख पक्षका रूपमा पनि अघि सारिएको देखिन्छ।

राष्ट्रिय कुल गार्हस्थ उत्पादनको ३० प्रतिशत भन्दा बढी योगदान पुर्याई रहेको कृषि क्षेत्रमा करिब ६५ प्रतिशत जनता आश्रित रहेको, करिब ८० प्रतिशत जनता यस क्षेत्रमा आबद्ध रहेको करिब ६५ प्रतिशत रोजगारी यस क्षेत्रले सिर्जना गरेको छ। कृषि पेसामा महिलाको सहभागिता करिब ७० प्रतिशत भन्दा बढी रहेको छ। बढी रोजगारी यही क्षेत्रबाट सृजना भएको छ। समग्रमा नेपालको कुल गार्हस्थ उत्पादनको कृषि क्षेत्रबाट करिब ३० प्रतिशत भन्दा बढी योगदान पुंराएको छ।

यस क्षेत्रको योगदानमा पशुपालन क्षेत्रको योगदान करिब २६.८ प्रतिशत रहेको छ भने कुल गार्हस्थ उत्पादनमा पशुपालन क्षेत्रबाट करिब ११ प्रतिशत योगदान पुर्याएकाले कृषि र पशु विकासको क्षेत्रबाट नगरको समग्र अर्थतन्त्रमा पुर्याएको योगदानको महत्व निकै उच्च रहेको छ।

कृषकहरुलाई आत्मनिर्भर, व्यवसायमुलक र निर्यातमुलक बनाई दिगो आर्थिक विकासमा टेवा पुग्न सकोस् भन्ने अभिप्रायले कृषकहरुलाई केन्द्रविन्दुमा राखेर नगरको आर्थिक नितिको तर्जुमा गर्नुपर्छ। नगरको आर्थिक नीती तर्जुमा गर्दा कृषि/पशुपालन प्रणालीको विशेषता बुझ्नु जरुरी छ। हाम्रो नगरको कृषि/पशुपालन प्रणाली मनसुनमा आधारित छ। कृषि/पशुपालन पेशा व्यवसायिक भन्दा निर्वाहमुखी बढी छ। कृषि क्षेत्रमा पूर्ण रोजगारी छैन। परम्परागत कृषि/पशुपालन प्रणाली अवलम्बन गरिएको छ। कृषि भूमीको खण्डीकरण भएको छ।

कृषि खाद्यान्नको उत्पादनको प्रमुख श्रोत, उद्योगका लागि कच्चा पदार्थको स्रोत, औद्योगिक उत्पादनको उपयोग, निर्यातको मुख्य स्रोत, व्यापारमा सहयोग, रोजगारीको सिर्जना र नगरको अर्थतन्त्रको मेरुदण्ड हो। तर परम्परागत कृषि/पशुपालन प्रणाली, विउ विजन तथा नश्लको अभाव, कृषि औजारको अभाव, आवश्यक बाजारको अभाव , सिंचाईको असुविधा, अध्ययन अनुसन्धान नभएको, कृषि/पशु प्राविधिकहरुको अभाव, भूमीको असामान वितरण, अत्यधिक जनसंख्याको भार, यातायातको असुविधा, कृषि ऋणको अभाव जस्ता ससस्याहरुबाट प्रभावित छ।

नगरको कृषि/पशुपालन प्रणालीलाई विकसित पार्ने योजनां बनाउन नगरले कृषकहरुका लागि प्राविधिक तथा व्यवसायिक कृषि/पशुपालन शिक्षा र तालिमको पर्याप्त व्यवस्था, उन्नत कृषि औजार, बीउबिजन तथा उन्नत नश्ल, मलखाद आदिको सर्वसुलभ व्यवस्था, कृषिमा आधारित उद्योगधन्दाको स्थापना र विस्तारमा जोड, कृषि क्षेत्रमा यातायातको सुविधाको पहुँच विस्तार, कृषि भूमीको न्यायोचित र वैज्ञानिक वितरणका लागि प्रगतिशील भुमिसुधार योजनाका साथै आवश्यक अनुसन्धानात्मक कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ।

कृषि/पशुपालनको विकासमा यातायातको ठूलो भुमिका रहेको हुन्छ। यातायातको असुविधा नै कृषि/पशुपालन उत्पादन बढाउन नसकिने अर्को प्रमुख कारण हो। कृषि र उद्योग बीचको सम्बन्धलाई जोड्ने एक महत्वपूर्ण माध्यम व्यापार हो। व्यापारका लागि यातायातको सुविधा अनिवार्य हुन्छ। यातायातको असुविधा भएको खण्डमा एकातिर कृषि उपजले बजारको पहूँच पाउदैनन् भने अर्कातिर उद्योग निर्मित कृषि औजार, उन्नत बीउबिजन, मल तथा औषधिको पहूँचमा आइपुग्दैनन्। बजारको अभावमा कृषकहरु त्यति उत्साहित हुदैनन् भने आवश्यक मल, बीउ आदिको अभावमा कृषिको उत्पादकत्व समेत घटेर जान्छ। तसर्थ यातायातको असुविधाका कारण पनि कृषि उत्पादन बढाउन सकिदैन।

कृषिसंग सम्बन्धित उद्योग क्षेत्रमा रोजगारीका अवसरमा वृद्धि, नगरको प्राकृतिक स्रोत साधनको सदुपयोग, नगर उत्पादनमा वृद्धि, निर्यातमा वृद्धि, आयात प्रतिस्थापन गर्न सकियो भनेमात्र नगर आयमा वृद्धि, आत्मनिर्भरता र नगर सुरक्षालाई सशक्त बनाउन सकिन्छ। त्यसका लागि नगरमा उद्योगको समुचित विकासका लागि सरल र सहज तरिकाले कम व्याजदरमा ऋण पाउने व्यवस्था, बजारको व्यवस्था, उद्योगहरुलाई प्रोत्साहन, स्पष्ट नगरको नीति, यातायात र सञ्चारको सुविधा, गोदामघरको सुविधा एवं सरल तरिकाले इजाजत प्रदान गर्ने व्यवस्था हुनुपर्छ।

CamScanner

गरमा उपलब्ध स्रोत र साधनहरुको सहि र व्यवस्थित रुपमा सञ्चालन गर्न जनशक्तिको आवश्यकता पर्दछ । जुन देशमा दक्ष जनशक्तिको विकास भएको हुन्छ , त्यस देशको आर्थिक विकास द्रुत गतिमा हुन्छ । विभिन्न क्षेत्रमा दक्ष जनशक्तिको योगदानले नै गरको आर्थिक सामाजिक स्थिति सुदृढ हुन जान्छ ।

**आर्थिक विकास संग सम्बन्धीत मुख्य - मुख्य उपलब्धीहरु**

- कृषक, कृषक समूह/सहकारी /कृषि फर्महरुलाई ४५,६०० के. जी. गहु तथा १८,०४४ के.जी. धानको उन्नत बीउ बितरण भै स्वदेशी विउँको बिस्तार भएको ।
- कृषक, समूह / सहकारी / कृषि फर्महरुलाई कन्ने च्याउको बीउ १५,५०० पोका वितरण गरिएकोले खाद्य पोषणमा टेवा पुग्नुको साथै व्यसायिक च्याउ खेतीबाट आयआर्जनमा बृद्धि भएको ।
- आई पि एम कृषक पाठशाला संचालन गरी १५० कृषकहरुलाई आई पि एम प्रविधि बारे व्यवहारिक ज्ञान प्रदान गरि विषादि न्युनीकरण तथा प्रांगारिक उत्पादनमा टेवा पुगेको ।
- २७ वटा कृषक समूह/सहकारी /कृषि फर्महरुबाट मागमा आधारित कार्यक्रम अन्तरगत ब्यवसायिक तरकारी खेती फलफूल खेती तथा मौरी पालन कार्यक्रम संचालन भै कृषिको ब्यवसायीकरणमा टेवा पुगेको ।
- २९ वटा कृषक समूह/सहकारी /कृषि फर्महरु मार्फत साना सिचाई कार्यक्रम अन्तरगत कुलो मर्मत तथा निर्माण स्यालो ट्यूववेल जडान मोटर/पम्पसेट जडान गरी सिंचित क्षेत्रफल बिस्तार गरिएको ।
- ५ बटा कृषक समूह/ सहकारी /कृषि फर्महरुलाई १०० मौरी गोलाघार तथा १०५ केजी आधार चाका अनुदनमा बितरण गरिएकोले खाद्य पोषणमा टेवा पुग्नुको साथै ब्यसायिक मौरीपालनबाट आयआर्जनमा बृद्धि भएको ।
- ४ वटा कृषक समूह / सहकारी / कृषि फर्महरु मार्फत भर्मिकम्पोष्ट सेड निर्माण गरी मल उत्पादन कार्य सुरु गरिएको ।
- ७८४ जना कृषकहरुलाई तरकारी, खाद्यान्नबाली तथा साना मेशिनरी मर्मत संभार सम्बन्धि तालिम दिई उन्नत प्रविधि तथा साना मेशिनरी मर्मत संभार सम्न्धि ज्ञान प्रदान गरीएको ।
- ५४ बटा कृषक समूह/सहकारी /कृषि फर्महरुलाई साना मेशिनरी औजार/उपकरण बितरण कार्यक्रम अन्तरगत पावर टिलर, मिनि टिलर ,रिपर, कम्बाईन मील, स्प्रेयर अनुदानमा उपलब्ध गराई कृषिको यान्त्रीकरणमा बृद्धि गरि उत्पादन लागत घटाउने कार्य गरिएको ।
- ७८ वटा कृषि सिचाई मिटर जडानको लागि सीफारिस गरि सिंचाई लागत घटाउने कार्य गरिएको ।
- १६१ कृषक समूह दर्ता तथा नविरण भै ब्यवसायिक कृषि उत्पादन तथा कृषि प्रविधि प्रचार प्रसार तथा बिस्तारमा सहयोग पुर्याएको ।

**शुपन्छी विकास**

| | पशुपन्छी विकास तर्फ | |
|---|---|---|
| १ | पशु आहारा (घाँस बिकास) | दुध उत्पादन लागत कम गर्नको लागी १२५ हेक्टर जग्गामा मौसम अनुसार बिभिन्न उन्नत जातको घाँसखेतीको बिस्तार गर्न १९४५ कृषक परिवारमा निशुल्क घाँसको बीउ बितरण गरिएको । |
| २ | पशुपन्छीहरुमा उपचार तथा परजीबि नियन्त्रण | १५४२२ पशुपन्छीहरुमा उपचार तथा परजीबि नियन्त्रण सेवा प्रदान गरी १३७४२ कृषक परिवारहरु लाभवन्तित भएको । |
| ३ | पशुपन्छी खोप | ११२०० गाई/भैसीहरुमा भ्यागुते/चरचरे, १०४०० गाई/भैसीहरुमा खोरेत , ८८०० बाख्राहरुमा पि.पि.आर. तथा ८५ वटा कुकुरहरुमा रेबिज खोपहरु समेत गरी जम्मा ३०४८५ पशुहरुमा रोग नियन्त्रणको लागी निशुल्क खोप लगाइएको । |
| ४ | ब्यवसायिक पशुपन्छी फर्महरु सुधार | १७ वटा ब्यवसायिक पशुपन्छी तथा मत्स्य फर्महरुमा ५० प्रतिशत अनुदान रकम सहयोग गरी फर्महरु सुधार गरिएको । |
| ५ | बिधुत्तिय च्यापकटर बितरण | १० वटा ब्यवसायिक पशुपन्छी फर्महरुमा ५० प्रतिशत अनुदानमा १० वटा बिधुतिय च्यापकटर बितरण गरिएको । |
| ६ | पशु नश्ल सुधार | २२७५ गाई/भैसीहरुमा कृत्रिम गर्भाधान सेवा प्रवाह गरी नश्ल सुधार गरिएको । |

| | | |
|---|---|---|
| ७ | कृषकहरुको क्षमता बिकास | १८४ जना पशुपालक कृषकहरुलाई व्यवसायिक गाई / भैसी / बाख्रा तथा स्वच्छ दुध उत्पादन सम्बन्धी ३ दिने तालिम प्रदान गरी क्षमता बिकास गरिएको । |
| ८ | पशुपन्छी तथ्यांक संकलन | नगरपालिका भित्रका पशुपन्छीहरुको तथ्यांक स्थलगत संकलन गरी अध्यावधिक गरिएको । |
| ९ | सरकारी तथा गैर सरकारी संघ / संस्थाहरु सँग साझेदारी | JOA, ADRA Nepal र इन्द्रेणी ग्रामीण बिकास केन्द्र, नेपाल (तराई परियोजना) सँग नगरपालिकाले साझेदारी सम्झौता गरी ४१६ साना दुग्ध उत्पादक कृषकहरुको गाई / भैसीहरुको नश्ल सुधार तथा दुध उत्पादन बृद्धि गर्ने कार्य सम्पन्न गरेको । |
| १० | पशु स्वास्थ्य नियमन | इपिडिमियोलोजि रोगहरुको १२ पटक तथा बर्डफ्लु/ जुनोटिक रोगहरुको ४६ पटक अनुगमन गरी प्रदेश तथा सघमा रिर्पोटिड. गरिएको । |
| ११ | गाई/भैसी प्रर्वद्धन | २ वटा सहकारी संस्थाहरु मार्फत २९७ जना दुग्ध उत्पादक कृषकहरुलाई ५६७४९९।६३ लिटर दुधको रु.११४० को दरले जम्मा रु.७९४४९९।४८ प्रोत्साहन अनुदान सहयोग गरिएको । |
| १२ | पूर्वाधार सुधार | २ वटा सहकारी संस्थाहरुमा ८५ प्रतिशत अनुदानमा दाना उधोग तथा दुग्ध संकलन केन्द्रहरुको पूर्वाधार सुधार गरिएको । |
| १३ | भेटेरीनरी सेवा बिस्तार | भेटेरीनरी डाक्टर भर्ना गरि भेटेरीनरी सेवा बिस्तार गरिएको । |

**आर्थिक वर्ष ०८०।८१ को हालसम्मको क्षेत्रगत खर्च विवरण**

| क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ७,१३,७६,९५७.०० | ३,४३,६४,२९३.०० | ४८.१४ |
| कृषि | २,९९,०७,१७०.०० | १,४४,०५,३३०.०० | ४८.१७ |
| उद्योग | ७३,५०,०००.०० | २०,२०,३५४.०० | २७.४९ |
| पर्यटन | २२,५०,०००.०० | १०,००,२९५.०० | ४४.४६ |
| सहकारी | २२,५०,०००.०० | ४,४६,९७०.०० | १९.८७ |
| वित्तिय क्षेत्र | ११,०६,७८७.०० | ३,१८,४५५.०० | २८.७७ |
| जलश्रोत तथा सिचाई | ४९,००,०००.०० | ४०,१२,९७६.०० | ८१.९० |
| बन | २,००,०००.०० | ०.०० | ०.०० |
| पशुपंछी विकास | १,९५,६३,०००.०० | १,११,२३,३४२.०० | ५६.८६ |
| भूमि ब्यवस्था | ३२,००,०००.०० | ४,०१,५७१.०० | १२.५५ |
| वाणिज्य | ६,५०,०००.०० | ६,३५,०००.०० | ९७.६९ |
| कुल जम्मा | ७,१३,७६,९५७.०० | ३,४३,६४,२९३.०० | |

**कार्यक्रम तथा वजेट कार्यान्वयनमा देखा परेका समस्या, चुनौति तथा समाधानका उपाय**

**क) प्रमुख चुनौती र समस्या**

- परम्परागत कृषि/पशुपालन प्रणाली,
- उन्नत विउ विजन, रसायनिक मल तथा नश्लको अभाव,
- कृषि औजारको अभाव, आवश्यक बाजारको अभाव ,
- सिंचाईको असुविधा,
- अध्ययन अनुसन्धान नभएको,

CamScanner

➢ कृषि/पशु प्राविधिकहरुको अभाव,
➢ भूमीको असामान वितरण,
➢ अत्यधिक जनसंख्याको भार,
➢ यातायातको असुविधा,
➢ कृषि ऋणको अभाव जस्ता समस्याहरुबाट प्रभावित छ ।

ख) समाधानका उपायहरु

➢ माथि उल्लेखित समस्या र चुनौतीलाई अवसरको रुपमा प्राप्त गरी तीनै तहको सरकार, अन्तर निकायहरुको सहकार्य, समन्वय र सहअस्तित्वमा कार्यसम्पादन गर्न सके समृद्धिबाट समोन्नित तर्फ अगाडी बढ्न सकिने अनुमान गर्न सकिन्छ ।

आगामी कार्यदिशा

- कृषियोग्य जमिनमा सिँचाईको पहुँच पुऱ्याउन कृषकहरुसँगको लागत साझेदारीमा साना सिँचाई, स्यालो ट्युवेल, सतह सिंचाई, पोखरी तथा ताल तलैया मर्मत तथा विस्तार गरी सिंचित क्षेत्रफलको विस्तार गर्ने ।
- धान, गहुँ, मकै, दलहन र तेलहन जस्ता अन्नबाली एवम् विभिन्न नगदे बालीहरुको उन्नत बिऊ एवम् कृषि यन्त्र वितरण लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिने ।
- कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकीकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागू गर्दै करार, सहकारी तथा सामुहिक खेतिलाई प्रोत्साहन गर्ने ।
- कृषकलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, कृषि सामाग्रीमा अनुदान तथा सहयोग गर्ने, कृषि उत्पादनको बजारीकरण गर्न आम्दानीको बचत गर्नेसम्मका कार्यको सुनिश्चितता हुने गरी सहकारी संस्थाहरुको सबलीकरणमा जोड दिने।
- कृषिजन्य उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि "एक वडा, एक उत्पादन" को अवधारणालाई प्रोत्साहन गर्दै लगिने छ । कम्पोष्ट मल, हरियो मल, प्राङ्गारिक मल एवं गड्यौंला मल उत्पादक कृषकहरुलाई विशेष प्रोत्साहन गर्ने ।
- कृषि क्षेत्रको विकासको लागि माटो अनुकुल बनाउन माटो परीक्षणको आवश्यक व्यवस्था मिलाइने छ । कृषकहरुलाई मागको आधारमा कृषि सम्बन्धि आधारभूत र विशेष तालिमको प्रवन्ध गर्ने ।
- नगरपालिका भित्र कृषक, समूह र सहकारीद्वारा उत्पादित बिऊलाई नगरपालिकाले नै खरिद गरी कृषकहरुलाई नै वितरण गरिने कुरालाई प्राथमिकता दिने ।
- रैथाने प्रजातिका बाली संरक्षणको लागि आवश्यक कार्यक्रम संचालन गर्ने साथै बिऊ बैङ्कको अवधारणा अगाडि बढाउने ।
- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नको निमित्त सहकारी संस्थाहरुसँग साझेदारी गरी "कोशेली घर" सञ्चालनको निमित्त आवश्यक कार्यक्रम संचानल गर्ने ।
- बिउ प्रतिस्थापन दर बढाउनका लागि धान, मकै तथा गहुँ एवं तरकारीजन्य बीउ उत्पादनका कार्यक्रम संचालन गरी नगरलाई खाद्यान्न वालीको बीउमा आत्मनिर्भर गराउँदै लाने ।
- बढ्दो विषादी प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्यूनीकरण गर्न विषादी सचेतनाका कार्यक्रम /कृषक पाठशाला संचालन गरी आर्गानिक उत्पादनतर्फ जोड दिने ।
- कृषि सम्बन्धी ज्ञान तथा सीप हासिल गरेका नगरमै कृषि पेशामा संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम संचालन गरी आय आर्जनमा जोड दिने ।
- कृषि, पशुपंछी तथा जडीबुटी बीमा सम्बन्धि कार्यक्रमलाई कृषक समक्ष पुरयाउन आवस्क कार्यक्रम संचालन गर्ने ।
- ताजा तरकारीको उत्पादन बढाई खाद्य पोषण सुरक्षाको लागि "एक घर एक करेसावारी एक वडा एक नर्सरी "कार्यक्रम संचालन गर्ने ।

CamScanner

- कृषकलाई प्रतिस्प्रधि तथा व्यवसायिक गराउन कृषि मेला, कृषक अवलोकन भ्रमण, प्रदर्शन, तालिम तथा गोष्ठी कार्यक्रमहरु संचालन गर्ने ।
- माहुरी पाल्न इच्छुक कृषकहरुलाई तालिम एवं अनुदानमा माहुरीका घार वितरण कार्यक्रमलाई निरन्तरता दिने। संभावना भएका क्षेत्रमा उत्पादन वृद्धि गर्न मौरी, तरकारी, च्याउ जस्ता उत्पादनमा क्लष्टर छुट्टाइ कार्यक्रम संचालन गर्ने ।
- नगरभित्रका साप्ताहिक हाटबजारलाई व्यवस्थित गर्दै कृषकहरुका आफ्ना उत्पादनलाई सोझै बजार पहुँचका लागि **"बिक्री कक्ष"** स्थापनाका लागि पहल गर्ने।

**पशुपंछी विकास**

- गाई/भैसीहरुको नश्ल सुधार गर्न कृत्रिम गर्भाधान सेवाको लागी आवश्यक बजेटको ब्यवस्थापन गर्ने।
- पशुपन्छी बिमामा थप अनुदानको ब्यवस्था गर्ने।
- पशु आहाराको लागी उन्नत घाँसखेतीको बिस्तार गर्ने।
- पशुजन्य पदार्थ (दुध/मासु/अण्डा) मा आत्मनिर्भर गराउन पशुपन्छी बिकासको लागी पकेट क्षेत्रमा आवश्यक सहयोग गर्ने।
- ब्यवसायिक पशुपालक कृषकहरुलाई प्रोत्साहित गर्न जैबिक सुरक्षा सहितको गोठ/खोर सुधार र यान्त्रिकीकरण खरीदमा सहयोग गर्ने।
- पशुपन्छी उपचार सेवालाई सर्ब सुलभ किसिमबाट संचालन गर्ने।
- पशु बस्तुहरुमा भ्यागुते/चरचरे/खोरेत/रेबिज तथा पि.पि.आर.रोग बिरुद्धको खोप नि:शुल्क उपलब्ध गराउने।
- स्थलगत पशु सेवा प्रवाहको लागी ११ वटै वडाहरुमा १ दिने परजीबि नियन्त्रण शिबिर संचालन गर्ने।
- पशुहरुमा लाग्ने महामारी तथा जुनोटिक रोगहरुको नियमित अनुगमन/सर्भेलेन्स गरी रोग नियन्त्रण गर्ने।
- उन्नत प्रबिधिको अवलम्बन गरी डेरी पसल, दुग्ध संकलन केन्द्रहरुको सहकार्यमा सुधार गर्न सहयोग गर्ने।
- ब्यवसायिक पशुपंक्षी तथा मत्स्य फर्महरुलाई दर्ता/नबीकरणलाई निरन्तरता दिने।
- पशुपालक कृषकहरुको क्षमता बिकासलाई निरन्तरता दिने।
- पशुपालन क्षेत्रमा ब्यवसायीकरण गर्नको लागी कृषकहरुलाई समुह/समितिमा आवद्ध गराई दिगोपन ल्याउन सहयोग गर्ने।
- पशुपंक्षी तथा मत्स्य बिकासको लागी सरकारी/ गैर सरकारी संघ संस्था सँग सहकार्यमा जोड दिने।
- निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्य कर्मी, पशु सेवा संग सुम्बद्ध उद्योग व्यवसाय (फर्म, पसल, क्लिनिक, दाना) आदिको नियमन गर्ने।संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनबाट उक्त कार्यक्रमको असर र प्रभाव (Effect and Impact) को मूल्यांकनमा जोड दिई आवश्यक सुधारको व्यवस्था मिलाउने।

अन्त्यमा आर्थिक बिकास समितिको तर्फबाट प्रतिबेदन प्रस्तुतिकरणमा आएका ब्यहोराहरुलाई यस सम्मानित नगरसभाले गहन बिचार गरी आवश्यक बजेटको ब्यवस्थापन तथा आ-आफ्नो तह तप्काबाट आवश्यक सहयोग, सुझाव तथा समन्वयको आपेक्षा राख्दै बिदा हुन्छु।

धन्यबाद

## ३. सार्वजनिक सेवा, सुशासन तथा संस्थागत विकास प्रतिवेदन

१) **सम्बोधन:**

यस बाणगङ्गा नगरपालिकाको १५ औं नगरसभाका सभा अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, नगर सभा सचिव ज्यू, उपस्थित नगरसभा सदस्य ज्यूहरु, सञ्चारकर्मीहरु लगायत सम्पूर्ण उपस्थित राष्ट्र सेवक कर्मचारीहरु, सर्वप्रथम त म यस गरिमामय नगरसभामा सार्वजनिक सेवा, सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन पेश गर्न पाउँदा निकै गौरवान्वित भएको छू।

सुशासन राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउनुलाई नै भनिन्छ। सुशासन, सार्वजनिक संस्थाहरूले सार्वजनिक मामिलाहरू कसरी सञ्चालन गर्छन् र सार्वजनिक स्रोतहरू कसरी व्यवस्थापन गर्छन् भन्ने, मापन गर्ने प्रक्रिया हो। यसले मानव अधिकारको प्राप्तिलाई अनिवार्य रूपमा, दुरुपयोग र भ्रष्टाचार बाट मुक्त र कानूनको शासनको उचित सम्मानका साथ पालना गर्दछ। शासन भनेको "निर्णय लिने प्रक्रिया र निर्णयहरू कार्यान्वियन गर्ने (वा कार्यान्वयन नगर्ने) प्रक्रिया" हो। यस सन्दर्भमा शासन कर्पोरेट, अन्तर्राष्ट्रिय, राष्ट्रिय, वा स्थानीय शासन साथै समाजका अन्य क्षेत्रहरू बीचको अन्तरक्रियामा लागू हुन सक्छ। यसरी सुशासनको अवधारणालाई आत्मसाथ गर्दै नगर विकासमा टेवा पुऱ्याउनुनै यस समितिको प्रमुख लक्ष्य रहेको छ।

२) **पृष्ठभूमी:**

सार्वजनिक सेवा, सुशासन तथा संस्थागत विकास समिति एक महत्वपूर्ण समिति हो। यस समितिको मुख्य कार्य दिगो एवं सन्तुलित विकास र सुशासन प्रवर्द्धन गर्नु हो। दिगो विकास र सुशासन सम्बन्धमा स्थानीय सरकारलाई यस समितिले सेवाग्राही प्रति उत्तरदायी र जवाफदेही बनाई स्थानीय सरकारबाट सम्पादित कामको अनुगमन एवं मूल्याङ्कन गरी आवश्यक ठहर भएको विषयमा सुझाव एवं निर्देशन दिन समेत समिति गठन भएको हो।

विकासका समष्टिगत आयाममा पारदर्शिता, जवाफदेहिता, वैधता, सूचनाको प्रत्याभूति, नागरिक सर्वोच्चता, विधिको शासन, भ्रष्टाचार रहितता, मानवअधिकारको संरक्षण र संवर्द्धन, शान्ति न्याय र समानता एवं उच्चतम मानवीय भलाईको लागि सुशासनयुक्त विकास र सन्तुलित विकास अपरिहार्य छ। विकासका बहुआयामिक पक्षलाई कार्यान्वियन गर्ने सन्दर्भमा स्थापित संयन्त्रहरुको प्रभावकारी नियमनको लागि समितिले पहलकदमी गरेको छ। सन्तुलित, समन्यायीक र समावेशी विकासलाई सारप्रवाही बनाउन कार्यान्वयन इकाईहरुको नीति, योजना, कार्यक्रम, बजेट, कार्यप्रक्रिया र उपलब्धिको अनुगमन, निगरानी, सचेतीकरण, नियमन, निर्देशन र दिशाबोध गराउनु समितिको दायित्व हो। समितिबाट हुने बैठक, अन्तरक्रिया, अनुगमन, निर्देशन, समन्वय मार्फत समिति दिगो विकास लक्ष्य कार्यान्वयन र सुशासन प्रवर्द्धनमा नियमित रुपमा क्रियाशील रहेको छ। आर्थिक, वातावरणीय, सामाजिक, प्राकृतिक तथा मानवीय विकास सहितको सहभागितामूलक विकासबाट दिगो विकासको लक्ष्य कार्यान्वयनमा सहजता हुने निश्चित छ।

समितिले स्वीकृत बार्षिक कार्ययोजनामा समाबिष्ट नीतिगत सुधार, स्थलगत अनुगमन, अन्तरक्रिया कार्यक्रम, अवलोकन भ्रमण, अध्ययन अनुसन्धान, लक्षित समूहगत छलफल, बहस पैरवी एवं विषयगत शाखाहरुलाई निर्देशन एवं सुझाव दिंदै समितिको कार्यलाई गतिशिल बनाउने प्रयास गरेको छ।

सुशासन तथा संस्थागत विकासको प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्य अनुरुप समितिले बैठक व्यबस्थापन, सरोकारवालाहरुसंग छलफल, स्थलगत अनुगमन, विकास र सुशासन सम्बन्धी क्षेत्रमा पहलकदमी गर्दै आएको छ।

देश सङ्घीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन पद्दतीको अभ्याससंगै करीव ६ वर्ष व्यतित गरीसकेको र यसको मूल मर्म बमोजिम संविधानले कल्पना गरेअनुसार स्थानीय तहको काम कर्तव्य र अधिकार र यसको प्रयोगको सन्दर्भमा यस नगरपालिकाले पनि करीव ६ वर्षको अनुभव प्राप्त गरीसकेको छ। आगामी वर्षहरुमा सुशासन, पारदर्शिता र जवाफदेहीताको क्षेत्रमा अझ सुधार गर्दै नागरीकलाई दिनुपर्ने सेवाहरु सरल र सहज ढंगले प्रदान गरी जनता र नगरपालिका बीचको सम्बन्धलाई सुमधुर गराउन तपसिल बमोजिमको सार्वजनिक सेवा, सुशासन तथा संस्थागत विकास समिति गठन गरिएको छ।

**तपसिल:**

| | | |
|---|---|---|
| श्री कमल पौडेल | - | संयोजक |
| श्री दुनिका प्रसाद भुसाल | - | सदस्य |
| श्री कृष्ण बहादुर सुनार | - | सदस्य |
| श्री राम शंकर थारु | - | सदस्य |
| श्रीप्रशासन शाखा प्रमुख | - | सदस्यसचिव |

३) **आ.व. ०८०/०८१ मा स्वीकृत नीति, कार्यक्रम तथा बजेट को झलक बजेट:**

CamScanner

आ.व. २०८०।८१ को बजेट (रु. हजारमा)

| | | | | | |
|---|---|---|---|---|---|
| स्रोत अनुमान | | | | | |
| सि.नं. | कार्यक्रम | नगर | संघ | प्रदेश | जम्मा |
| १ | वित्तिय सामनिकरण संघ र प्रदेश | | १८३७०० | १४१२१ | १९७८२१ |
| २ | सशर्त (पूँजिगत) | | ३४५०० | १३२०० | ४७७०० |
| ३ | सशर्त (चालु) | | ४४९५०० | ५८०० | ४५५३०० |
| ४ | विशेष | | ५००० | | ५००० |
| ५ | समपुरक | | ६००० | १५००० | २१००० |
| ६ | राजश्व बाँडफाँड | २७५०० | १५३२७१ | ६०६०२.७४१ | २४१३०३.७४१ |
| ७ | आन्तरिक | २२८१४०.६८४ | | | २२८१४०.६८४ |
| ८ | जनसहभागिता | ३५००० | | | ३५००० |
| | जम्मा | २९०६४१ | ८३१९७१ | १०८७२४ | १२३१३३५.४३३ |
| | सामाजिक सुरक्षा भत्ता | | ३७०००० | | ३७०००० |
| व्यय अनुमान | | | | | |
| १ | नगरस्तरीय योजना तथा कार्यक्रम | ३३८७६३ | | | ३३८७६३ |
| २ | वडागत योजना तथा कार्यक्रम | १२०००० | | | १२०००० |
| ३ | चालु तथा प्रशासनिक खर्च | १६२७०० | | | १६२७०० |
| ४ | शिक्षा | २४६२४ | ३६११०० | | ३८५७२४ |
| ५ | स्वास्थ्य | १५०७६ | ७१५०० | ५२०० | ९१७७६ |
| ६ | आयुर्वेद | २४००. | ६०० | | ३००० |
| ७ | कृषि | १४७९३ | ९२०० | ५२०० | २९१९३ |
| ८ | पशु | १०६०० | ६००० | | १६६०० |
| ९ | महिला बालबालिका | ६६३० | | ६०० | ७२३० |
| १० | राष्ट्रिय परिचपत्र तथा पञ्जिकरण | | ९०० | | ९०० |
| ११ | तराई मधेस समृद्धि कार्यक्रम | | २५०० | | २५०० |
| १२ | रोजगार प्रवर्द्धन कार्यक्रम (सामि) | ५०० | २३०० | | २८०० |
| १३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | २९०० | | २९०० |
| १४ | युवा रोजगारका लागि रुपान्तरण पहल परियोजना | | ५३०० | | ५३०० |
| १५ | लघु उद्यम विकास कार्यक्रम(मेडपा) | ७५० | १२०० | | १९५० |
| १६ | संमृद्धिको लागि वन कार्यक्रम | | ३७०० | | ३७०० |
| १७ | बहुक्षेत्रीय पोषण कार्यक्रम | | १००० | | १००० |
| १८ | बस्ती विकास कार्यक्रम | | ८००० | | ८००० |
| १९ | राष्ट्रिय ग्रामिण तथा नवीकरणिय उर्जा कार्यक्रम | | ८०० | | ८०० |
| २० | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | ४००० | | ४००० |
| सि.नं. | कार्यक्रम | नगर | संघ | प्रदेश | जम्मा |
| २१ | समपुरक कार्यक्रम | | ६००० | १५००० | २१००० |
| २२ | सडक निर्माण (स्थानीय तह वित्तीय हस्तान्तरण) | | | ८००० | ८००० |
| २३ | भूमि इकाई | ३२०० | | | ३२०० |
| २४ | न्यायिक | ९०० | | | ९०० |
| सि.नं. | कार्यक्रम | नगर | संघ | प्रदेश | जम्मा |
| २५ | सहकारी | १४०० | | | १४०० |
| | जम्मा | ७०२३३६ | ४९५००० | ३४००० | १२३१३३५.४३३ |
| | कुल बजेट | | | | १६०१३३५.४३३ |

## ४) विषय उपक्षेत्रगत विगत र वर्तमानको अवस्था विश्लेषण (आधार स्वीकृत नीति कार्यक्रम तथा बजेटलाई लिने)

- नीति कानून, न्याय तथा सुशासन

हालसम्म नगरले नीति कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको निमित्त तपसिलको नीति नियम लागु गरेको छ।

| ०७४ देखि ०८० असार मसान्तसम्म | | | | |
|---|---|---|---|---|
| सि.नं. | कानूनको किसिम | तर्जुमा | संशोधन | खारेजी |
| १ | ऐन | २२ | २ | १ |

| २०८० श्रावण देखि ०८० जेष्ठ मसान्तसम्म | | | |
|---|---|---|---|
| कानूनको किसिम | तर्जुमा | संशोधन | खारेजी |
| ऐन | ५ | १ | ० |

| हालसम्मको कुल | | |
|---|---|---|
| तर्जुमा | संशोधन | खारेजी |
| २७ | ३ | १ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | नियमावली | ५ | ० | ० | नियमावली | १ | ० | ० | ६ | ० | ० |
| ३ | कार्यविधि | ४९ | ५ | २ | कार्यविधि | ४ | १ | १ | ५३ | ६ | ३ |
| ४ | निर्देशिका | ८ | १ | ० | निर्देशिका | १ | ० | ० | ९ | १ | ० |
| ५ | मापदण्ड | ३ | २ | ० | मापदण्ड | ० | ० | ० | ३ | २ | ० |
| ६ | आचारसंहिता | १ | ० | ० | आचारसंहिता | ० | ० | ० | १ | ० | ० |
| जम्मा | | ८८ | १० | ३ | जम्मा | ११ | २ | १ | ९९ | १२ | ४ |

- **संगठन तथा क्षमता विकास**

  हालसम्म नगरले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) तयार पारी कार्यान्वयन गरेको छ। नगरका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास योजना (CD Plan) तयार भई कार्यान्वयनको चरणमा रहेको छ।

- **जनशक्ति व्यवस्थापन तथा सेवाप्रवाह**

| कार्यालय | नगरपालिकाको कार्यालय | | | | वडा कार्यालय | | | | स्वास्थ्य संस्था | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पद | स्थायी | करार | ज्या. | जम्मा | स्थायी | करार | ज्या. | जम्मा | स्थायी | करार | ज्या. | जम्मा | कूल जम्मा |
| कार्यालय प्रमुख | १ | | | १ | | | | ० | | | | ० | १ |
| अधिकृत आठौं | ३ | | | ३ | | | | ० | | ४ | | ४ | ७ |
| अधिकृत सातौं | ४ | १ | | ५ | | | | ० | ३ | | | ३ | ८ |
| अधिकृत छैठौं | १० | ४ | | १४ | ३ | | | ३ | २८ | | | २८ | ४५ |
| सहायक पाँचौं | १५ | ७ | | २२ | ९ | १ | | १० | २३ | ८ | | ३१ | ६३ |
| सहायक चौथौ | ९ | १४ | २ | २५ | ३ | १ | | ४ | १ | १३ | १ | १५ | ४४ |
| सुरक्षा गार्ड | | २ | | २ | | | | ० | | १ | | १ | ३ |
| नगर प्रहरी | | ५ | | ५ | | | | ० | | | | ० | ५ |
| ठू.स.चा.प्रथम | | ४ | | ४ | | | | ० | | | | ० | ४ |
| ह.स.चा.पाँचौ | १ | | | १ | | | | ० | | | | ० | १ |
| ह.स.चा.प्रथम | | २ | | २ | | | | ० | | १ | | १ | ३ |
| का.स.चतुर्थ | | | | ० | १ | | | १ | १ | | | १ | २ |
| का.स.तृतीय | | | | ० | १ | | | १ | | | | ० | १ |
| का.स.द्रितिय | १ | | | १ | | | | ० | | | | ० | १ |
| का.स.पाँचौ | ३ | | | ३ | | | | ० | २ | | | २ | ५ |
| का.स.प्रथम | | ५ | १ | ६ | | ११ | १ | १२ | | १८ | १ | १९ | ३७ |
| कूल जम्मा | ४७ | ४४ | ३ | ९४ | १७ | १३ | १ | ३१ | ५८ | ४५ | २ | १०५ | २३० |

- **तथ्यांक प्रणाली**

  हालसम्म कार्यालयको सेवाप्रवाहलाई चुस्तदुरुस्त राख्नको लागि तपसिलको तथ्याङ्क प्रणालीहरुलाई सञ्चालनमा ल्याइएको छ। तपसिलः

  १. SUTRA - लेखा तथा राजश्व
  २. PAM- जिन्सी
  ३. कर्मचारी विवरण प्रणाली
  ४. डिजिटल नोटिस बोर्ड र डिजिटल नागरिक वडापत्र
  ५. योजना सफ्टवेयर
  ६. ई-हाजिरी
  ७. अनलाईन ई-बिडिङ्ग
  ८. EFT भुक्तानी
  ९. जियो कृषि सूचना प्रणाली आदि

- **योजना र विकास व्यवस्थापन**

  योजना र विकास व्यवस्थापनका लागि आवश्यकता अनुसार नीति, नियम र कानूनहरु निर्माण गरी सोही अनुसार योजना सञ्चालन र विकासका गतिविधिहरु सञ्चालन भई रहेका छन्।

CamScanner

५) **तथ्यांकीय उपलब्धी:**

| क्र.सं. | विषय शीर्षक | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | आ.व. ०८१।०८२ लक्ष्य |
|---|---|---|---|---|
| १ | नीति निमार्ण सख्या | १२ | ११ | आवश्यकता अनुसार |
| २ | कूल बजेटमा आन्तरिक स्रोतको योगदान | ४०७३०४२२ | ४६९५१४४३ | |
| ३ | वर्षिक बजेट | १५४१५४६२२८ | १६०१३३५४३ | १६२४६८६००० |
| ४ | जनशक्ति व्यवस्थापन | २१८ | २३० | आवश्यकता अनुसार |
| ५ | कूल जनशक्तिमा करार जनशक्तिको प्रतिशत | ४३.१२% | ४६.०८% | आवश्यकता अनुसार |
| ६ | क्षमता विकास योजना भए/ नभएको | नभएको | भएको | भएको |
| ७ | कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास प्रतिशत | | नभएको | |
| ८ | कूल बजेटको क्षमता विकासमा विनियोजन प्रतिशत | | | ०.५% |
| ९ | सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही प्रतिशत | ९२% | ९६% | १००% |

**नीति कार्यक्रम र बजेटमा समावेश भएका अन्य विषय उपलब्धीलाई उल्लेखित ढाँचामा समावेश गर्ने**

६ **स्वीकृत नीति कार्यक्रम तथा बजेट कार्यान्वयनबाट भएका नविनतम उपलब्धी, नगरपालिकाले स्वीकृत गरेको आवधिक योजना संग नीति कार्यक्रम तथा बजेटको तादम्यता तथा खर्च प्रतिशत**

**क) नविनतम उपलब्धी**

| क्र.सं. | कार्य विवरण |
|---|---|
| १ | श्रावण देखि हालसम्म नगर कार्यपालिकाको १८ वटा बैठक सम्पन्न भएको |
| २ | आ.व.०७९।८० को संस्थागत स्व-मूल्याङ्कन (LISA) मा ८९.५ अंक प्राप्त गरेको र वित्तीय जोखिम न्यूनिकरण (FRA) मा ८३.५ अंक प्राप्त भएको |
| ३ | पूर्ण संस्थागत प्रसुति सेवायुक्त बाणगङ्गा नगरपालिका घोषण गरिएको |
| ४ | राष्ट्रिय प्राकृति स्रोत तथा वित्त आयोगद्वारा कार्यसम्पादन मूल्याङ्कन वापत नगरपालिकाले ७०.२१ अंक प्राप्त गरि थप रु ६० लाख थप समानिकरण अनुदान प्राप्त भएको |
| ५ | दोस्रो चौमासिकसम्मको प्रगति समीक्षा सम्पन्न भएको |
| ६ | ऐन, कार्यविधि, निर्देशिका र नियमावली गरी ९९ वटा कानूनहरु स्वीकृत भएको |
| ७ | भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लागि वडा नं. १ को जितपुर गाँउको करिब ८ बिघा जग्गा र वडा नं. ६ को करिब १ बिघा १० कट्टा १८ धुर जग्गाको नापनक्सा गरी पूर्जा वितरणको लागि सूचना गरिएको, पूर्जा निर्माणको चरणमा रहेको, बाणगङ्गा नगरपालिका भित्र रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापनक्साको लागि कार्यपालिकाबाट निर्णय भई कुल ६० वटा बल्कहरु जिल्ला समितिमा नापनक्साको लागि सिफारिस भएको तथा "पालिका एटल्स" निर्माणको चरणमा रहेको |
| ८ | चालु आ.व. ०८०।८१ को दोस्रो चौमासिकसम्मको सार्वजनिक सुनुवाई सम्पन्न गरिएको |
| ९ | २ पटक एकीकृत घुम्ति शिविर ( वडा नं ९ र वडा नं १० मा गरी ) बाट जम्मा २२७१ जना सेवाग्राहीहरु प्रत्यक्ष लाभान्वित भएको |
| १० | नगर कार्यक्षेत्र भित्र रहेका सम्पूर्ण सहकारीहरुको अनुगमन सम्पन्न गरिएको |
| ११ | पशुपंक्षी तथ्याङ्क संकलनकर्ता द्वारा १२,३८८ घरधुरीको तथ्याङ्क संकलन भई प्रतिवेदन निर्माणको चरणमा रहेको |
| १२ | ३२ वटा सामुदायिक विद्यालयहरुमा एकीकृत हाजिरी व्यवस्थापन प्रणाली जडान गरिएको |
| १३ | नगर भित्रका विभिन्न स्थानमा छाडा चौपायको अल्पकालिन व्यवस्थापन गरिएको। |
| १४ | वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि निःशुल्क श्रम स्वीकृती अनलाईन आवेदन सेवाबाट ४२१ जना लाभान्वित भएको |
| १५ | वैदेशिक रोजगारीमा जादा मृत्यु भएकाको परिवारहरुलाई आर्थिक सहायताको सिफारिसबाट १५ जना लाभान्वित भएको |
| १६ | नगरपालिकाको क्षमता विकास योजना निर्माण भई कार्यान्वयनको चरणमा रहेको |
| १७ | नगरको गौरवको आयोजनाको रुपमा रहेको बसपार्कको IEE निर्माण भई कार्यान्वयनको चरणमा रहेको |

CamScanner

| क्र.सं. | कार्य विवरण |
|---|---|
| १८ | नगरपालिका क्षेत्र भित्र निर्मित घरधुरीहरुको घरनम्बरीड कार्य सम्पन्न भएको र छुटपुट भएका घरधुरीहरुको घरनम्बरीङ्का लागि पुनः सूचना प्रकाशन गरिएको |
| १९ | कार्यालय परिसर भित्र कृषि शाखाको भवन निर्माण भई नयाँ भवनबाटै सेवा सुचारु भई सकेको, वडा नं. ५ को प्रशासनिक भवन निर्माण सम्पन्न भईसकेको र वडा नं. १ को प्रशासनिक भवन निर्माण कार्य प्रक्रियामा रहेको |
| २० | पिपरा अस्पताललाई नगरकै सुविधा सम्पन्न अस्पतालको रुपमा व्यवस्थापन गर्न जनशक्तिको आवश्यकता महशुस गरी विभिन्न पदमा करारसेवामा कर्मचारीहरु छनौट गरी कामकाजमा खटाइएको र आवश्यक पूर्वाधार समेत निर्माण प्रक्रियामा रहेको |
| २१ | सम्पूर्ण वडाहरुमा डिजिटल वडापत्रको व्यवस्था भएको |
| २२ | नगरभित्रै कार्यक्षेत्र भएका र प्रदेश कार्यक्षेत्र भई यस नगरपालिकामा दर्ता भएका विभिन्न सहकारी संस्थाहरुको आर्थिक प्रशासनिक तथा वित्तिय अवस्थाको बारेमा अनुगमन गरी राय सुझाव दिईएको |
| २३ | न्यायिक समिति अन्तर्गत मेलमिलाप केन्द्रका विभिन्न मेलमिलाकर्ताहरुलाई २ दिने पुर्नताजगी तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिएको |
| २४ | जनप्रतिनिधी तथा विषयगत शाखा प्रमुखहरुलाई मध्यमकालिन खर्च संरचना (MTEF) सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको |
| २५ | पोषणमैत्री वडा घोषणा गर्न आवश्यक सूचकहरु पुरा गरी वडा नं. ५ र वडा नं. ८ पोषणमैत्री वडा घोषणाको प्रक्रियामा रहेको |
| २६ | नियमितरुपमा प्रकाशन गर्नुपर्ने सूचनाको हक प्रकाशित गरिएको |
| २७ | हालसम्म सूचनाको हक प्रयोग गरी सूचना माग भएको संख्या जम्मा १३ वटा रहेको |

**ख) नगरपालिकाले स्वीकृत गरेको आवधिक योजना संग नीति कार्यक्रम तथा बजेटको तादम्यता तथा खर्च प्रतिशत:**

| सि.नं. | नीति तथा कार्यक्रम | योजना र कार्यक्रमहरु | आवश्यक अनुमानित बजेट | कै. |
|---|---|---|---|---|
| १ | क्षमता विकास योजना अद्यावधिक | १. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास तालिम | ३०० | |
| २ | कानून निर्माणको लागि अन्तर्क्रिया | १. कानूनहरुको तर्जुमा सम्बन्धी शाखा प्रमुख तथा विधायन समितिको पदाधिकारीहरुलाई तालिम | २०० | |
| ३ | नगरपालिका अन्तर्गतका सबै सेवा प्रदान गर्ने स्थानहरुमा डिजिटल नागरिक वडापत्र जडान गरी पूर्ण प्रविधियुक्त सुशासनको विकास गरिनेछ। | १. डिजिटल नागरिक वडापत्र जडान हुन बाँकी स्थानमा जडान गर्ने | ५०० | |
| | | २. CCTV जडान | ५०० | |
| ४ | नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ। | १. ३ वटा चौमासिक सार्वजनिक सुनुवाई | २२५ | |
| | | २. अर्धवार्षिक तथा वार्षिक समीक्षा | ३०० | |
| | | ३. सुझाव संकलन अन्तरक्रिया | २०० | |
| ५ | स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने | १. सफ्टवेयर तथा प्रविधी जडान | ५०० | |
| | | २. व्यवसाय दर्ता तथा नविकरण विकेन्द्रीकरण सम्बन्धी अभिलेख अद्यावधिक तथा तालिम सञ्चालन | ४०० | |
| ६ | सार्वजनिक जग्गाहरुको सर्वेक्षण तथा व्यवस्थापन | १. सार्वजनिक जग्गा संरक्षण | १००० | |
| ७ | एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधि समेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरुको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्द्रको रुपमा विकास र सुदृढ गरीनेछ। | १. एकीकृत घुम्ति ५ शिविर सञ्चालन (२ पटक) | ४०० | |
| ८ | संगठन व्यवस्थापन सर्वेक्षण अद्यावधिक गरी संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरीनेछ। | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अद्यावधीक | ५०० | |
| ९ | | १. विभिन्न खेलकुद कार्यक्रम सञ्चालन | ५०० | |

| | | | |
|---|---|---|---|
| | नगरपालिकामा कार्यरत कर्मचारीहरुमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोबलको विकास गरिनेछ। | २. सूचना प्रविधिको प्रयोग तथा सेवा सम्बन्धित तालिम सञ्चालन | ५०० |
| १० | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ। | १. प्रोत्साहनको निरन्तरता | ४००० |
| ११ | आन्तरिक तथा बाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारका निकायसँग नियमित बैठक र छलफल गरिनेछ। | १. चौमासिकरुपमा अन्तरपालिकास्तरीय बैठक | १०० |
| १२ | नगरबासीलाई सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्न कम्प्युटर सफ्टवेयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ। | १. जनशक्ति व्यवस्थापन | १००० |
| १३ | स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ। | १. टोलविकास संस्था र प्राविधिक कर्मचारीबाट सार्वजनिक सम्पत्तीको अभिलेख तयारी | ४०० |
| १४ | कार्यविधि तर्जुमा गरी नगरपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ। | १. जिन्सी अभिलेखिकरण तथा अद्यावधिक | १०० |
| १५ | प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सर्वेक्षण, नक्शांकन र अभिलेखीकरण विवरण अद्यावधिक गरीनेछ र प्रचलित कानून अनुसार परिचालन गरीनेछ। | १. प्राकृतिक स्रोत साधन, सम्पदाको संरक्षण | १०० |
| १६ | गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी नियमित बैठक तथा अन्तरक्रिया र गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रदेश र सङ्घीय सरकारका निकायसँग समन्वय बैठक तथा सांझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरीनेछ। | १. चौमासिकरुपमा नगर भित्रका गैसस, टोल विकास संस्था, पत्रकार, राजनितिक दलहरुसंग अन्तरक्रिया कार्यक्रम | |
| १७ | नगर भित्र सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरुको अनुभव, ज्ञान, सीप र दक्षतालाई नगर विकासको प्रक्रियामा परिचालन गरीनेछ। | १. अनुभव, ज्ञान सीप आदान प्रदान कार्यक्रम | २०० |
| स्वच्छ खानेपानी सम्बन्धी नीति | | | |
| १ | खानेपानी तथा सरसफाई (Wash) सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा सञ्चालन गरि स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीको गुणस्तर परीक्षण तथा सुधारलाई नियमित कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। | १. खानेपानी तथा सरसफाई Technician को व्यवस्था | ५०० |
| | | २. खानेपानीको गुणस्तर जाँचको लागि ल्याबको स्थापना | ५०० |
| | | ३. Wash शाखामा प्रविधी जडान तथा इकाई स्थापना | ३०० |
| | | ४. शुद्ध खानेपानी युक्त समुदाय घोषणा कार्यक्रम | ६०० |
| २ | एक घर एक धारा जडानको लागि विपन्नहरुलाई मिटरमा अनुदान | १. एक घर एक धारा | १५०० |
| ३ | ५०० भन्दा बढी घरधुरीमा सेवा विस्तार गरेका उपभोक्ता समितिहरुलाई सफ्टवेयर जडानमा अनुदान | १. खानेपानी सफ्टवेयरमा अनुदान | १००० |
| ४ | विद्यमान खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मत संभारको व्यवस्था गरीनेछ। | १. खानेपानी आयोजनाको प्राथमिकता अनुसार मर्मत संभार | ४००० |
| ५ | सार्वजनिक स्थलहरुमा सार्वजनीक शौचालय तथा स्वच्छ खानेपानीको व्यवस्था गरीनेछ। | १. सार्वजनिक शौचालय र सार्वजनिक खानेपानी धारा निर्माण | ४०० |
| ६ | गुणात्मक सेवा अभिवृद्धिका लागि खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा अध्ययन अनुसन्धान तथा क्षेत्रगत क्षमता विकास गर्दै खानेपानी, सरसफाई तथा स्वच्छता योजना (Wash Plan) तयार गरी कार्यान्वयन गरिने छ। | १. Wash Plan निर्माण | १५०० |
| ७ | टोल विकासको अगुवाईमा पूर्ण सरसफाई कार्यक्रम सञ्चालन | १. खानेपानी , सरसफाइ तथा स्वच्छताको नियमित अनुगमन तथा निरिक्षण | ५०० |
| ८ | स्वच्छ तथा सरसफाई सम्बन्धी जनचेतनामूलक सामाग्रीको नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरीनेछ। | १. जनचेतनामूलक सूचना प्रकाशन र प्रसारण | ५०० |
| ९ | घरसमाज र टोल बिकास संस्था तथा टोल स्तरीय सामुदायिक संस्था परिचालन गरी नियमित अभियानको रुपमा सरसफाई व्यवस्थापन गरीनेछ। | १. साप्ताहिक टोल सरसफाई कार्यक्रम | ५०० |
| १० | खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुलाई अवलोकन भ्रमण | १. खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास | २०० |

| | | | | |
|---|---|---|---|---|
| ११ | खानेपानी उपभोक्ता समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई लेखा तथा जिन्सि व्यवस्थापन तालिम सञ्चालन | १. लेखा तथा जिन्सि व्यवस्थापन तालिम सञ्चालन | २०० | |

७ **नीति कार्यक्रम तथा वजेट कार्यान्वयनमा देखा परेका समस्या, चुनौती तथा समाधानका उपाय**

**क) प्रमुख चुनौती र समस्या**

१. अन्तरपालिका प्रतिस्पर्धा (प्रतिस्पर्धी कानून नभएको, पालिकाहरु आफैमा स्वाबलम्बी भई नसकेका)

२. जनशक्ति व्यवस्थापन (प्रशासनिक संघीयता पूर्णरुपमा कार्यान्वयन नभएको)

३. अन्तर सरकार समन्वय (संघ, प्रदेश र स्थानीय तह छुट्टाछुट्टै कार्यान्वयन भएको देखिएको)

४. अन्तर निकाय, संस्था समन्वय (साझा सरोकारको विषयमा संयुक्त लगानीको कमी, विभिन्न संघ संस्थाहरु बिच स्वार्थ बाँझिएको)

५. राजनितिक र प्रशासन बिचको समन्वय (विशेषगरी स्थानीय तहमा राजनिति र प्रशासन बिचको द्वन्द)

**ख) समाधानका उपायहरु**

१. माथि उल्लेखित समस्या वा चुनौतीलाइ अवसरको रुपमा प्राप्त गरी अन्तर सरकार, अन्तर निकाय, सहकार्य, समन्वय र सहअस्तित्वमा कार्यसम्पादन गर्न सके समृद्धिबाट समोन्नितको यात्रातर्फ अगाडी बढ्न सकिने अनुमान गर्न सकिन्छ ।

८ **आगामी कार्यदिशा**

संमृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार नारालाई आत्मसाथ गर्दै नगरको चौतर्फी विकासका लागि नगर द्वारा निर्मित आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनाबाट निर्दिष्ट सूचकहरुलाई क्रमशः पुरा गर्दै बाणगङ्गा नगरपालिकालाई देशकै नमूना नगरपालिकाको रुपमा स्थापित गर्ने ।

९ **सम्वोधन सहित अन्त्य**

अन्त्यमा, समुन्नत नमूना नगरपालिकाको धेय राखि नगरको हरेक गतिविधिहरुलाई पारदर्शी, सुशासनयुक्त तथा प्रविधीमैत्री बनाई नगरको सेवा प्रवाहलाई छिटो छरितो एवम् प्रभावकारीरुपमा सञ्चालन गर्ने सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु, नगर विकासका गतिविधीहरुलाई उचित ढंगले जनता समक्ष पुर्‍याउनुहुने सञ्चारकर्मीहरु र नगरबाट भए गरेका क्रियाकलापहरुमा कहिलेकाँही देखिने कमिकमजोरीहरुलाई औंल्याई सुधारको लागि मार्गदर्शन र खबरदारी गर्नुहुने नगरवासीहरु लगायत नगरका नीति नियम र कानूनहरुको सही कार्यान्यवनमा भूमिका खेल्नुहुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुमा धन्यवाद दिन चाहन्छु ।

CamScanner

## ४. लेखा समितिको प्रतिवेदन

यस १५ औं नगरसभाका अध्यक्षज्यू, सभाका उपाध्यक्षज्यू, सचिव ज्यू, सम्पूर्ण नगर सभा सदस्यज्यूहरु, सन्चारकर्मीहरु र राष्ट्रसेवक कर्मचारीहरु ।

सर्वप्रथम लेखा समितिको संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीबाट यस नगरपालिकाको हालसम्मको प्रगति लगायतको विषयमा यस गरिमामय १५औं नगरसभामा प्रस्तुत गर्न पाउँदा निकै खुसिको अनुभव गरेको छु ।

बाणगंगा नगरपालिकाले शासन व्यवस्थालाई थप जममुखि, सेवामुखि, जनउत्तरदायि र पारदर्शी तुल्याई सुशासनको प्रत्याभुति दिलाउने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ५ दफा २२ मा नगरसभाले नियमावली बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा लेखा समिति गठन गर्न सक्ने प्रावधान भएबमोजिम यस नगरपालिकाको १२ औ नगरसभाबाट निर्णय गरी पाँच सदस्यीय लेखा समिति गठन भएको व्यहोरा अवगत गराउन चाहान्छु ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरि स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । २३३.६३ बर्ग किलोमिटर क्षेत्रफल मा फैलिएको यस नगरपालिका समुन्द्री सतह १०५ मिटर देखि ४९५ मिटर सम्मको उचाईमा रहेको छ । ११ वटा वडामा विभाजन गरिएको यस नगरपालिकामा विभिन्न जातजातिहरु, धार्मिक, सांस्कृतिक, भौगोलिक रुपमा रमाउने करिब ९७ हजार जनसंख्या रहेको छ ।

नगरपालिकामा स्थानीय सरकार संचालन गर्ने कार्यका लागि सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारको कार्यमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरि नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । बाणगंगा नगरपालिकाको आ.व. २०७९/८० को महालेखा परीक्षकको प्रतिवेदन र अन्य कागजात साथै नगरवासी, वडा कार्यालयहरुबाट प्राप्त जानकारीको आधार लिई यो प्रतिवेदन तयार पारिएको छ ।

**अध्यक्ष महोदय,**

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा मातहतका विषयगत शाखाहरु र वडा समिति तथा वडा कार्यालयहरुको आर्थिक कृयाकलाप, आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन, सार्वजनिक खरिद, जनशक्ति व्यवस्थापन तथा अन्य कारोबारहरु र निति, बजेट तथा कार्यक्रमको विनियोजन आर्थिक कारोबारहरु र बेरुजु फछ्यौट सम्वन्धी कामकारवाही भनि कार्यक्षेत्र तोकिएको र सोही कार्यक्षेत्र भित्र रहि यस समितिले आफ्नो काम कारवाही अगाडी बढाई रहेको जानकारी गराउदै लेखा समितिको राय, सल्लाह, सुझाव र निर्देशन बमोजिम सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको सम्बन्धमा सभाध्यक्षज्यू मार्फत यस सभालाई जानकारी गराउन चाहन्छु ।

**सबल पक्षः**

१. बाणगंगा नगरपालिकाले सिंहदरबारको अधिकार घर,घरमा पुर्याउन, जनताका आवाजहरुलाई छिटो, छरितो, सरल, सहज , सेवा , सुविधा उपलब्ध गराउन प्रयत्नशिल हुनु ।
२. आर्थिक व्यवस्थापनमा कम्प्यूटर, सफ्टवेयर, कार्यालय व्यवस्थापन, नगरपालिकाको आफ्नै भवन रहनु र वडा कार्यालयहरु निर्माण हुनु ।
३. नगरपालिका भित्र शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, बनजंगल, पर्यटन साथै अन्य भौतिक पुर्वाधारको विकासमा सकारात्मक परिवर्तन आउनु,

CamScanner

- नगरपालिका भित्रका सबै उद्योग, व्यवसायहरुलाई करको दायरा भित्र ल्याउन नसक्नु ।
- नगरपालिका भित्रका नागरिकहरुलाई उत्पादनमुलक र रोजगारी सिर्जना हुने कार्यहरु यथेष्ट नहुनु ।
- नगरपालिकामा साना र वितरणमुखी योजनाहरु संचालन हुदा संचालित योजनाबाट दिर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भई लागत प्रभावी नहुनु ।
- पालिकाले सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य हुनु ।
- लेखापरीक्षणको प्रतिवेदनमा औल्याएका बेरुजुको विषयहरु समयमै सम्परीक्षण वा फछ्यौट हुन नसक्नु ।
- नाफामूलक, निजि संस्था तथा गैर सहकारी संस्थाहरुको सुविधाको लागि लगानी गरीएको खर्चमा बेरुजु कायम रहनु ।

अवसरहरु

- संघिय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदानलाई सहि सदुपयोग गरी अनुदानग्राहिको जिवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सकिने ।
- नगरपालिकाले स्पष्ट्र कार्ययोजना, नियमित छलफल र अन्तरक्रिया, कर्मचारी उत्प्रेरणा, प्रभावकारी अनुगमन/मुल्याङकन, लेखापरीक्षण-प्रतिवेदनको पालना र अभिलेख श्रेस्ताको व्यवस्थापन प्रभावकारी तवरबाट भएमा बेरुजु शुन्य गर्न सकिने ।
- पालिका भित्रका वडाहरुमा खाद्यान्न बालि, तरकारी खेती, पशुपालन, बाख्रापालन, कुखुरापालन, माहुरीपालन, फलफुल तथा जडिबुटी लगायत अर्गानिक खेति प्रणालीको निम्ति पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।
- विभिन्न जातजातिको कर्मथलो धार्मिक, सांस्कृतिक, विविधापूर्ण समाज भएको हुँदा यस नगरपालिकालाई विकासको निम्ति अवसरको रुपमा लिन सकिन्छ ।

चुनौतीहरु

- लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु समयमै सम्परीक्षण तथा फछ्यौट हुन नसक्नु ।
- बेरुजु बर्गिकरण गरी असुल उपर गर्नुपर्ने बेरुजु यथाशिघ्र असुल उपर गर्नको लागि सम्बन्धित व्यक्ति वा पक्षलाई पत्राचार गर्ने गरिएको भएतापनि समयमै असुल उपर हुन नसक्नु ।
- महालेखापरीक्षकको कार्यालयबाट खटिइ आउने डोर समक्ष सम्परीक्षणको लागि श्रेस्ता कागजात पेश गर्दा फछ्यौट गर्न मिल्ने रीत पुर्वकको श्रेस्ता कागजात मात्र पेश गरी फछ्यौट गराउँदा पनि सम्परिक्षण हुन नसक्नु ।
- सभाबाट स्वीकृत भएको बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता , प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था रहँदा पनि कार्यान्वयनमा कमजोर देखिनु ।
- प्रचलित कानुन, स्थानीय सरकार संचालन ऐन २०७४, आर्थिक ऐन २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४, भ्रमण खर्च नियमावली २०६४, आयकर ऐन २०५८, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को पूर्ण परिपालनामा अभाव रहनु ।

अध्यक्ष महोदय

अब म लेखा समितिको प्रतिवेदनलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु ।

- प्रचलित ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजश्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।
- बाणगंगा नगरपालिकाका कृयाकलापहरुलाई सफलता पुर्वक कायान्वयनमा लैजान का लागि "समृद्ध बाणगंगाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार " भन्ने अभियानलाई मूर्तरुप दिन तत् तत् क्षेत्रमा लगानी वृद्धि गर्न आवश्यक छ । सुशासनको मूल मर्म वित्तीय सुशासन, भएकाले यसलाई आत्मसाथ गर्न सबैमा अनुरोध छ ।

अब म नगरपालिकाको वित्तीय परीक्षणको अवस्था जानकारी गराउँदछु ।

बेरुजुको अवस्था:

- महालेखापरीक्षकको कार्यालय लुम्बिनी प्रदेश प्रादेशिक लेखापरीक्षण महानिर्देशानलयको चलानी नं २६ मिति २०८१/२/११ को यस नगरपालिकामा प्राप्त पत्रानुसार आ.व. २०७९/८० को लेखापरीक्षण भई अन्तिम प्रतिवेदनमा औल्याएका बेरुजुहरु मध्ये असुल गर्नुपर्ने बेरुजु रु १८ लाख ४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने बेरुजु रु. ८५ लाख ८८ हजार र नियमित गर्नुपर्ने बेरुजु रु १ करोड ४४ लाख ८६ हजार गरी जम्मा बेरुजु रु. २ करोड ४८ लाख ७८ हजार र हालसम्मको अध्यावधिक बेरुजु रु १६ करोड ६८ लाख ७२ हजार कायम भई आएको व्यहोरा अवगत गराउन चाहान्छु ।
- आ.व २०७४/७५, २०७६/७७, २०७७/७८ र २०७८/७९ को बेरुजु रकम रु ७० लाख ८ हजार ४ सय ५ रुपैया आ.व. २०७९/८० को महालेखापरीक्षकको अन्तिम प्रतिवेदनमा सम्परीक्षण भई आएको जानकारी गराउँदछु ।
- महालेखापरीक्षकको कार्यालयबाट जारी आ.व.२०७९।८० सम्मको लेखापरीक्षण प्रतिवेदनमा औल्याईएका विषयवस्तुहरु बमोजिम वित्तिय विवरण तथा कारोबारको यथार्थ चित्रण गरी वित्तिय सुशासनका लागि गहन सुझाव पेश भएकोमा बाणगंगा नगरपालिकाको कार्यालयबाट लेखा परीक्षण प्रतिवेदनमा व्यक्त विषयहरु नियमित गर्ने आ.व.२०७९/८० को रु १ करोड ४४ लाख ८६ हजार, आ.व.२०७८/७९ को २ करोड ११ लाख २१ हजार २ सय १२ रुपैया र आ.व.२०७७/७८ को १ करोड ७२ लाख ६७ हजार ६ सय २ रुपैया गरी जम्मा रु ५ करोड २८ लाख ७४ हजार ६ सय ४८ रुपैया बेरुजु सम्परीक्षण / फछयौट गर्न महालेखा परीक्षकको कार्यालयसमक्ष पेश गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकाले म.ले.प. प्रतिवेदनबाट औल्याएको हालसम्मको मलेप फारम बमोजिमको लगत कायम गर्दा सैद्धान्तिक बेरुजु, कागजात प्रमाण पेश गर्नुपर्ने बेरुजु र नियमित गर्नुपर्ने बेरुजु गरी करिब रु १३ करोड २७ लाख र असूल उपर गर्नुपर्ने बेरुजु करीब ३ करोड २३ लाख कायम रहेकोमा असूल उपर गर्नुपर्ने बेरुजुहरु एथासक्य छिटो असूल गर्ने र अन्य बेरुजुहरुको हकमा आवश्यक पर्ने कागजात, प्रमाणहरु पेश गरी नियमित, शोध भर्ना र जिम्मेवारी सारि बेरुजु फछयौट गरी सम्परीक्षणको लागि पेश गर्नुपर्ने व्यवहोरा अवगत गराउन चाहान्छु ।

अध्यक्ष महोदय,

बेरुजु न्युनिकरण तथा कम गर्न सक्ने उपाय सम्बन्धमा तपशिलका बुदाहरुमा उल्लेख गर्न चाहान्छु:

- बाणगंगा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७५ रहेको भएतापनि प्रत्येक आर्थिक वर्षमा बेरुजु आएको हुँदा कार्यविधिलाई पुर्ण कार्यान्वयन तथा कार्यपालिकाको निर्णय समावेश गराएमा बेरुजु आउने जोखिम कम गर्न सकिन्छ,
- नाफामूलक निजि स्तरमा संचालन भएका एफ.एम. रेडियो तथा टेलिभिजनको सुविधाको लागि गरीएको खर्चमा बेरुजु आउने जोखिम रहेकाले यस्ता खर्चहरुमा नियन्त्रण गर्दै लैजाने,

CamScanner

- संघिय सरकार सशर्त अनुदान र विशेष अनुदानबाट संचालित भएका योजनामा आर्थिक वर्षको अन्त्यमा रकम फिर्ता गर्न ढिलाई गरी विद्यालयको खातामा रोक्का राखी निकासा दिंदा बेरुजु आउने जोखिम रहेको छ सो मा सुधार गर्दै लैजाने,
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ तोकिएको दररेटका आधारमा खर्च गर्ने र वितरणमुखी कार्यक्रममा नियन्त्रण गर्दै जानुपर्ने,
- फरक नम्सका आधारमा बढि भुक्तानी भएकोले नेपाल सरकारद्धारा स्वीकृत निर्माण सम्बन्धी नम्सका आधारमा दर बिश्लेषण गरी निर्माण कार्य गराउनु पर्छ । र उपभोक्ता समितिद्धारा कार्य गराउदा दर विश्लेषण पश्चात तयार भएको लागत अनुमान बमोजिम सम्झौता र भुक्तानी गर्नुपर्दछ ।
- कारोबारमा नियमितता, मितव्ययिता कार्यदक्षता र प्रभावकारीता कायम गर्ने / गराउने ।
- आन्तरिक नियन्त्रण प्रणाली स्थापना र कार्यान्वयन गर्ने / गराउने ।
- लेखा परीक्षकलाई सूचनामा सहज पहुँचको व्यवस्था मिलाउने ।
- नगर सभाले पारित गरेको तालिम, गोष्ठि लगाएतका सबै कार्यक्रमहरुको आर्थिक नम्स पालना गर्ने ।
- स्पष्ट बिषयवस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलब्ध नगराउने ।
- प्रचलित कानुन, स्थानीय सरकार संचालन ऐन २०७४, आर्थिक ऐन २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४, भ्रमण खर्च नियमावली २०६४, आयकर ऐन २०५८, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को पूर्ण परिपालना र कार्यान्वयन गर्नुपर्ने ।

<u>अब म,</u>

महालेखा परीक्षकबाट नियमित गर्नुपर्ने निर्देशन प्राप्त भएका विषयवस्तुहरुमा बाणगंगा नगरपालिकाको लेखा समितिको कार्य सम्पादन कार्यविधि २०८० को परिच्छेद २, ६(७) बमोजिम विभिन्न शिर्षक अनियमित भएको भनी उल्लेख भएको रकम रु ५ करोड २७ लाख १२ हजार ८६ रुपैया नियमित गर्न पर्ने बाञ्छनिय भएकाले उक्त प्रस्ताव पेश गरेको छु ।

➢ **<u>नियमित गर्नुपर्ने उक्त विषयवस्तु अनुसुची २ मा उल्लेख छः</u>**

अन्त्यमा, महालेखापरीक्षकबाट देखाएका बेरुजु फछ्र्यौट, असुली र नियमित गर्ने पहिलो दायित्व वा जिम्मेवारी बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको भएता पनि बेरुजु शुन्य एवं न्यून गर्न नगरपालिकाले आवश्यक पहल एवं समन्वय गर्नु /गराउनु पर्ने छ । महालेखापरीक्षणको कार्यालयबाट स्वीकृत व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन, सेवा प्रवाह, खरिद व्यवस्थापन, विकास निर्माणका आधारमा स्वीकृत गरेको कार्यालय, निकायको वित्तीय जवाफदेहितामा थप प्रयत्न गरी नगरपालिकाले लिएको "समृद्ध बाणगंगाको मूल आधार , आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार " लक्ष्य प्राप्त गर्दै "समृद्ध नेपाल खुसि नेपाली" को राष्ट्रिय नारा लाई साकार रुप दिन सफलता मिलोस सुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद । नमस्कार ॥

**टेक बहादुर झेडी मगर**
**लेखा समिति संयोजक**

## ५. सामाजिक विकास समितिको प्रतिवेदन

यस बाणगङ्गा नगरपालिकाको १५ औं नगर सभाका सभाअध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सचिव ज्यू, यस नगर सभामा उपस्थित सम्पूर्ण वडाका वडा अध्यक्षज्यूहरु,नगर सभाका सदस्यज्यूहरु तथा राष्ट्रसेवक कर्मचारीहरु, सर्वप्रथम त म यस गरिमामय नगर सभामा सामाजिक विकास समितिको प्रतिवेदन पेश गर्न पाउदा निकै गौरवान्वित भएको छु।

स्थानीय शासन सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को नियम २२ ले व्यवस्था गरे अनुसार समिति गठन सम्बन्धी स्थानीय सरकारको हरेक गतिविधीका सम्बन्धमा निर्दिष्ट गरेको कानूनी व्यवस्था बमोजिम यस नगरको यो आजको सभामा बाणगङ्गा नगरको सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, महिलावालवालिका, जेष्ठ नागरिक अपाङ्गता, खानेपानी तथा सरसफाई लगायत लक्षित समुदायको अवस्था एवंय आ.व.मा भएको नीति तथा कार्यक्रमको प्रगतिको वारेमा छोटकारी रुपमा यहाँहरु समक्ष प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**सभाअध्यक्ष ज्यू**

बाणगङ्गा नगरपालिकाको विकासको हिसावले महत्वपूर्ण भूमिका राख्ने सामाजिक विकास समग्र विकासको गुणत्मक गतिशील आयाम हो। सामजिक विकासलाई नागरिकको अधिकार तथा राज्यको दायित्वको रुपमा स्वीकार गर्न सकिने क्षेत्र पनिहो। तसर्थ सामजिक विकास विना मुलुकको विकासको परिकल्पनापनि गर्न सकिदैन। दीगो विकासको लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा समन्नत समाज, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाईका साथै महिलाबालवालिका अपाङ्गता भएका व्यत्ति, जेष्ठ नागरिक यौनिक तथा लैङ्गिक अल्पसंख्यक, युवा तथा खेलकुद र कलाभाषा साहित्य जस्ता विषय र क्षेत्रहरु समेटिएका छन्। यीक्षेत्रको विकास भएमा मात्र सामाजिक विकास सम्भव छ र स्वस्थ्य शुशिक्षित र सृजनशील मानवपूँजीको निर्माण हुने हुँदा विकासमा सामाजिक विकासको महत्वपूर्ण भूमिका रहेको छ।

सर्व प्रथम म शिक्षा युवा तथा खेलकुद क्षेत्रको वारेमा भन्न चाहन्छु। बाणगङ्गा नगरमा यो १५ औं नगर सभा हुँदाका दिन सम्म पूर्व प्राथमिक विद्यालय (वालविकास केन्द्र) ६० वटा सामुदायिक विद्यालयको संख्या ४९ वटा रहेका र जस्मा धार्मिक विद्यालय समेत ५ वटा रहेका छन् त्यसै गरि संस्थागत मन्टेश्वरी विद्यालयहरु समेत गरी २६ वटा विद्यालयहरु सञ्चालित छन् यसरी वालविकास केन्द्रमा शैक्षिक वर्ष २०८० मा ४९६२ वालवालिका भर्ना छन् भने सामुदायिकतर्फ कुल अध्ययनरत विद्यार्थी १६२८३ रहेका र संस्थागत विद्यालयमा ११३१३ विद्यार्थी गरी कुल २७५९६ विद्यार्थी अध्ययनरत रहेका छन्।

**<u>शिक्षाक्षेत्रको जनशक्ति</u>**

| वालविकास | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक | प्राविधिक धार | कुल | विद्यालय कर्मचारी | लेखापाल |
|---|---|---|---|---|---|---|---|
| ६० | २२९ | ६६ | ९१ | ८ | ३८६ | ४८ | १६ |

नगरको शैक्षिक

| | | | | |
|---|---|---|---|---|
| १ | साक्षरतादर ९—१५ वर्षमाथि प्रतिशत | ९६ | ९६.५ | ९६.५ |
| २ | प्रविधिक शिक्षा अध्ययरत विद्यार्थी सख्या महेन्द्र मा वि कोपवा नेपाल सरकारवाट अनुमति प्राप्त | १०५ | ११२ | ९३ |
| ३ | प्रविधिक शिक्षा अध्ययरत विद्यार्थी सख्या जनता मा वि पिपरा सिटिइभिटि वाट अनुमति प्राप्त | १४१ | ८० | ४८ |

आ.व. २०८०/०८१ का लागि शिक्षा क्षेत्रमा विनियोजन भएको कुल रकम ३७,९४,२४,०००/- मध्ये नगरको आन्तरिक तर्फ भौतिक समेत गरी २,३४,१२,०००/- र संघीय शर्शत तर्फ ३५,६०,१२,०००/- रहेको ।

अध्यक्ष ज्यू,

नगरका आन्तरिक ३६ वटा कार्यक्रममध्ये हाल सम्म ७ वटा कार्यक्रमवाहेक अन्य २९ वटा कार्यक्रममध्ये कतिपय सञ्चालनका क्रममा र कतिपय सम्पन्नभएका छन् । कार्यक्रमनै शुरु नभएका कार्यक्रम केन्द्रिय नीतिनिर्देशनको अभाव र कतिवय विज्ञको अभावका कारणले हुन सकेको छैन्न । त्यसै गरी नगर प्रशिक्षण प्रतिष्ठानका लागि समेत रकम विनियोजन भएकोमा हालत्यसको आवश्यकता महसुस नभएको कारण पनि सो कार्यक्रम हुन नसकेको अवस्था रहेको छ । कति कार्यक्रम सम्पन्नभएता पनि भुक्तानी हुन बाँकी रहेको अवस्थाले नगरको कुल वजेटको रु १५३६५ हजार खर्चको प्रतिशत ६२.३९ मात्र देखिएको छ । यसै महिनाको २० गते सम्ममा खर्च रकमको प्रतिशत ८० देखि ८५ प्रतिशत सम्म हुने अवस्था देखिन्छ ।

**संघीय सर्शत तर्फ : १८ वटा कार्यक्रमका ५९ वटा उप शिर्षकमा कार्यक्रम सम्पन्न गर्नु पर्ने र प्राय सवै कार्यक्रम** अनुदानका रहेका र वर्ष भरि नै निरन्तर चलि रहने भएको कारणले ६५ प्रतिशत मात्र खर्च भएको देखिन्छ । विद्यालयहरुले कार्य सम्पन्न गरेको प्रतिवेदन तथा कागजात समयमा पेश नहुँदा समेत भुक्तानीमा ढीला भएको अवस्था रहेको छ ।आ व को अन्त्य सम्ममा करीव ८५ देखि ९० प्रतिशतसम्म खर्च हुने अनुमान गर्न सकिन्छ ।

**खेलकुदतर्फ :**

नगरको खेलकुद क्षेत्रमा पनि विभिन्न कार्यक्रम रहेका र २० लाख रकम विनियोजन भएकोमा सवै खेलकुद समयमै सम्पन्न भई विनियोजित रकम शतप्रतिशत खर्च भएको छ ।

**शैक्षिक पक्षमा सवल पक्ष**

- विद्यालयका भौतिक संरचना व्यवस्थित बन्दै गएका ।
- विद्यालयको वातावरणीय सरसफाई र सौन्दरीकरण कार्यमा विकास हुदै गएको ।
- शैक्षिक गुणस्तरमा वगतका वर्षमा भन्दा सुधारउन्मुख रहेको ।
- शिक्षण पेशामा संलग्न शिक्षाकहरुमा सृजनात्मकता र कृयाशीलतामा सुधार भएको ।
- विद्यालयको अभिलेखीकरण पारदर्शितामा गुणस्तर आएको ।

**समस्याहरु**

- नि मा वि र मा वि तहमा जनशित्तिको अभावलेशिक्षणा कार्यमा समस्या ।
- विद्यालय को परिसरमा घेरावार नहुनाले फुलवारी तथा सौन्दरीकरणमा समस्या ।
- विद्यालयको शैक्षिक अवस्था र शिक्षण कृयाकलापको विज्ञवाट अनुगमन कार्य गर्न नसकिएको ।
- शाखामा प्रयाप्त जनशक्ति अभावले कार्य सम्पन्नतामा समस्या ।
- विद्यालयको आवश्यक्ताको आधारमा योजना दिन नसकिएको ।

**स्वास्थ्य शाखा तर्फ**

आ व २०८०/०८१ मा कुल विनियोजन भएको बजेट रु ८८४८५ हजार

हाल सम्म खर्च भएको बजेट ७२४१७ हजार

जम्मा कार्यक्रम संख्या ४२

सम्पन्न कार्यक्रम संख्या ३१

चालु कार्यक्रम संख्या ११

यस नगरमा १ अस्पताल आधारभुत स्वास्थ्य केन्द्र ४ शहरी स्वास्थ्य केन्द्र १ स्वास्थ्य चौकी ६ वटा

- बाणगङ्गा नगरपालिकालाई पूर्ण संस्थागत प्रसुति सेवायुक्त नगरपालिका घोषणा गरिएको।
- निःशुल्क एम्बुलेन्स सेवा अन्तर्गत ४२७ जना सुत्केरी महिलाहरुलाई सेवा दिईएको।
- पूर्ण खोप दिगोपना कायम रहेको, जस अन्तर्गत १५१८ जना बालबालिकाहरुलाई पूर्ण मात्रा खोप प्रदान गरिएको छ।
- १२७ जना गरिब तथा अशक्त नागरिकहरुलाई मोतिया विन्दुको शल्यक्रिया सेवा दिईएको।
- मृगौला पिडित लगायतका सम्पूर्ण नगरवासीहरुको लागि निःशुल्क रुपमा रगतको व्यवस्था मिलाईएकोमा ४६५ जनाले सेवा प्राप्त गरेको।
- सिकल सेल एनिमियाको स्कृनिङ्ग गरि रोगी खोजकार्य सम्पन्न गरिएको जसमा ४ जना नयाँ विरामी पत्ता लागेको।
- पाठेघरको मुखको क्यान्सर स्कृनिङ्ग सेवा सम्पन्न गरिएको जसमा ६ जनाको रोग पहिचान भएको।
- पिपरा अस्पतालमा विशेषज्ञ चिकित्सक सहितको सेवा विस्तार गरिएको।
- स्वास्थ्य विमा सेवालाई प्रभावकारी बनाउन फार्मेसी व्यवस्थापनका लागि थप कर्मचारी व्यवस्था गरिएको।
- ५५२३० जनाले नगरका १२ वटा स्वास्थ्य संस्थाहरुबाट सामान्य उपचार सेवा लिएको।
- क्षयरोग मुक्त नेपाल अभियान अन्तर्गत १२७ जना नयाँ क्षयरोगी पहिचान गरिएको।
- पोषण विशेष कार्यक्रम अन्तर्गत १५४७ जना बालबालिकाको पोषणको स्थिति लेखाजोखा गरि ३४ जना कुपोषित बालबालिहरुलाई उपचारको व्यवस्था मिलाईएको।
- पूर्ण पोषण युक्त नगरपालिका अभियानका लागि मोतिपुर स्वास्थ्य चौकी र कोपवा स्वास्थ्य चौकीलाई पूर्ण पोषण युक्त स्वास्थ्य संस्था घोषणाका लागि सम्पूर्ण सुचक पूरा भएका हुँदा घोषणा प्रकृयामा रहेको।
- हात्तीपाईले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम ८३.८०% प्रगति सहित सम्पन्न गरिएको।
- बालबालिकाहरुलाई दादुरा रुबेला रोग विरुद्धको खोप अभियान १००% प्रगति गरि सम्पन्न गरिएको।

आयुर्वेद शाखा तर्फ

| क्र.स. | विषय शीर्षक | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ |
|---|---|---|---|---|
| १ | बिरामी तथ्याङ्क (OPD) | ६८१४ | ६०४१ | ७४९१ |
| २ | जेष्ठनागरिक सेवा | १६१९ | १६२६ | १२९३ |
| ३ | पूर्वकर्म सेवा | ३१९ | ३८१ | ६७८ |
| ४ | स्तनपायी आमा सेवा | ३४९ | ६२५ | ३४१ |

| | | | | |
|---|---|---|---|---|
| ५ | योग सेवा | ९९८ | ३९४ | १३५२ |
| ६ | गाउँघर क्लिनिक | ५९४ | ६०८ | ४८७६ |
| ७ | विविध जनचेतनामुलक कार्यक्रम | ५९४ | ६०८ | १९९३ |
| जम्मा | | १०९२८ | १३०६७ | १८६२१ |

बिरामी तथ्याङ्क(OPD), गाउँघर क्लिनिक, जेष्ठ नागरिक सेवा, पूर्वकर्म/पंचकर्म, स्तनपायी आमा सेवा, योग सेवा जस्ता सेवामुलक कार्यक्रम संचालन गरी १०,९०३ महिला र ५,७३३ जना पुरुष गरी जम्मा १६,६३६ जना सेवाग्राहीहरु लाभान्वित भएका छन् ।

- योग, ध्यान, प्राणायाम तथा तनाव व्यवस्थापन कार्यक्रम, गृहणी आमासँग नगर उप-प्रमुख भान्साघर सुधार कार्यक्रम, विद्यालय स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम, स्वास्थ्य जीवनशैली प्रर्बद्धन कार्यक्रम, नागरिक आरोग्य कार्यक्रम जस्ता जनचेतनामुलक कार्यक्रम संचालन गरी १,२५४ महिला र ७३९ पुरुष गरी जम्मा १,९९३ जना लाभान्वित भएका छन् ।
- शसर्त तर्फ रु ६,००,०००/- (अक्षरुपी छ लाख रुपैंया) र नगर स्तरीय रु. २४,००,०००/-(अक्षरुपी चौबीस लाख रुपैंया) गरी जम्मा रु. ३०,००,०००/-(अक्षरुपी तीस लाख रुपैंया) विनियोजित रकम शत प्रतिशत खर्च भएको छ ।

**बहुक्षेत्रीय पोषण तर्फ**

बहुक्षेत्रीय पोषण तर्फको कुल बजेट २०,००,०००/- मध्ये संघीय शसर्त तर्फ रु.४,००,०००/- र स्थानिय स्रोत तर्फ रु. १६,००,०००/- विनियोजन भएको ।

➢ जसमध्ये संघीयतर्फको ३ वटा कार्यक्रममा ८८ प्रतिशत खर्च भएको र स्थानिय तर्फ १५ वटा कार्यक्रममा ८६ प्रतिशत खर्च भएको र केही दिनमा ९५ प्रतिशत खर्च हुने अवस्था रहेको छ । साथैबाणगंगा नगरपालिकाको वडा न.०५ र ०८ मा पोषणमैत्री स्थानिय शासन अवलम्वन गरी पोषणमैत्री वडा घोषणाको प्रकृयामा रहेको छ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा (आर्थिक वर्ष २०८०/२०८१)**

- विनियोजित वजेट रकम रु. ७९ लाख ३० हजार
- अन्य शिर्षकमा विभिन्न दिवशीय कार्यक्रम तथा समारोह उत्सव जातजाति संस्कृति संरक्षण तथा सम्वद्धन अन्तर्गत रु. ८ लाख ८२ हजार ४ सय ९० रुपैया
- जम्म रकम रु ८८ दाख १२ हंजार ४ सुय ९० रुपैया

| प्रगति | | | | |
|---|---|---|---|---|
| जम्मा बजेट रकम | खर्च रकम | बाँकी रकम | खर्च प्रतिशत | कैफियत |
| ८८१२४९०।- | ७०७६८६४।- | १७३५६२६।- | ८०.३० प्रतिशत | |

हाल सम्म वितरण गरिएका ज्येष्ठ नागरिक परिचय-पत्रको विवरण:

| वार्ड | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| १ | १२३ | ५८ | ६४ |
| २ | ४०२ | २०० | २०२ |
| ३ | ४७ | ३० | १८ |
| ४ | १३६ | ७२ | ६४ |
| ५ | २३ | १५ | ९ |
| ६ | ५० | ३२ | १८ |
| ७ | २१३ | ११९ | ९३ |
| ८ | ४४० | २२७ | २१३ |
| ९ | १२३ | ६० | ६३ |
| १० | ३३६ | १६५ | १७१ |
| ११ | २३७ | १२३ | ११४ |
| जम्मा | २१३० | ११०१ | १०२९ |

हाल सम्म वितरण गरिएका अपाङ्ग परिचय-पत्रको विवरण:

| वार्ड | जम्मा | क | ख | ग | घ |
|---|---|---|---|---|---|
| १ | ७३ | १२ | ५१ | ७ | ३ |
| २ | ६० | १४ | २९ | १२ | ५ |
| ३ | ७१ | ४ | ४५ | १४ | ८ |
| ४ | ७५ | १५ | ४२ | १६ | २ |
| ५ | ६० | ११ | ३१ | १२ | ६ |
| ६ | ५५ | ९ | ३६ | ८ | २ |
| ७ | ४४ | ६ | २५ | १३ | |
| ८ | १४२ | २५ | ७० | ३९ | ८ |
| ९ | ४९ | ११ | २३ | १२ | ३ |
| १० | ४८ | ५ | २८ | ११ | ४ |
| ११ | ७९ | ७ | ३७ | २८ | ७ |
| जम्मा: | ७५६ | ११९ | ४१७ | १७२ | ४८ |

**सामाजिक सुरक्षा सम्वन्धमा हालसम्मको प्रगति विवरण**

- आर्थिक बर्ष २०८०।०८१ को सामाजिक सुरक्षा भत्ताका लागि विनियोजन भएको ३७ करोड रुपैयां
- चौथो त्रैमासिक सम्म (वडा नं. २, १०र ११ बाहेक) ३४ करोड ७६ लाख ३३ हजार ७६६ रुपैयां खर्च भइसकेको

- बाकी अपुग हुने आवश्यक ३ करोड ९ लाख १९ हजार ९५ रुपैयां संघिय सरकारबाट माग गर्नका लागि विभागमा पत्राचार गरिएको छ ।

**सुरक्षित आप्रवासन (सामी) कार्यक्रम**

आ.व.८०८१मा सम्पन्न गरिएका क्रियाकलाप खर्च विवरण

| आ.व. | जम्मा बजेट रकम | खर्च रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ०८०।८१ | २,८००,०००/- | २५,४०,५२०/- | ९०% | संघ र आन्तरिक समेत |
| | ५०००००/- | ५००,०००/- | १००% | आन्तरिक श्रोत |
| | २,४००,०००/- | २,०४०,५२०/- | ८५% | संघीय श्रोत |

- सामी तर्फचालु वर्ष २०८०/८१ मा कुल बजेट २८,००,०००/- ( अठ्ठाइसलाख रुपैया बिनियोजित भएको जस मध्य स्थानिय तर्फबाट रु.५,०००००/- (पाँचलाख रुपैया) १००% खर्च गरिएको तोकिएको ३ वटा काम सम्पन्नगरिएको छ ।
- सघं तर्फ २२ वटा कार्यक्रम को कुल बजेट २४,००,०००/- चौविस लाख विनियोजित रकम मध्य २२ वटाकाम सम्पन्न भएका छन कुल खर्च बजेट रकम रु. २,०४०,५२०(विसलाख चालिस हजार पँचसय विस रुपैया) ९०% खर्च भएको छ ।

अन्त्यमा यस नगरको सामिजक क्षेत्रको रुपान्तरणमा सहयोग पुर्याउने सरसल्लाह प्रदान गर्ने मार्गदर्सन गर्ने नगर प्रमुख ज्यू नगरउप प्रमुख ज्यू प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण शुभचिन्तक एवम् यस क्षेत्रको अभियानमा सहयोग गर्नु हुने आम नगरवासी दाजुभाइ दिदीवैनी विभिन्न संघ संस्था जनप्रतिनिधिज्यूहरु तथा सामाजिक विकास समिति अन्तर्गतका विभिन्न शाखाहरुमा काम गर्ने र नगरपलिकामा कार्यरत सवै राष्ट्सेवक कर्मचारीहरु सवैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

बिष्णु गिरी
संयोजक
सामाजिक विकास समिति

CamScanner

अनुसूची-५
(निर्णय नं. १५.२.२ सँग सम्बन्धित)

**बाणगङ्गा नगरपालिकाको पन्ध्रौ नगरसभाको बैठक २०८१ साल आषाढ १० गते सोमबारका दिन नगर उप-प्रमुख श्री रीता कुमारी चौधरीबाट प्रस्तुत भएको आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम**

यस पन्ध्रौ नगरसभाका अध्यक्ष एवं नगरप्रमुखज्यू, नगर सभाका सचिवज्यू, नगर प्रवक्ताज्यू सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,कर्मचारीवर्ग तथा पत्रकारज्यूहरु

स्थानीय तहको पुनसंरचना पश्चात स्थापित यस बाणगङ्गा नगरपालिकाको ऐतिहासिक पन्ध्रौ नगरसभामा आर्थिक वर्ष २०८१।८२ को वार्षिक वजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१. बाणगङ्गा नगरपालिकाका आदरणीय आमाबुवा, दिदि बहिनी तथा दाजुभाईहरुको अमुल्य मत प्राप्त गरी स्थानीय तहमा जनप्रतिनिधीहरुको हैसियतमा पद बहाली गरी यस पन्ध्रौ नगरसभा मार्फत स्थानीय सरकारका नीति कार्यक्रमहरु, दिग्दर्शन र निर्देशिकाका आधारमा समावेशी, सहभागितामूलक पद्दति बमोजिम लोकतान्त्रिक अभ्यासको माध्यमबाट नगरबासीका मागहरु सम्बोधन गर्ने अवसर प्राप्त भै बजेट तथा कार्यक्रम समितिको संयोजक एवं यस नगरपालिकाको उप-प्रमुखको हैसियतले पन्ध्रौ नगरसभाको बैठकमा आर्थिक बर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवशाली महसुस गर्दै नगरबासीहरुको हितलाई सर्बोपरी राख्दै कार्यकुसलताका साथ परिपक्व नेतृत्व गर्ने र नगरवासीहरुलाई हार्दिकताका साथ आत्मीय सहयोग गर्ने विशेष अवसरको रुपमा लिएको छु।

२. नगरको विकासको वार्षिक बजेट तथा कार्यक्रम तय हुन लागेको बिशिष्ट अवसरमा मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जन–आन्दोलन, संघर्ष र बलिदानबाट स्थापित गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै सम्पूर्ण प्रातःस्मरणीय ज्ञात/अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु।

३. नेपालको संविधानमा व्यवस्था भएको तीन तहको सरकारमध्ये नागरिकको दैलोको सरकार, स्थानीय सरकार मार्फत दोस्रो निर्वाचित नगर उपप्रमुखको रुपमा नगरबासीको सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण मतदाता तथा राजनीतिक दलका अग्रजहरूको योगदानलाई पनि स्मरण गर्दै हार्दिक सम्मान गर्न चाहन्छु।

४. बाणगङ्गा नगरपालिकाको दोस्रो जन–निर्वाचित नगर उपप्रमुखको रुपमा यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक वजेट प्रस्तुत गर्दै गर्दा संघियता पश्चात स्थापित यस बाणगङ्गा नगरपालिकाको संस्थागत प्रवन्धका साथै विकासको जग स्थापित गर्दै पहिलो जननिर्वाचित स्थानीय सरकारको रुपमा आफ्नो कार्य जिम्मेवारी सफलता र कुशलता पूर्वक सम्पन्न गर्नु भएकोमा निवर्तमान नगरप्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरुको योगदानको स्मरण गर्दै आभार प्रकट गर्न चाहन्छु।

५. राज्य पुनःसंरचना पश्चात् स्थानीय सरकारको रुपमा नगरको शासन व्यवस्थाको कार्यभार नगरवासीहरुको पहुँचमा आईपुग्दा नगरले जिम्मेवारी बोधका साथ विकासमा गति लिने नगरवासीहरुको आशा एवं नेपालको संविधानको परिकल्पना बमोजिम समावेशी विकास प्रणालीको माध्यमबाट समृद्धिको दिशामा अगाडी



CamScanner

वढिरहेको अवस्थामा आर्थिकमन्दिका कारण नगरपालिकाको समग्र स्रोत परिचालन तथा समग्र विकास गतिविधिहरुमा अवरोध आएको व्यहोरा सवैमा सर्वविदितै छ ।

६. आगामी आर्थिक वर्षको वजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ लगायतका विद्यमान कानुनी व्यवस्था, दिगो विकासका लक्ष्यहरुको प्राप्ती र नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा गरेको प्रतिवद्धता लगायतका विषयहरुको प्राप्तीमा टेवा पुग्ने अपेक्षा गरेको छु ।

७. नेपालको संविधानको अनुसुची ८ वमोजिमको स्थानीय तहको एकल अधिकारको सूची, अनुसची ९ बमोजिम संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा उल्लेखित अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र अन्तर्गतका विषय क्षेत्र वमोजिम आर्जित स्रोतवाट उक्त कानुनी व्यवस्था वमोजिमको क्षेत्राधिकारको अधिनमा रहि नगर विकासको मार्गचित्र कोर्ने प्रयास हामीले गरेका छौ ।

८. आगामी आर्थिक वर्षको वजेट निर्माण गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ वमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्वन गरिएको छ । वस्तिस्तरवाट असिमित माग एवं आकांक्षाहरु प्रकट भएका छन । जनताका आकांक्षाको सम्वोधन गर्नुपर्ने स्थानीय सरकारको दायित्वलाई मध्यनजर राख्दै प्राथमिकताका आधारमा सिमित स्रोत र साधनवाट नगरवासीहरुको आकांक्षा सम्वोधनको प्रयास गरिएको छ । वार्षिक वजेट निर्माण संगै तीन वर्षिय मध्यमकालिन खर्च संरचना निर्माण गरी दिर्धकालिन महत्व राख्ने आयोजना तथा कार्यक्रमका लागि वजेट सुनिश्चिता हुने व्यवस्थाको थालनी गरिएको छ ।

अध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु,

अव म आ.व. २०८१/८२ का लागि नगरपालिकाको वार्षिक लक्ष्य र उद्देश्य तथा तय गरिएका प्रथमिकताहरु प्रस्तुतिकरणका लागि अनुमति चाहन्छु ।

❖ **नीति, कार्यक्रम तथा बजेटको उद्देश्य:**

समावेशी, समानुपातिक, सहभागितामूलक कार्यक्रम संचालन गरी जनताको खुशियाली अभिवृद्धि गर्ने ।

❖ **लक्ष्य:**

दिगो विकास लक्ष्यका सूचकहरु क्रमश पुरा गरी स्थानियकरण गर्ने ।

❖ **प्राथमिकता:**

देहायका विषय क्षेत्रमा संघ, प्रदेश, स्थानीय तथा निजि क्षेत्रको लगानी अभिवृद्धि गरी प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्ने ।

क) सामाजिक विकास

ख) पूर्वाधार विकास

ग) सुशासन तथा संस्थागत विकास

घ) आर्थिक विकास

ङ) वातावरण तथा विपद व्यवस्थापन

अध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु,

**अव म आ.व. २०८१/८२ को मुख्य मुख्य कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

१. नगरका विगतका वहुवर्षिय योजना सम्पन्न गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

२. प्रदेश तथा सघीय सरकारका साथै अन्य विकास साझेदारहरु संगको सहकार्यमा कार्यक्रम संचालन हुने संघीय समपुरक अनुदान, प्रदेश समपुरक अनुदान, तराइ मधेश समुद्धि कार्यक्रम, वहुक्षेत्रीय पोषण कार्यक्रम लगायतका कार्यक्रम संचालनका लागि लागत साझेदारी रकमको व्यवस्था गरेको छ ।



CamScanner

३. समग्र कृषि तथा पशुविकासको लागि कृषि विकास प्रवद्र्धन कोष तथा पशुविकास प्रवद्र्धन कोषको व्यवस्था गरि कृषि तथा पशु विकासमा जनशक्ति व्यवस्थापन, यान्त्रिकरण तथा अनुदानका कार्यक्रमलाई व्यवस्थित गरिएको छ।

४. दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्न नगरपालिकालाई पूर्ण संस्थागत प्रशुति सेवा दिगोपना,बालमैत्री दिगोपना , पूर्ण खोप दिगोपना सुनिश्चत तथा पोषणमैत्री नगरपालिका र पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणा गर्न आवस्यक नीतिगत र संस्थागत व्यवस्था गरिएको छ ,

५. समग्र नगरपालिकाको समुन्नतिकालागि बाण्ड बाणगंगा तथा बिलिभ बाणगंगा अभियान सञ्चालन गर्न आवस्यक प्रबन्ध मिलाइने छ।

अध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु,

अव म आ.व. २०८१/८२ को मुख्य मुख्य विषय क्षेत्रगत कार्यक्रम तथा विनियोजनको प्रारुप प्रस्तुत गर्न चाहन्छु। जसबाट जनताको खुशियाली अभिबृद्धिमा महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु।

क) **सामाजिक विकास:**

१. बर्थिङ सेन्टर संचालन, सबै वडामा स्वास्थ्य सेवा संचालन, शहरी स्वास्थ्य क्लिनिक, ज्येष्ठ नागरिक दिवा सेवा कार्यक्रम, लामो समय सम्म कार्यरत सेवा वाट अवकास लिन चहाने महिला स्वयंसेविकाहरुको लागि सम्मान स्वरुप अवकास कोषको व्यवस्था गरिएको छ।

२. जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन तथा विस्तारका साथै लक्षित बर्गको शशक्तिकरण कार्यक्रम तथा तालिममा विविधिकरण कार्यक्रम संचालन गरिनेछ।

३. वालमैत्री नगरपालिकाको साखलाई कायम राख्न आवश्यक कार्यक्रम संचालन गरिनेछ। वालमैत्री दिगोपनाको रणनीतिक योजना वमोजिमका कार्यक्रम संचालनका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ।

४. शिक्षा क्षेत्रमा आवश्यक पूर्वाधार विकास एवं लगानी गर्ने नीतिगत व्यवस्था अनुरुप शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरिएको छ। विद्यालय भवन लगायत पर्वाधार विकास, शैक्षिक गुणस्तर सुधार लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

५. युवा तथा खेलकुद विकासका लागि मेयरकप फुटवल, उपमेयरकप भलिवल प्रतियोगिता संचालन गरिनेछ। नगरक्षेत्रमा सुविधा सम्पन्न कवर्डहल निर्माण तथा रंगशाला निर्माणका लागि वजेट व्यवस्था गरिएको छ। सवै वडामा खेलपूर्वाधारको विकास गरिनेछ।

६. नगर भित्र संस्कृति प्रवद्र्धन तर्फ प्रगति हासिल गर्न नगरका सबै जातजातिहरुको चाडपर्व, धर्म, कला, साहित्य, कला संरक्षण र मेला महोत्सवलाई जोड दिँदै बजेटको व्यवस्था गरिएको छ।

७. सामाजिक विकास अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रु. ३८ करोड ८६ लाख ६२ हजार सहित सामाजिक विकास तर्फ कुल रु. ९१ करोड ११ लाख ५१ हजार ( ५६.०८ प्रतिशत) बजेट विनियोजन गरिएको छ।

ख) **आर्थिक विकास:**

१. विकासको मेरुदण्डको रुपमा रहेको आर्थिक विकास अन्तर्गत मकै पकेट विकासकार्यक्रम, कृषि प्रसार ७०/३० लागत साझेदारीमा किसान अनुदान, मल तथा उन्नत जातका विउ वितरण, किसानका लागि



CamScanner

प्राविधिक सेवा, वस्तुगत टेवा लगायतका कार्यक्रमहरु संचालन गरिनेछ । वडा नं. ४ को कृषि हाट बजार तथा वडा न. ११ को कृषि उपज संकलन केन्द्र र कोशेली घरलाई थप व्यवस्थित गरिने छ ।

२. पशुसेवा अन्तर्गत पशु उपचार तथा खोप कार्यक्रम, नश्ल सुधार कार्यक्रम, मासु तथा दुधमा आत्मनिर्भर हुने तर्फ पशुसेवाका कार्यक्रमहरु केन्द्रित हुनेछन ।

३. धार्मिक तथा पर्यापर्यटन प्रवद्र्धन अन्तर्गत नगरका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र सेमेटि बाणगंगा सर्किट घोषणा गरी पर्यटन गुरुयोजना निर्माण गरिनेछ । पर्यटन गुरुयोजना अनुसार कार्य सम्पादन गर्न अवस्यक बजेटको व्यवस्था गरिएको छ ।

४. सहकारी नियमन तथा प्रवद्धनात्मक कार्यक्रम संचालन, व्यवसय दर्ता अभियान लगायत आर्थिक विकासका कार्यक्रमहरुका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

५. आगामी आर्धिक बर्षका लागि आर्थिक विकास तर्फ कुल रु. ७ करोड २७ लाख ७४ हजार ( ४.४८ प्रतिशत ) विनियोजन गरिएको छ ।

ग) **पूर्वाधार विकास तर्फ:**

१. सहरी पूर्वाधार निर्माणका लागि नाली सहितको सडक निर्माण, पुराना सडक मर्मतका लागि मर्मत लगायतका दिर्घकालिन माहत्व राख्ने नगर गौरवका योजनाहरु लगायत सहरी पूर्वाधारका विभिन्न आयोजनाहरु कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

२. चालु आर्थिक बर्षको दायित्व समेत बाँकी रहने देखिएका आयोजनाहरुको निरन्तरता लगायतका कार्यक्रमहरु तय गरिएको यस क्षेत्रमा वडास्तरबाट पूर्वाधार विकास तर्फ अत्यधिक माग भएता पनी नगरको बजेटले सम्भव भएसम्म सबैक्षेत्रलाई प्राथमिकताका आधारमा सामानुपातिक तवरले सम्बोधन गर्ने प्रयास गरिएको छ ।

३. पूर्वाधार विकास अन्तरगत रु. ४१ करोड ६९ लाख ९९ हजार(२५.५७प्रतिशत) विनियोजन गरिएको छ ।

घ) **वातावरण तथा विपद् व्यवस्थापन**

१. नगर क्षेत्रका फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला उद्योग निर्माण, बैकल्पिक उर्जा प्रबर्धन र प्रकोप व्यवस्थापन कोष परिचालन लगायतका कार्यको लागि आवस्यक बजेटको व्यवस्था गरिएको छ ।

२. वातावरण सन्तुलनका लागि बन व्यवस्थापन , जलवायुअनुकुलन कार्यक्रम, जलवायु अनुकुलन योजना निर्माण ,भु संवेदनशील योजना निर्माण कार्यमा आवस्यक बजेट विनियोजन गरिएको छ ।

३. महामारीका साथै वढी पहिरो डुवान कटान आगलागी जस्ता विपदहरुको समना गर्दै नागरिको जीवनरक्षाका लागि नगरपालिकाको क्षमता सुदृढ राख्न जरुरी रहेकोले विपद व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

४. समग्र वातावरण तथा विपद् व्यवस्थापनको लागि २ करोड २ लाख १० हजार (१.२४ प्रतिशत) विनियोजन गरिएको छ ।

ङ) **सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र:**

१. सुशासन कायम गर्न सक्षम कर्मचचारीतन्त्रको आवश्यकतालाई मध्यनजर राख्दै कर्मचारी तथा पदाधिकारीको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । नगरपालिकाको प्रशासकीय भवनको सौन्दर्यीकरण गर्न र निर्माणधिन वडा कार्यालयहरुको भवन निर्माण कार्य सम्पन्न गर्नुका साथै भवन निर्माण हुन बाँकी वडाहरुको कार्यायलय भवन निर्माण गरिनेछ । सो का लागि रु. ३ करोड विनियोजन गरिएको छ ।

२. कर्मचारी तथा पदाधिकारी लगायत समग्र नगरको विकासका लागि क्षमता विकास गर्ने कार्यलाई व्यवस्थित गर्न नगर क्षमता विकास योजना निर्माण र क्षमता विकासका कार्यक्रम संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ।

बाणगंगा नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को स्थानीय तह संस्थागत स्वमूल्यांकनको प्रतिवेदन,स्थानीय तह वित्तीय जोखिम मूल्यांकन प्रतिवेदन,स्थानीय आर्थिक विकास मूल्यांकन, नगरपालिकाको सडक पुल, सार्वजनिक जग्गा लगायतका सार्वजनिक सम्पत्तिको विवरण र आर्थिक वर्ष २०८०।८१को वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना कार्यान्वयनको अवस्था समिक्षा तथा स्वीकृतिका लागि यस सम्मानित सभासमक्ष पेश गरेको छु।

३. बाणगङ्गा नगरपालिकामा गैर सरकारी संस्थाहरुकातर्फबाट कार्यान्वयन हुने गरी पेश गरीएको कार्यक्रम तथा वजेट समेत स्वीकृतिका लागि पेश गरेको छु। कार्यालय संचालन तथा प्रशासनिक तर्फ रु. १७ करोड ५० लाख बिनियोजन गरिएको छ।

४. समग्र संस्थागत विकास तथा सेवा प्रवाहको लागि २० करोड ३५ लाख ५० हजार (१२.५३ प्रतिशत) विनियोजन गरिएको छ।

नगर सभाका अध्यक्ष महोदय एवं सदस्यज्युहरु

- ✓ यसरी प्राथमिकताका आधारमा बजेट बिनियोजन गर्दा आगामी आर्थिक बर्ष २०८१/८२ को कुल खर्च चालु तर्फ रु. १ अर्व १५ करोड ४० लाख ३० हजार र पूँजीगत तर्फ रु. ४७ करोड ०६ लाख ५४ हजार जम्मा बजेट रु. १ अरब ६२ करोड ४६ लाख ८६ हजार बिनियोजन गरिएको छ जुन अंक चालु खर्च तर्फ ७१.०३ प्रतिशत ,सामाजिक सुरक्षा समेत र पूँजीगत तर्फ २८.९७ प्रतिशत रहेको छ।
- ✓ माथी प्रक्षेपण गरिएको कुल व्यय अनुमानको व्यवस्थाको लागि आन्तरिक स्रोत (अ.ल्या.,मालपोत रजिष्ट्रेशन,प्रकृतिक स्रोत,अन्य कर दस्तुर समेत)तर्फ रु. २८ करोड, ५० लाख बाह्य स्रोत तर्फबाट रु. ९५.करोड १० लाख २४ हजार ,सामाजिक सुरक्षा तर्फ रु. ३८ करोड ८६ लाख ६२ हजार गरी जम्मा रु. १ अरब ६२ करोड ४६ लाख ८६ हजार अनुमान गरिएको छ।
- ✓ आन्तरिक स्रोत तर्फको आय अनुमान गर्दा नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिस बमोजिमका परिवर्तित करका दरहरुलाई आधार मानिएको छ। यस बजेटको तयारी गर्दा करका दरलाई सामान्य हेरफेर गरी दायरा वढाउने तर्फ ध्यान केन्द्रित गरिएको छ।

योजना तथा कार्यक्रमको विवरण अनूसुचीमा व्यवस्था गरिएको छ

अन्त्यमा,

- ✓ सिमित श्रोत साधनका आधारमा तयार पारिएको यस वजेटको सफल कार्यान्वयन बाट नगरबासीहरुको समृद्धिको चहान पुरा गर्न सहयोग पुग्ने र यस नगरका विगतका नगर सभाले निर्णय गरी कार्यान्वयन गरिएका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक बर्षको लागि निरन्तरता दिंदै सफल कार्यक्रम र नीतिहरुलाई आत्मसाथ गर्ने उद्देश्यलाई निरन्तरता दिई नगरबासीहरुलाई आ–आफ्नो क्षेत्रबाट नगरका पहलकदमीहरुलाई सहयोग गर्न प्रेरित गराउने प्रयास गरिएको छ।समावेशी एवं सहभागितामूलक विकास पद्धतीमा टेवा पुग्ने, दिगो आर्थिक वृद्धि र विकासद्धारा आर्थिक आत्मनिर्भरता वृद्धि हुने, राजश्व अभिवृद्धिमा उच्चतम लक्ष्य लिईएको तथा विकास क्रियाकलापको संचालनको माध्यमबाट रोजगारी श्रृजना भई गरिवी न्यूनीकरणमा सघाउ पुग्ने र समग्रमा "बाण्ड बाणगंगा बिलिभ बाणगंगा" अभियानलाई टेवा पुग्दै जानेमा बिश्वस्त रहेको छु।



CS CamScanner

✓ यो बजेट तयार गर्ने कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने नगरका सबै निर्वाचित जनप्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, सरकारी कार्यालयका प्रमुखज्यूहरु, नागरिक समाज, संचार जगतका मित्रहरु, गै.स.स.तथा नीजि क्षेत्र, दातृ निकाय, सञ्चार माध्यम, नगर कार्यापालिकाको कार्यालयका कर्मचारीहरु लगायत सवैमा हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दै प्रस्तुत वजेट सफल कार्यान्वयनको लागि सरोकारवाला सवैको रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद।

इति सम्वत २०८१ आषाढ १० रोज २ मा शुभम्

रीता कुमारी चौधरी
उप-प्रमुख
बाणगंगा नगरपालिका

अनुसूची-६
(निर्णय नं. १५.२.५ सँग सम्बन्धित)

**बाणगङ्गा नगरपालिकाको १५औं नगरसभामा प्रस्तुत भएको समसामयिक तथा सार्वजनिक महत्वका प्रस्तावहरु**

नगर सभा अध्यक्षज्यू, सभा उपाध्यक्षज्यू, सभाका सचिवज्यू, सम्पूर्ण वडा अध्यक्षज्युहरु, कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, राष्ट्रसेवक साथीहरु एवं सुरक्षाकर्मी साथीहरुः

अव म यस गरिमामय नगरसभामा बाणगङ्गा नगरपालिकाले प्राथमिकतामा राखी कार्यक्रम गर्नुपर्ने सार्वजनिक महत्वका विषयहरु प्रस्तुत गर्न चाहान्छु ।

**सार्वजनिक महत्वका प्रस्तावहरुः**

१. अन्तर तह समन्वयलाई अझ बढी प्रभावकारी बनाई संघ तथा प्रदेश मन्त्रालयहरुसंग समन्वयलाई अझ बृद्धि गर्दै विकास निर्माणका ठूला तथा अत्यावश्यक योजनाहरुलाई तत्काल कार्यान्वयनमा ल्याउने गरी व्यवस्था गर्न आवश्यक देखिन्छ।

२. लागु औषध दुर्व्यसनी एउटा मन्द विषयको रुपमा फैलिरहेको र भविष्यमा यसलाई नियन्त्रण तथा व्यवस्थापन गर्न ठूलो आर्थिक व्यय हुने सम्भावना सहित विकरान स्थिती देखा परेको छ। विभिन्न हत्या, हिंसा, बलात्कार जस्ता जघन्य अपराधका घटनाहरु बढ्नुमा पनि लागु औषध दुर्व्यसनीको प्रभाव रहेको छ। तसर्थ यसलाई बैलैमा नियन्त्रण गर्न र यस विषयमा गम्भिर हुन समस्त सरोकारवालाहरु, राजनीतिक दल र जनप्रतिनिधिहरु लाग्न आवश्यक छ।

३. बाणडगङ्गा नगरपालिकाको अर्को मुख्य समस्याको विषय रहेको फोहोरमैला व्यवस्थापन नीति तथा बजेटमा यो विषयले प्राथमिकता पाउने गरेको भएतापनि हालसम्म स्थायी रुपमा समाधान हुन नसक्दा जनताको धरै गुनासो आईरहेको छ। तसर्थ यसलाई छिटो छरितो र दीर्घकालिन रुपमा व्यवस्थापन गर्न आवश्यक छ ।

४. हाल यस नगरभित्र छाडा गाईको व्यापक समस्या देखिएको छ। यसको अस्थायी रुपमा समाधान भएतापनि यसलाई नियन्त्रण गर्ने ठोस मेकानिजम नबन्दा सम्म बाहिर रहेका सबै गाईवस्तुहरुलाई कुनै निश्चित स्थानमा दाना पानीहरुको व्यवस्थापन गरी गौं संरक्षण गर्नुपर्ने र किसानहरुको बालीनाली नष्ट हुनबाट जोगाउन तत्काल ट्याग लगाई दिर्घकालिन रुपमा व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

५. आकस्मिक रुपमा आउने विपद्का कारण गरिव दुःखीहरुको स्वास्थ्यमा प्रभाव नपरोस् भन्ने हेतुले यस क्षेत्रका सम्बन्धित जनप्रतिनिधि, महिला स्वयंसेविका र सबै स्वास्थ्य संस्थाहरुले जनधनको न्यूनीकरण गर्न अपनाउनुपर्ने कार्ययोजना बनाई लागु गर्न आवश्यक देखिन्छ।

६. समय समयमा हुने शितलहर, खडेरी, आगलागी, बाढी, डुवान जस्ता विपद्का घटनाहरुलाई समयमै कम भन्दा कम क्षति हुने गरी हुनसक्ने विपद् व्यवस्थापनको तयारी अत्यन्तै आवश्यक देखिएको छ।

७. स्वस्थ खानेपानीको अवधारणा अनुसार एक घर एक धाराको नीतिलाई पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि यस नगरपालिका भित्र रहेका खानेपानी सेवा प्रदायक संघ संस्थाहरुसँग समन्वय सहकार्य गरी हरेक वडावासीहरुलाई स्वस्थ खानेपानीको व्यवस्था गर्न अत्यन्त आवश्यक देखिन्छ।

८. हालको स्रोत साधनको प्रयोग गर्दै भविष्यका सन्ततीहरुलाई समेत स्रोत साधनको उपयोगको ग्यारेन्टीको व्यवस्था गर्नु हामी सबैको कर्तव्य हो। यसैले वातावरण मैत्री स्थानीय सरकार बनाउनको लागि टोल टोल वडा वडाबाट पूर्ण वातावरण युक्त समुदाय, टोल, वडा घोषणाको लागि कार्यक्रमहरु ल्याउन अत्यावश्यक देखिन्छ।

९. DPR तयार गरी लामो समयसम्म बजेटको व्यवस्था गर्न नसक्दा DPR मा गरिएको लगानी खेर जाने र धेरै वर्षको अन्तरालमा उक्त DPR पुन Revised गर्नुपर्ने भएकोले DPR निर्माण भएका त्यस्ता योजनाहरुलाई नगरको योजना बैंकमा अनिवार्य समावेश गरी प्राथमिकताका साथ कार्यान्वित गर्दै जानुपर्ने देखिन्छ।

१०. हाल नगर तथा वडा र अर्न्तगतका संस्थाहरुमा सबै किसिमका कार्यहरुको लागि सूचना प्रविधिमा आधारित सफ्टवेयरहरु जडान गरी प्रयोगमा ल्याउँदै आएको छ। यसलाई एकद्वार प्रणालीबाटसबै डिजिटल कार्यहरु संघीय सफ्टवेयरहरु प्रयोग गरी एकद्वार प्रणाली कायम गर्नु आजको आवश्यकता छ।

११. कृषि क्रान्तिको अवधारणालाई कार्यान्वयन गर्न नगरभित्र रहेका साझेदारी वन, सामुदायिक र सार्वजनिक वनहरुसँगको समन्वय, सहकार्य र लागत सहभागितामा हरेक समुदायहरुलाई कृषिमा जोड्दै आर्थिक उत्पादनमुखि नगर र नगर सम्मृद्धि तर्फ जोड दिन आवश्यक देखिन्छ।

१२. शिक्षामा गुणस्तर वृद्धि गर्न सामुदायिक विद्यालयहरुलाई व्यवस्थित गर्दै बाणगङ्गा नगरपालिकालाई शैक्षिक ब्रान्डको रुपमा चिनाउन प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ।

१३. बढ्दो प्रविधिको उपयोगका कारण जनप्रतिनिधि एवं कर्मचारीहरु प्रविधिमा अनविज्ञ नहोउन भन्ने उद्देश्यका साथ समय समयमा प्रविधि प्रयोग सम्बन्धी प्रशिक्षण जस्ता कार्यक्रमहरुको आयोजना गर्नुपर्नेछ।

**सभा अध्यक्ष्यज्यू, सभा उपाध्यक्ष्यज्यू, सचिव ज्यू र नगर सभा सदस्यज्यूहरु**

अन्त्यमा यि समसामयिक तथा सार्वजनिक महत्वका प्रस्तावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न समस्त सरोकारवाला, राजनितिक दल, जनप्रतिनिधि, संघसंस्था एवं सम्पूर्ण नगरबासीहरुको आ-आफ्नो तह र तप्काबाट जिम्मेवारीपूर्वक लाग्नुहुनेछ र समृद्ध बाणगङ्गा नगरपालिकाको मूल आधार आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार भन्ने अवधारणा साकार हुने छ भन्ने पूर्ण विश्वास सहित बिदा हुन चाहान्छु।

धन्यवाद, नमस्कार !

टेक बहादुर झेडी मगर
वडा अध्यक्ष

अनुसूची-७

## १५औं नगरसभामा नगरसभा सदस्यहरुले राखेका भनाईहरुः

**जुनादेवी थारु वडा नं. ८**

- योजना प्रस्ताव प्रत्येक वर्ष गरिरहेको तर बजेट व्यवस्थापन हुन नसकेको
- आफुले आफ्नो निजि स्वार्थको लागि नमागेको र जनहितका योजनाहरु रहेकोले बजेट संसोधन सहित समावेस गरिदिनुहुन अनुरोध

**चुरामणी अर्याल**

- ५ लाख भन्दा तलका योजनाहरु वडामा सम्झौता गर्न सक्ने भए वडाबासीहरुले सहजता महसुस गर्न सक्थे यो व्यवस्था गर्नुपर्छ ।
- सामाजिक सुरक्षालाई व्यवस्थित गर्न नेपाल सरकारले ल्याएको सामाजिक सुरक्षा प्रणालीमा आवद्ध हुन जेष्ठ नागरिकहरुलाई निकै असहज भएको छ नगरपालिकाले सहज वातावरण मिलाउनुपर्ने
- ७९,७५,००० लाख एउटै सामान्य संस्थामा बजेट व्यवस्थापन हुनु उपलब्धी मूलक देखिदैन नगरपालिकाले उपलब्धी प्राप्त हुने गरी प्राथमिकता दिनु पर्ने
- औधोगिक ग्रामको निर्माणलाई निरन्तरता दिनुपर्ने मा खासै प्राथमिकता पाएको पाईएन ।
- लोगो सबै जनप्रतिनिधिलाई उपलब्ध गराउनुपर्ने
- जनप्रतिनिधिको भविश्य के हुने निश्चित भएन ५ वर्ष पछि के गर्ने हो ?
- आर्थिक संकटको बेलामा कृषिमा सिफारिस लिन आउनेलाई निशुल्क गर्न पाय किसानहरुलाई सहजता हुने थियो ।

**टोपकला बि.सी. वडा नं. १**

- कम उपस्थितीले सु-शासन नभएको पाईयो ।
- लैंङगिक योजना सम्मन्धित सरोकारवालाहरुलाई नै कार्यान्वयन गर्न दिनुपर्ने
- बाणगङ्गा पुस्ताकालयमा बजेट व्यवस्थापन भएन गर्नुपर्ने थियो ।
- गजेहडा खोला व्यवस्थित गर्न बजेटको आवश्यक छ यसलाई नगरको नितिभित्र समाहित गरी संरक्षण गर्न आवश्यक छ ।
- अव्यवस्थित बसाई र सार्वजनिक जग्गा अतिक्रमण भए नदी नियन्त्रणका कार्य गर्नुपर्ने
- दिगोरुपमा सञ्चालन हुने गरी योजना कार्यान्वयन गर्नुपर्यो नत्र जनप्रतिनिधिको कार्यकालमात्र होला जस्तो देखिन्छ ।

CamScanner

**कुमारी पौडेल – वडा नं. ४**

- आफ्नो टोलमा रहेको स्वास्थ्य चौकीमा बजेट व्यवस्थापन कुनै पक्षबाट भएन
- बजेटको प्राथमिकतामा राख्नुपर्ने थियो।
- भूमिहिन सुकुम्बासी प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेन नसक्ने कारण के हो ?
- जटिल रोगहरुमा आर्थिक व्यय भएको छ नगरपालिकाले यसको उपचारको लागि सहयोग उपलब्ध गर्न सके राहत पाउने थिए।

**ईमकला वडा नं. ११**

- शिक्षा, स्वास्थ्यमा खासै देखिने गरि बजेट आएन
- गुनासो राखेको राखै नगरले सुनिदिनु पर्यो तालि बजाउने मात्र कार्यक्रम भईरहेको छ।
- विद्यालय जाने बाटोहरु स्तरोन्नती गर्न तर्फ ध्यान दिनुपर्यो।
- आवश्यकताको आधारमा योजनाहरुलाई प्रथमिकता दिनुपर्यो।
- गाई व्यवस्थापन गर्दा पराल गाउँलेले उपलब्ध गराउने थिए गाडीको व्यवस्था गरिदिनुपर्यो।
- गौ व्यवस्थापनको लागि समुदाय सहकार्य गर्न तयार रहेको
- नगरसभामा महिला लक्षित कार्यक्रमहरु महिलाले नै गर्नुपर्यो।
- अव महिलाको कार्यक्रम महिलाले गर्न पाईएन भने हामी कार्यक्रमको भुक्तानीको सिफारिस गर्दैनौ।

*अनुसूची-क*

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## १५औं नगरसभा

## १५औं नगरसभाको कार्यसूची र समय तालिका

**सभा संख्याः १५** **प्रथम बैठक** **सभा संचालन स्थानः कार्यालयको सभाहल**

**अध्यक्षताः श्री चक्रपाणी अर्याल** **मितिः२०८१।०३।०५**

| बैठक बस्ने समय ७:०० बजे | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफ |
|---|---|---|---|
| विहान | राष्ट्रिय गान | | |
| ०८:०० | सभाको अध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| ०८:०० | कार्यक्रम शुरु भएको घोषणा<br>सम्बोधन<br>शहिदहरु प्रति मौनधारण | | |
| ०८:१० | आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रम | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| ०९:०० | महालेखा परीक्षकको कार्यालयद्वाराआ.व. २०७९।०८० सम्मको अन्तिम लेखा परीक्षण हुँदा औल्याईएका नियमित गर्नुपर्ने बेरुजु सम्परीक्षण गर्ने सम्बन्धमा । | श्री टेक बहादुर झेंडी मगर | |
| ९:१० | न्यायिक समितिको प्रतिवेदन | नगर उपप्रमुख एवम् नगर सभा उपाध्यक्ष | |
| ९:२० | आर्थिक विधेयक, २०८१ | नगर उपप्रमुख एवम् नगर सभा उपाध्यक्ष | |
| ०९:३५ | नीति तथा कार्यक्रमका र लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा सभामा आफ्नो केही भनाई भए राख्ने | | |
| ०९:५० | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्ने | | |
| १०:०० | विविध निर्णय प्रस्ताव | १. नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा,<br>२. आर्थिक विधेयक स्वीकृत सम्बन्धमा,<br>३. बेरुजु फछर्यौट तथा नियमितको लागि म.ले.प.मा सिफारिस सम्बन्धमा,<br>४. आन्तरिक आयको ठेक्का सम्बन्धमा<br>५. विविध | |
| | कार्यक्रमको समापन | | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

उपाध्यक्ष ज्यू

नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु

सचिव ज्यू र राष्ट्रसेवक कर्मचारीहरु

✓ म आजको यस १५औं नगर सभा शुरुवात भएको जानकारी गराउन चाहन्छु।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु प्राप्तिको लागि विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र सम्पूर्ण शहिदहरुको सम्झनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु।

मौन धारणको लागि समय शुरु हुन्छ .......................................................................

धन्यवाद

सदस्यज्यूहरु अव म यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

*******************

- बाणगङ्गा नगरपालिकाको न्यायिक समितिको प्रतिवेदन प्रस्तुत गरिदिनुहुन यस सभाका सभा उपाध्यक्ष एवम् नगर उपप्रमुख रीताकुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु।
- अव यस बाणगङ्गा नगरपालिकाको आ.व.२०७९।०८० को वित्तिय विवरण तथा कारोबारको वार्षिक लेखा परीक्षण प्रतिवेदनमा औल्याईएका विषय र ति विषयहरुलाई फछ्यौंट तथा नियमित गर्न निर्णय गर्नुपर्ने विषयलाई यस नगर सभामा प्रस्तुत गर्न लेखा समिति संयोजक श्री टेक बहादुर झेडी मगरलाई अनुरोध गर्दछु।
- यस बाणगङ्गा नगरपालिकाको आन्तरिक आय सङ्कलन कार्यको लागि आगामी आ.व. ०८१।०८२ मा लगाईने शुल्क तथा दस्तुर सम्बन्धी करहरुका दर सहितको बिधेयक आर्थिक विधेयक, २०८१ प्रस्तुत गरिदिनुहुन यस सभाका सभा उपाध्यक्ष एवम् नगर उपप्रमुख रीताकुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु

भर्खर प्रस्तुत भएको बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष ०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक, २०८१ र आर्थिक वर्ष २०७९।०८० को वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा कुनै सदस्यहरूको केही टिप्पणी वा संशोधन वा थप घट गर्नुपर्ने

भए आफ्नो भनाई राख्न ईच्छुक सदस्यलाई ३/३ मिनेट समय उपलब्ध गराउँदछु । ईच्छुक कोहि भए हात उठाएर आफ्नो नाम टिपाउनुहोला ।

सदस्यहरु:-

१.

२.

३.

**नगरसभा सदस्यहरुबाट प्राप्त भएका टिप्पणी, संशोधन र थप घट गर्नुपर्ने विषयहरुलाई सम्बोधन .....**

**सभा अध्यक्ष मार्फत यस सम्मानित १५औं नगर सभामा पेश भएको बाणगङ्गा नगरपालिकाको आ.व.२०८१।०८२ को नीति तथा कार्यक्रम संशोधन सहित स्वीकृतिका लागि पेश गर्दछु ।**

पेश भएको नीति तथा कार्यक्रमलाई संशोधन सहित स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले आर्थिक वर्ष २०८१।०८२ को बाणगङ्गा नगरपालिकाको नीति तथा कार्यक्रम स्वीकृत भएको घोषणा गर्दछु ।

**यस नगरपालिकाको आ.व.२०७९।८०को वित्तिय विवरण तथा कारोबारको वार्षिक लेखा परीक्षण गर्दा महालेखा परिक्षकको कार्यालयबाट औल्याईएका विषयहरु माथि छलफल गर्न लेखा समिति संयोजक टेक बहादुर झेँडी मगर मार्फत पेश भएको बेरुजु फछर्यौट र नियमित गर्नुपर्ने विवरण स्वीकृतिका लागि पेश गर्दछु ।**

पेश भएको लेखा परीक्षण प्रतिवेदन र नियमित गर्नुपर्ने विषयलाई स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

CamScanner

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को लेखा परीक्षण प्रतिवेदनबाट औल्याईएका वेरुजुहरु फर्छ्यौटको लागि नियमितको गर्न स्वीकृत भएको घोषणा गर्दछु ।

**नगर उपप्रमुख एवं सभा उपाध्यक्ष मार्फत पेश भएको यस नगरपालिका अन्तर्गत आ.व.२०८१।८२ मा न्यायिक समितिको प्रतिवेदन स्वीकृतिका लागि पेश गर्दछु ।**

पेश भएको न्यायिक समितिको प्रतिवेदनलाई स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले बाणगङ्गा नगरपालिकाको न्यायिक समितिको प्रतिवेदन स्वीकृत भएको घोषणा गर्दछु ।

**नगर उपप्रमुख एवं सभा उपाध्यक्ष मार्फत पेश भएको यस नगरपालिका अन्तर्गत आ.व.२०८१।८२ मा आन्तरिक आयको लागि सङ्कलन गरिने राजस्वका दरेटहरु सहितको आर्थिक विधेयक, २०८१ स्वीकृतिका लागि पेश गर्दछु ।**

पेश भएको आर्थिक विधेयकलाई स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले बाणगङ्गा नगरपालिकाको आर्थिक विधेयक, २०८१ स्वीकृत भएको घोषणा गर्दछु ।

CamScanner

सदस्यज्यूहरु,

**हामी १५औं नगरसभाको प्रथम बैठकको अन्त्यतिर आईसकेका छौं,**

यस नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रमको तयारीको क्रममा अमुल्य सुझाव दिनुहुने संघ संस्था, संघ संगठन का पदाधिकारी एवं प्रतिनिधि, राजनीतिक दलका पदाधिकारी एवं प्रतिनिधि, माननीय संविधान सभा सदस्य, माननीय प्रदेश सभा सदस्य, माननीय प्रदेश योजना आयोगका उपाध्यक्ष, माननीय निवर्तमान प्रतिनिधि सभा सदस्य ज्यूहरु, र माननीय राष्ट्रिय सभा अध्यक्षज्यूलाई म स्वयम् र सबै नगर सभा सदस्यहरुको तर्फबाट हृदयदेखि धन्यवाद दिन चाहान्छु ।

*साथै*

बाणगङ्गा नगरपालिकाको आजको यस १५औं नगरसभालाई व्यवस्थित र मर्यादित ढङ्गबाट अगाडि बढाउन सहयोग गर्ने सबै नगर सभा सदस्यज्यूहरु र कार्यक्रम व्यवस्थापन गर्ने सबै कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै आजको यो १५औं नगर सभा अधिवेशनको प्रथम बैठक समापन भएको घोषणा गर्दछु र अधिवेशन निरन्तर चलिरहने जानकारी गराउँदै नगरसभा अधिवेसनको दोस्रो वैठक आगामी १० गते ....................दिउँसो .............. बजेदेखि सञ्चालन हुने व्यहोरा समेत जानकारी गराउँछु ।

चक्रपाणी अर्याल

नगर प्रमुख